# रातो खबर

Ratokhabar weekly
साप्ताहिक

**ऐतिहासिक तथा दुर्लभ पुस्तक प्रकाशित !**

नेकपा (बहुमत) का नेता सुदर्शनद्वारा अनुवाद गरिएको कार्ल मार्क्सको ऐतिहासिक तथा दुर्लभ पुस्तक 'कार्ल मार्क्स : १८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' पुस्तक प्रकाशित भयो ! बेलैमा आफ्नो प्रति सुरक्षित गर्नुहोला ।




सम्पर्क : नेकपा (बहुमत) केन्द्रीय प्रकाशन तथा प्रचार विभाग र रातो खबर प्रकाशन गृह, काठमाडौँ । सम्पर्क फोन : ९८५१०३३१९४

वर्ष ७, अङ्क ४१, पूर्णाङ्क ३११ | २०७९ वैशाख २८ गते बुधबार | Wednesday, 11 May 2022 | www.eratokhabar.com | मूल्य रु. १०

**विशेष सम्पादकीय**

## संसद्वादी संशोधनवादसँग ऐतिहासिक विद्रोह

राजनीतिक जीवनमा कहिलेकहीँ आन्तरिक विद्रोह पनि ऐतिहासिक महत्वका हुने गर्छन् । नेपालको कम्युनिस्ट आन्दोलनमा वर्गसङ्घर्षसँगै कतिपय सन्दर्भमा अन्तरसङ्घर्षहरू पनि ऐतिहासिक महत्वका हुने गरेका छन् । उदाहरणका लागि कम्युनिस्ट आन्दोलनका प्रथम गद्दार घोषित मनमोहन अधिकारी प्रवृत्तिका विरुद्धको विद्रोह, गद्दार केशरजङ्ग रायमाझी प्रवृत्तिविरुद्धको विद्रोह, आत्मसमर्पणवादी माले समूहसँगको विद्रोह, मध्यमपन्थी अवसरवादी एमबी-लामा समूहहरूसँगका विद्रोहहरू, साठीको दशकको उत्तरार्द्धमा आत्मसमर्पणवादी प्रचण्ड-बाबुरामको गद्दारीविरुद्धको विद्रोह, सत्तरीको दशकको आरम्भमै वैद्य समूहको छद्म संशोधनवाद-अकर्मण्यतावादविरुद्धको विद्रोह र यो दशकको उत्तरार्द्ध अर्थात् कथित एकीकृत जनक्रान्तिका प्रवर्तक, संसद्वादी संशोधनवादका पछिल्ला खलनायक नेत्रविक्रम चन्द-खड्गबहादुर विक समूहमाथिको कारबाही, विद्रोह र नेकपा (बहुमत) को निर्माण यी नेपाली कम्युनिस्ट आन्दोलनका ऐतिहासिक र दीर्घकालीन महत्वका विद्रोहहरू हुन् । पुनर्गठित नेकपा (बहुमत) ले मार्क्सवाद-लेनिनवाद-माओवाद पुरानो भयो भन्दै नयाँका नाममा 'जनताको बहुदलीय जनवाद', 'एक्काईसौँ शताब्दीमा जनवादको विकास', 'एकीकृत जनक्रान्ति', 'शान्तिपूर्ण सङ्क्रमण', 'युरो कम्युनिज्म' का नाममा पुरानै संसदीय पुँजीवादी व्यवस्थामा फर्कने संसदीय संशोधनवादका विरुद्ध दृढतापूर्वक लड्दै मालेमावादको रक्षा, प्रयोग र विकास गर्ने प्रतिबद्धता व्यक्त गरेर आफ्नो ऐतिहासिक विद्रोह र जिम्मेवारीबोध प्रकट गरेको छ । यो सलामयोग्य कार्य हो । सबैखाले प्रतिक्रियावाद, अवसरवाद, सुधारवाद, संशोधनवाद र संसद्वादका विरुद्ध विद्रोह गर्ने हिम्मत गर्ने र क्रान्तिकारी आन्दोलनको खाका प्रस्तुत गर्ने योद्धाहरू बधाईका पात्र छन् । यो ऐतिहासिक विद्रोहले फेरि एकपटक संसद्वादी संशोधनवादले प्रतिक्रियावादी संसद्वादी रछ्यानमा फ्याल्नै लागेको मालेमावादको झन्डाको रक्षा गरेको छ । यसलाई वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुर्‍याउने ऐतिहासिक जिम्मेवारी र दायित्व पनि अब नेकपा (बहुमत) कै काँधमा आइपुगेको छ । यो ऐतिहासिक र महत्वपूर्ण कार्यभार हो । यसले नेपालको वर्गसङ्घर्षको इतिहासमा दिइएका सबैखाले धोकाधडीका विरुद्ध निरन्तर सङ्घर्ष गर्दै वैज्ञानिक समाजवाद-साम्यवाद स्थापना गर्ने दायित्व निर्वाह गर्नुपर्नेछ । यो युगीन महत्वको अवसर त हुँदै हो, यसका लागि केही चुनौतीहरू पनि छन् । समाजवादी क्रान्ति अर्थात् वैज्ञानिक समाजवाद र एकीकृत जनयुद्धले यी चुनौतीहरूको सामना गर्दै आफ्नो ऐतिहासिक कार्यभार पूरा गर्नेछन् र यसका लागि सबैले महान् सर्वहारा सांस्कृतिक क्रान्तिको मर्म र भावनालाई आत्मसात गर्दै र पुनः रूपान्तरित हुँदै आआफ्नो ठाउँबाट ऐतिहासिक भूमिका निर्वाह गर्नुपर्नेछ ।

नेकपा (बहुमत) को विशेष राष्ट्रिय भेलाले पार्टीको न्यूनतम् कार्यक्रम वैज्ञानिक समाजवाद, राजनीतिक कार्यदिशा वैज्ञानिक समाजवादी क्रान्ति, सामरिक कार्यदिशा एकीकृत जनयुद्ध, कार्यनीति स्वाधीन संयुक्त सरकार र कार्यनीतिक कार्यक्रमहरू राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, शान्ति, समृद्धि र स्वाधीनता तय गरेको छ । यो अत्यन्त महत्वपूर्ण र विकसित कार्यदिशा र कार्यनीति हो । नेकपा (बहुमत) ले समाजमा शोषक र शोषित वर्ग नयाँ-नयाँ रूपमा रहिरहेको तथ्यलाई स्वीकार गर्दै वर्गसङ्घर्ष अपरिहार्य रहेको हुनाले शोषित वर्गले प्रतिरोध सङ्घर्ष बेहोर्नुपर्ने र त्यो प्रतिरोध सङ्घर्षलाई शोषित वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीले जनताको जनवादी अधिनायकत्वसम्म लैजाने प्रतिबद्धता व्यक्त गरेर यी चुनौतीको सामना गर्ने र आफ्नो दायित्व र कर्तव्य पूरा गर्ने प्रतिबद्धताका साथ आमजनता र विशेषगरी सर्वहारा श्रमिक वर्गसामु आफूमाथि आएको जिम्मेवारीबोध गरेको छ ।

नेकपा (बहुमत) ले बारम्बार कम्युनिस्ट पार्टीकै नेतृत्वमा पैदा हुने विचलन रोक्न कम्युनिस्ट पार्टीको हरेक सदस्यले आफू बसेको पार्टी समिति र आफ्नो परिवारलाई समाजवादको एकाइका रूपमा विकास गर्दै लग्नुपर्ने, समाजवाद आएपछि मात्र नभएर आजै र अहिल्यैदेखि सांस्कृतिक क्रान्तिलाई लागू गर्दै जाने नीति अँगाल्ने प्रतिबद्धता व्यक्त गरेर विगतमा भएका सीमाहरू पार गर्ने र विप्लव समूहमा रहेका खराब विरासत खारेज गर्ने घोषणा पनि गरेको छ । नेकपा (बहुमत) ले मालेमावादी सिद्धान्त र विचारलाई सङ्गठन-शक्तिमा रूपान्तरण गर्दै राष्ट्रियताको रक्षा, जनतन्त्र र जनजीविकाको सुनिश्चिततताप्रति केन्द्रित गर्नुपर्छ । समग्र वर्गसङ्घर्षका महान् सहिदहरूको सपना साकार पार्ने दृढता, बेपत्ता योद्धाहरू, घाइते-अपाङ्ग योद्धाहरूका अधुरा सपना पूरा गर्ने प्रतिबद्धता र वैज्ञानिक समाजवाद स्थापनाका क्रममा दुस्मन सत्ताले जेल र हिरासतमा बन्दी बनाएका राजबन्दीहरूको मुक्तिका लागि गरिने निरन्तर सङ्घर्षले नै पार्टीलाई सफलतामा पुर्‍याउनेछ । 'जनताबाट लिएर जनतालाई दिने', 'तथ्यबाट सत्यको खोजी गर्ने', 'अनुसन्धान नगरी नबोल्ने', 'जनतासँग माछा र पानीको सम्बन्ध कायम गर्ने' माओवादी नीतिमा प्रतिबद्ध रहेको घोषणा गरेर नेकपा (बहुमत) ले यी कार्यभारका लागि आफू हरदम तयार रहेको घोषणा पनि गरेको छ ।

नेकपा (बहुमत) ले संसद्वादी संशोधनवादसँगको विद्रोह र पार्टी पुनर्गठनपछि न्यूनतम कार्यक्रम तथा राजनीतिक कार्यदिशाका रूपमा वैज्ञानिक समाजवाद एवम् एकीकृत जनयुद्ध र तात्कालिक राजनीतिक कार्यनीतिका रूपमा स्वाधीन संयुक्त सरकार, राजनीतिक स्थिरता र सामाजिक रूपान्तरणप्रति दृढ हुँदै यसको उद्देश्य पूरा नहुँदासम्म लागिरहने, पार्टीलाई कुनै पनि विचलनबाट रोक्न सामूहिक नेतृत्वको सामूहिक निर्णयप्रणाली र व्यक्तिगत उत्तरदायित्वको मालेमावादी सङ्गठनात्मक मान्यतामा प्रतिबद्ध रहने प्रतिबद्धता व्यक्त गरेर सर्वहारा-श्रमिक वर्गप्रति क्रान्ति र विजयको सुनिश्चितता प्रस्तुत गरेको छ ।

नेत्रविक्रम चन्दमण्डलीले दलाल संसद्वादी व्यवस्थामा डुबाउनै लागेको महान् सहिदहरूको रगतले रञ्जित रातो झन्डा क्रान्तिकारी विद्रोहले जोगाएको छ । यो झन्डालाई झुक्न दिनु हुँदैन, वैज्ञानिक समाजवाद-साम्यवाद स्थापना गरेर सफलतामा पुर्‍याउनुपर्छ ।

# संसद्वादी-संशोधनवादी विप्लव समूहलाई निष्कासन गर्दै नेकपा (बहुमत) घोषणा

■ **रातोखबर संवाददाता**/काठमाडौँ

- नेकपा (बहुमत) को संयोजकमा कञ्चन चयन
- ८१ सदस्यीय नवौँ महाधिवेशन आयोजक समिति गठन
- हजारौँ कार्यकर्ता, पत्रकार र जनसमुदायबीच पार्टी घोषणा

विप्लव र उनको नेतृत्वको एउटा सानो झुण्ड संसद्वादी संशोधनवादमा पतन भएको निष्कर्ष निकालेर र उक्त समूहलाई निष्कासन गरेर क्रान्तिको झन्डा उठाउने निर्णय गर्दै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को ऐतिहासिक विशेष राष्ट्रिय भेला सम्पन्न भएको छ । भेलाले पार्टी नेता धर्मेन्द्र बास्तोला 'कञ्चन' लाई नवौँ महाधिवेशन आयोजक समितिको संयोजक चयन गरेको छ । त्यसैगरी भेलाले नेता हेमन्तप्रकाश ओली 'सुदर्शन' सहित ८१ सदस्यीय महाधिवेशन आयोजक समिति र असारे काका, चित्रबहादुर आलेसहित ११ सदस्यीय सल्लाहकार समिति पनि चयन गरेको छ । भेलाले कथित 'एकीकृत जनक्रान्ति' को सारसङ्ग्रहवादी, संशोधनवादी कार्यदिशा खारेज गर्दै समाजवादी क्रान्ति सफल पार्ने नयाँ कार्यदिशा पनि तय गरेको छ । विशेष राष्ट्रिय भेलाले पार्टीको न्यूनतम् कार्यक्रम वैज्ञानिक समाजवाद, राजनीतिक कार्यदिशा वैज्ञानिक समाजवादी क्रान्ति, सामरिक कार्यदिशा एकीकृत जनयुद्ध, कार्यनीति स्वाधीन संयुक्त सरकार र कार्यनीतिक कार्यक्रमहरू राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, शान्ति, समृद्धि र स्वाधीनता तय गरेको छ ।

नेकपा (बहुमत) को विशेष राष्ट्रिय भेलाले हजारौँ पार्टी कार्यकर्ता, पत्रकार र जनसमुदायबीच नेत्रविक्रम चन्दलाई कारबाही गरी पार्टी पुनर्गठन गरेको सार्वजनिक गरेको छ । २६ गते सोमबार काठमाडौँ जमलस्थित राष्ट्रिय नाचघरको मेगा हलमा हजारौँ पार्टी कार्यकर्ता, पत्रकार र शुभचिन्तकहरूबीच वैशाख २१-२३ सम्म चितवनमा सम्पन्न भेलाका निर्णय सार्वजनिक गर्दै नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका संयोजक धर्मेन्द्र बास्तोला '




... बाँकी पृष्ठ ८ मा

## यसकारण हामीले संसदीय संशोधनवादसँग विद्रोह गर्‍यौँ : सुदर्शन

**काठमाडौँ ।** पुनर्गठित नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का वरिष्ठ सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले वैज्ञानिक समाजवादको लक्ष्य प्राप्तिका लागि सबैखाले संसदीय संशोधनवादका विरुद्ध सङ्घर्ष गर्न र कम्युनिस्ट क्रान्तिकारी आन्दोलनलाई संस्थागत गर्न विशेष राष्ट्रिय भेला सम्पन्न भएको बताएका छन् । तत्कालीन नेकपाका महासचिव विप्लवले क्रान्तिकारी आन्दोलन अघि नबढाएर पार्टीको नेतृत्व विचलनको बाटोमा गएको अवस्थामा आफ्नो पार्टीले विशेष राष्ट्रिय भेला आयोजना गरेको उनले बताएका छन् ।

राष्ट्रिय भेलापछि काठमाडौँमा सोमबार पार्टीका निर्णयहरू सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा नेता

... बाँकी पृष्ठ ४ मा

## नेकपा (बहुमत) ले पारित गरेका ऐतिहासिक प्रस्ताव

■ **रातोखबर संवाददाता**/काठमाडौँ

नेकपा (बहुमत) को चितवनमा वैशाख २१-२३ गतेसम्म सम्पन्न ऐतिहासिक राष्ट्रिय भेलाले महत्वपूर्ण समसामयिक प्रस्ताव पारित गरेको छ । ती प्रस्तावहरू यसप्रकार रहेका छन् :

१) हामी नेपाल सरकारलाई तीनबुँदे सहमतिअनुसार बर्सौंदेखि बन्दी जीवन बिताइरहनुभएका सम्पूर्ण राजबन्दीहरूको बिनासर्त शीघ्र रिहाइ र झूट्टा मुद्दाहरूको खारेजी गर्न जोडदार माग गर्दछौँ ।

२) हाम्रो पार्टी आमजनतालाई संसदीय व्यवस्थाको भ्रममा नपर्न विशेष आह्वान गर्दछ ।

३) बढ्दो महँगी, कालोबजारी, व्यापक भ्रष्टाचार र बेरोजगारी नियन्त्रण गर्न राष्ट्रिय भेला राज्यलाई विशेष माग गर्दछ ।

४) नेपाललाई नाङ्गो नवऔपनिवेशिक अवस्थामा पुर्‍याउने अमेरिकी परियोजना एमसीसी खारेज गर्नका लागि विशेष राष्ट्रिय भेला आमजनतालाई सङ्घर्षका लागि विशेष आह्वान गर्दछ ।

५) उत्तर एट्लान्टिक सन्धि सङ्गठननामक साम्राज्यवादी सैन्य गठबन्धनलाई देखाएर रुससँग युद्ध गर्न उक्साई हतियार व्यापार गर्ने अमेरिकी साम्राज्यवादको यो भेला घोर भर्त्सना गर्दछ । रुसी साम्राज्यवादले स्वतन्त्र देश युक्रेनका जनतामाथि नरसंहारकारी युद्ध चलाएकोमा भर्त्सना गर्दै युक्रेनलाई सिकार बनाइएको युद्ध पूर्ण रूपले बन्द गर्न जोडदार माग गर्दछ र यसप्रकारको दबाब दिन विश्वका न्यायप्रेमी जनतालाई आह्वान गर्दछ । यसका साथै नेपाल सरकारले

... बाँकी पृष्ठ ४ मा

## विप्लवको वितण्डावादी यात्रा र नेकपा (बहुमत) को क्रान्तिकारी धारा

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



हामी तत्कालीन महासचिव विप्लवको नेतृत्वमा एउटा क्रान्तिकारी पार्टी निर्माण गरेर दस वर्षको जनयुद्धपछि पूरा हुन नसकेको नेपाली क्रान्तिको आगामी कार्यभार पूरा गर्ने प्रक्रियामा अघि बढेका थियौँ । पार्टीको जीवनमा खासगरी पछिल्लो चरणमा ठूलो अन्तरविरोध देखापरेपछि अथवा चुनावमा जाने र संसद्वादमा पतन हुने समस्या हाम्रो पार्टीमा पनि देखापर्‍यो । सैद्धान्तिक रूपले चुनावमा भाग लिने कि नलिने भन्ने विषय संसारभरिका कम्युनिस्टहरूले उठाउँदै आएका छन् । लेनिनले १९०६ तिर डुमामा भाग लिएको कुरालाई आधार बनाएर संसारभरिका कम्युनिस्टहरूले चुनावलाई कार्यनीतिको विषय बनाउने गरेको पाइन्छ । हाम्रो पछिल्लो बहसमा पनि चुनावमा जाने विषय कार्यनीतिक प्रश्न मात्र भएको कुरा विप्लवजीहरूले भन्नुभयो । हामीले भन्यौँ चुनावको प्रश्न रणनीतिक प्रश्न भएकाले चुनावमा भाग लिने कुराले पार्टीलाई विसर्जन गर्दछ र पार्टीलाई संसदीय घेरामा लैजान्छ । त्यसबाट व्यवस्थालाई बदलेर समाजवादमा जाने नैतिक अधिकार सकिन्छ । यो व्यवस्थाभित्र पसेर यो व्यवस्थालाई बलियो त बनाउन सकिन्छ तर परिवर्तन गर्न सकिँदैन । यो बहस हाम्रो कार्यदिशामा थियो । यो बहस दुई लाइन सङ्घर्षमा विभाजन भयो । बहस भयो । हाम्रो कार्यदिशा वैज्ञानिक समाजवाद नै थियो । कार्यदिशा एकीकृत जनक्रान्ति भनिएको थियो । तर राजनीतिक रूपले विप्लवमा संसद्वाद, अत्यन्त सङ्कीर्ण प्रकारको रोमान्टिसिज्म, पेटी बुर्जुवा प्रवृत्ति देखापर्‍यो । उग्रवामपन्थी खोलभित्र दक्षिणपन्थी अवसरवाद देखापर्‍यो । विप्लवमा जुन खालको विचलन देखियो । पछिल्लो समयमा हामीले छलफल र बहस गर्‍यौँ । केन्द्रीय समितिमा बहस गर्‍यौँ । हामीले उनीसँग बसेर छलफल गर्नु भनेको समय खेर फाल्नु हो भन्ने ठान्यौँ ।

पार्टी केन्द्रीय समितिको बाह्रौँ बैठकमा विप्लवले पेस गरेको प्रस्ताव चुनावको उपयोग गर्ने भन्ने थियो तर हामीले चुनाव बहिष्कार र उपयोग दुवै गलत हुन्छ भनेका थियौँ । चुनावमा गएपछि हामी संसदीय व्यवस्थालाई बलियो बनाउन त सक्छौँ तर परिवर्तन गर्न सक्दैनौँ भनेका थियौँ । उनले ठूलाठूला सङ्घर्षका

... बाँकी पृष्ठ ८ मा

## क्रान्तिबाटै सहिदका सपना पूरा गर्ने नेकपा (बहुमत) को प्रतिबद्धता

■ **रातोखबर संवाददाता**/काठमाडौँ

नेकपा (बहुमत) को ऐतिहासिक विशेष राष्ट्रिय भेलाले विगतमा संशोधनवाद र अवसरवाद लागू गरेर क्रान्तिलाई धोका दिने गलत विरासत दोहोरिन नदिने प्रतिबद्धता प्रकट गरेको छ । पार्टीले जनतामाथि फेरि पनि धोका नहोस् भन्नका लागि जनतासामु विशेष राष्ट्रिय भेलामार्फत ऐतिहासिक आठबुँदे प्रतिबद्धता व्यक्त गरेको छ । ती प्रतिबद्धता यसप्रकार छन् :

१) हामी मार्क्सवाद-लेनिनवाद-माओवाद पुरानो भयो भन्दै नयाँका नाममा 'जनताको बहुदलीय जनवाद', 'एक्काईसौँ शताब्दीमा जनवादको विकास', 'एकीकृत जनक्रान्ति', 'शान्तिपूर्ण सङ्क्रमण', 'युरो कम्युनिज्म' का नाममा पुरानै संसदीय पुँजीवादी व्यवस्थामा फर्कने संसदीय संशोधनवादका विरुद्ध दृढतापूर्वक लड्दै मालेमावादको रक्षा, प्रयोग र विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

२) समाजमा शोषक र शोषित वर्ग नयाँ-नयाँ रूपमा रहिरहेको तथ्यलाई

... बाँकी पृष्ठ ४ मा

सम्पादकीय टिप्पणी

# केन्द्रीय प्रकाशन विभाग र रातो खबर निरन्तर क्रान्तिका पक्षमा !

नेकपासँग रहेको केन्द्रीय प्रकाशन तथा प्रचार विभाग र पार्टीको मुखपत्रका रूपमा सञ्चालन हुँदै आएको रातो खबर प्रकाशन गृह नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट बन्ने कुरा स्वाभाविक र क्रान्तिको आवश्यकता हो । केन्द्रीय प्रकाशन तथा प्रचार विभाग हिजो नेकपा क्रान्तिकारी शक्ति हुँदा पनि पार्टीकै विभाग थियो र आज पुनर्गठित नेकपा (बहुमत) क्रान्तिकारी शक्तिका रूपमा अघि बढेपछि पनि यो पुनर्गठित क्रान्तिकारी पार्टी र जनताकै सम्पत्ति हो । सहिदको रगत, त्याग, बलिदान र शौर्यबाट निर्मित सङ्गठन जनताकै शक्ति हुने विषयमा कुनै सन्देह छैन ।

प्रचण्ड-बाबुरामको संसद्वादमा पतन र मोहन वैद्य 'किरण' समूहसँग विद्रोहपछि निर्मित नेकपा केन्द्रीय प्रकाशन तथा प्रचार विभागले विभिन्न प्रकाशन तथा प्रचारका माध्यमबाट क्रान्तिको सेवा गरेको विषय अब कसैले पनि मेट्न सक्दैन । यसले पुरानो सत्ताले प्रतिबन्ध लगाउँदा होस् वा आर्थिक अभावका कारण प्रकाशनमा सङ्कट उत्पन्न हुँदा होस्, कठिनाइहरुसँग जुध्दै नेपाल कम्युनिस्ट पार्टीको वैचारिक-राजनीतिक सञ्चार मोर्चाका रूपमा विगत आठ वर्षदेखि निरन्तर देश, जनता, श्रमिक-सर्वहारा, उपेक्षित-उत्पीडित वर्गको सेवा गर्ने आफ्नो दायित्व पूर्ण रूपले निर्वाह गर्दै आफूलाई अग्रमोर्चामा उभ्याउँदै आएको छ । उत्पीडित वर्ग, आवाजविहीन र श्रमिकहरूको प्रतिनिधि आवाज भएकैले दलाल पुँजीवादी राज्यसत्ताले यस विभाग र विशेषतः रातो खबर प्रकाशन गृहका प्रकाशनलाई बारम्बार दमन गर्दै आएको छ तर पनि यो प्रकाशनले राज्य र सबैखाले प्रतिक्रियावादी तत्वहरूका विरुद्ध निरन्तर सङ्घर्षमा अब्बल रूपमा खडा गरेको छ । श्रमिक वर्गका लागि यो खुसी र गर्वको कुरा हो ।

दलाल पुँजीवादी राज्यव्यवस्थामा श्रमिक वर्गका पक्षमा निरन्तर साप्ताहिक पत्रिका, मासिक पत्रिका, अनलाइन, यूट्युब च्यानल र वैचारिक, राजनीतिक, साहित्यिक-सांस्कृतिक प्रकाशनहरू गरेर संसारभरका न्यायप्रेमी पाठक, दर्शकहरूसामु पस्किनु पक्कै पनि असहज र चुनौतीपूर्ण कार्य हो तर पनि हामीले अनेक व्यवधान र अभावहरू सहँदै यो प्रतिकूलतालाई अनुकूलतामा बदल्दै आएका छौँ । क्रान्तिकारी आन्दोलनभित्र स्वार्थ लिएर घुसेका तत्वहरू र पार्टीभित्रकै एउटा अनुदारवादी खेमाले सधैँ रातो खबरलाई 'सौता' को व्यवहार गर्दै खेदिरह्यो तर पनि हामीले वर्गसमाजमा वर्गसङ्घर्ष प्रधान हो भनेर आन्तरिक असहयोग र चुनौतीहरूको सामना गरिरह्यौँ । पार्टीमा रहेका केही खलपात्रहरूले रातो खबर प्रकाशनलाई असहयोग गर्दै समानान्तर गतिविधि, असहयोग र षड्यन्त्र गर्दा पनि हामीले त्यसको सामना गर्‍यौँ । पार्टी बैठकका हरेक निर्णयहरूमा रातो खबरको भूमिकाको उच्च प्रशंसा र चर्चा भयो । त्यसले हामीलाई अभावमा पनि निरन्तर क्रान्तिमार्गमा हिँडिरहन प्रेरित गरिरह्यो । रातो खबर मालेमावादी क्रान्तिकारी विचारले ओतप्रोत सञ्चारगृह भएकाले यसमा लुकीछिपीबाहेक मूर्त रूपमा कसैको व्यक्तिगत स्वार्थ हाबी हुन पाएन । देश, श्रमिक जनता, पार्टी र निरन्तर क्रान्तिलाई केन्द्र भागमा राखेर अघि बढेकाले नै पार्टी नेतृत्वले बारम्बार यसलाई क्रान्तिकालीन स्कुल, लेनिन नेतृत्वको प्राब्दा वा जनयुद्धकालीन जनादेश/जनदिशाको उपाधि दिइरह्यो । यसको केन्द्रमा मालेमावादी विचार थियो । पार्टी कमरेडहरूले सङ्घर्षको मैदानमा निर्वाह गरेको अब्बलता थियो । समग्र वर्गसङ्घर्ष र विशेषतः महान् जनयुद्ध र एकीकृत जनक्रान्तिका नाममा अघि बढेको सङ्घर्षमा बलिदान गर्ने महान् योद्धाहरूको विचार र रगत थियो । जेल, हिरासतमा सडाइएका क्रान्तिकारी योद्धाहरूको कठोर सङ्घर्षले हामीलाई प्रतिकूल अवस्थामा पनि निरन्तर जोखिम मोलेर काम गरिरहने ऊर्जा दिएको थियो ।

पार्टीको मूल नेतृत्व क्रान्तिमैदानबाट क्रमशः ओरालो लाग्दै देखावटी रूपमा तीनबुँदे र अन्तर्यमा क्रान्तिमार्गबाट पलायन, आत्मसमर्पण र सम्झौताको बाटोमा हिँड्न थालेपछि हामीले महान् सहिद, बेपत्ता योद्धा, तिनका महान् सपनाहरू अझ गहिरोसँग सम्झियौँ, मनन गर्‍यौँ । पार्टी नेतृत्वको एक पक्षले पलायनवादी र सम्झौतावादी बनेर सहिदको रगतको अपमान गरेको बोध भयो । त्यसपछि हामीले नेतृत्वलाई खबरदारी गर्दै नेतृत्वकै विचार पस्किएर उनीहरूलाई आफ्नो अतीत सम्झाउने प्रयत्न गर्‍यौँ । विशेषगरी कपिलवस्तु शिवगढीमा पार्टी केन्द्रीय समितिको बाह्रौँ बैठक बसिरहँदा रातो खबरले आफ्नो जीवनकै सबैभन्दा प्रतिकूल समय व्यतित गर्नुपर्‍यो । रातो खबर र ईरातोखबरमा प्रकाशित सम्पादकीयको विषयलाई लिएर पार्टीका कतिपय नेताले प्रकाशनका सहकर्मी/सहयोद्धालाई धम्कीसमेत दिने र सम्पादकीय कू गर्ने धृष्टतासम्म गरे । ती दुर्दिनहरू शाहीकालीन सङ्कटकाल र ओली-दाहाल सरकारले पार्टीमाथि लगाएको प्रतिबन्धको समयभन्दा बढी आतङ्कपूर्ण थिए । तैपनि पार्टी नेतृत्व सच्चिने आशामा हामीले ती कष्टपूर्ण पलहरू पार गर्‍यौँ ।

यसबीचमा हाम्रो राजनीतिक र प्रकाशनको जीवनमा पनि एउटा अत्यन्त महत्वपूर्ण समय आयो । विभाग र रातो खबरको स्थापना भनौँ वा जन्म नै सबैखाले प्रतिक्रियावाद, अवसरवाद, पलायनवाद, संशोधनवाद, कायरता र सम्झौतावादका विरुद्ध सङ्घर्षको मोर्चाका रूपमा भएको थियो । यतिबेला फेरि हामीले आस्था राख्ने मालेमावाद आत्मसात गरिरहेको पार्टी नेकपाभित्र सङ्घर्ष वा पलायन दुई धार देखापरे । प्रकारान्तरले दलाल पुँजीवादी संसद्वादलाई स्वीकार गरेर यही व्यवस्थाले गराएको चुनावका माध्यमबाट आत्मसमर्पण गर्ने कि महान् सहिद, बेपत्ता-घाइते-अपाङ्ग योद्धाका महान् त्याग, बलिदानलाई सम्मान गर्दै क्रान्तिकारी बाटो अवलम्बन गर्दै विद्रोहको झन्डा उठाउने ? स्कुल, प्राब्दा र जनादेश/जनदिशाको गौरवशाली इतिहास समाल्न लागि र आफ्नो सङ्घर्षपूर्ण विरासत जोगाउन हामीले सम्झौता, सहमति र पलायनको बाटो रोज्न सकेनौँ । हामीले सहिद परिवार, बेपत्ता योद्धाका परिवार, घाइते अपाङ्ग र श्रमिक जनतासँगै दुःखको बाटो हिँड्ने र नेपाललाई वैज्ञानिक समाजवादसम्म पुऱ्याउने क्रान्तिकारी झन्डा समाल्ने निर्णयमा पुग्यौँ । सञ्चारमाध्यम पनि प्रकारान्तरले राजनीति, कला-साहित्य र अर्थतन्त्रको एउटा माध्यम हो र हामीले श्रमिक वर्गका पक्षमा सञ्चार सिर्जनाका माध्यमबाट राजनीति नै गरेका हौँ । त्यसैले हामी हाम्रो गौरवपूर्ण इतिहास मेट्न सक्तैनौँ । यसमा कसैको पनि चित्तदुखाइ वा आवेग प्रकट हुन आवश्यक छैन । युद्धमा दुस्मनका विरुद्ध एकसाथ लडेका योद्धाहरू पार्टी विभाजनको बाध्यकारी अवस्थामा मन खिन्न बनाएर आआफ्नो विचार, रुचि, स्वभाव मिल्ने पक्षसँग लागेझैँ हामी यतिबेला अवसरवाद, सम्झौतावाद र पलायनका पक्षमा होइन, निरन्तर क्रान्ति र वैज्ञानिक समाजवादका पक्षमा छौँ ।

पछिल्लो समयमा नेकपाका तत्कालीन महासचिव विप्लवले आकस्मिक रूपमा एक बिनाछापे वक्तव्य जारी गर्दै नेकपाका केन्द्रीय सचिवालय सदस्यहरू धर्मेन्द्र बास्तोला 'कञ्चन' र हेमन्तप्रकाश ओली 'सुदर्शन' लाई 'छाडा, अराजक, बितण्डा मच्चाउने, उक्साहटमा परेका, अराजकतावादी, अवसरवादी, विचलनवादी गतिविधि गर्ने, अलग केन्द्र बनाउनेलगायत गम्भीर आरोप लगाउँदै दुवैजनालाई 'अनिश्चित समयका लागि सम्पूर्ण जिम्मेवारीबाट मुक्त गरिएको' सार्वजनिक गरेको विषय हाम्रा लागि अमान्य बन्यो । हामी लामो समयदेखि विप्लवदेखि प्रकाण्ड, कञ्चन, सुदर्शनलगायत नेतासँग पनि सहकार्य गर्दै आएका छौँ । हामी हाम्रा नेताहरूलाई राम्ररी चिन्छौँ । हामीले पार्टीको पछिल्लो अन्तरसङ्घर्षलाई नजिकैबाट अध्ययन गर्‍यौँ । पार्टीको केन्द्रीय प्रकाशन हुनुको नाताले नेकपाभित्रको वैचारिक बहसलाई रातो खबर प्रकाशन गृहले नजिकबाट, सूक्ष्म रूपमा नियाल्नु र ऐनमौकामा आफ्नो मत प्रकट गर्नु हाम्रो अधिकार र कर्तव्य पनि थियो । सबै नेता-कार्यकर्ताले पार्टी केन्द्रीय समितिको निर्णय पालना गर्नुपर्छ भन्ने विषयमा हामी पनि दृढ थियौँ तर हाम्रो पवित्र इच्छामाथि संसद्वादी संसद्वाले भुत्भुते खन्याइदियो । संसद्वाद हामीलाई कदापि स्वीकार्य छैन । पलायन र सम्झौता हामीलाई ग्राह्य छैन । पार्टीको कुनै पनि नेतृत्वलाई आत्मसुरक्षावादी र मनोगतवादी हुने छूट थिएन र भएन पनि । सहिदको रगतको अपमान गर्ने छूट कसैलाई छैन । क्रान्तिबाट भाग्ने छूट कसैलाई छैन । यति हुँदाहुँदै पनि एउटा समूह क्रान्तिको नाउँ जप्दाजप्दै दलाल संसद्वादको मतियार बन्नतिर लाग्यो । हामीले तत्कालीन पार्टी महासचिवले केन्द्रीय समितिका दुईजना सचिवालय सदस्यमाथि लगाएका भ्रुङ्गा, आधारहीन र भ्रमपूर्ण आरोप फिर्ता लिई आत्मालोचना गर्नुपर्छ र पार्टीलाई क्रान्तिकारी दिशामा अघि बढाउनुपर्छ भन्ने प्रस्ताव राख्यौँ । त्यसको कुनै सुनुवाइ भएन । तत्कालीन पार्टी महासचिवको आत्मसुरक्षावाद चैत २८ गतेको बैठकमै अभिव्यक्त भइसकेको थियो । त्यसैले पार्टीजीवन तहसनहस पार्ने र कम्युनिस्ट आन्दोलनमाथि भुत्भुते खन्याउने विध्वंसकारी प्रवृत्ति अन्त्य गर्दै क्रान्तिकारी आन्दोलन अघि बढाउन विद्रोह गर्नु हाम्रो आवश्यकता बन्यो । पार्टी केन्द्रीय प्रकाशन तथा प्रचार विभागका साथै रातो खबर प्रकाशन गृह महान् सहिदले निर्माण गरेको क्रान्तिकारी बाटो पछ्याइरहने दृढता व्यक्त गर्नु हाम्रो कर्तव्य हो । क्रान्तिकारी आन्दोलनबाट दलाल संसद्वादी संशोधनवादपरस्तहरूले सहिदको रगतबाट निर्मित रातो खबरमा आँखा लगाउँछन् भने तिनले जनतालाई महान् सहिदहरू सकुशल फिर्ता गर्नुपर्छ र सहिदको बलिदानमा केन्द्रित सम्पत्ति क्रान्तिकारी आन्दोलन र जनतामा समर्पित गर्नुपर्छ । अन्यथा इतिहासले कसैलाई पनि माफी दिनेछैन ।

अशोक सुवेदी
सम्पादक
केन्द्रीय प्रकाशन तथा प्रचार विभाग

# वैज्ञानिक समाजवादका आधारहरू


पूर्णबहादुर सिंह

**१) सन्दर्भ**

'साम्यवाद सर्वहारावादी विचारधाराको पूर्ण व्यवस्था हुनुका साथै नौलो सामाजिक व्यवस्था पनि हो । यो कुनै पनि अरू विचारधारात्मक र सामाजिक व्यवस्थाहरूभन्दा बेग्लै छ । यो मानवइतिहासमा सबभन्दा प्रगतिशील, क्रान्तिकारी र युक्तिसङ्गत व्यवस्था हो । सामन्तवादको विचारधारात्मक र सामाजिक व्यवस्था त अब इतिहासको अजायब घरमा मात्र रहेको छ । पुँजीवादको विचारधारात्मक र सामाजिक व्यवस्था पनि संसारको एक भागमा (सोभियत सङ्घमा) अजायब घरको एक चीज भइहेको छ र अरू देशहरूमा यो छिटोछिटो डुब्दै गइरहेको मरणशील मान्छे, पश्चिममा पहाडतिर अस्ताउन लागेको सूर्यझैँ छ र यसलाई छिट्टै अजायब घरमा लगेर राखिनेछ । साम्यवादको विचारधारात्मक र सामाजिक व्यवस्था मात्रै आज सुन्दर जवानीले भरिभराउ छ । यो पहाड पन्छाउने र समुद्र पल्टाउने गति र बज्रको शक्ति लिएर संसारमा फैँलिँदैछ ।'

माओ, नौलो जनवादका विषयमा, जनवरी १९४०, प्रगतिशील प्रकाशन, माओका उद्धरण उक्तिहरू, २०५९ ।

विश्वमा वैज्ञानिक समाजवाद- साम्यवाद सर्वोत्कृष्ट अन्वेषण, समाज व्यवस्था र मानव सभ्यता हो । वैज्ञानिक समाजवाद- साम्यवाद कमरेड लेनिनको संश्लेषणमा सर्वशक्तिमान, सत्य, सम्पूर्ण र सुसंगत छ । यसको सैद्धान्तिक पुष्टि भएको आज १७४ वर्ष प्रारम्भ भएको छ । यसको व्यावहारिक पुष्टि सर्वप्रथम सन् १८७१ को पेरिस कम्युन, सन् १९१७ को सोभियत रुस, १९४९ को चीन तथा पूर्वी युरोपका देशहरू, मङ्गोलिया, जनगणतन्त्र कोरिया, भियतनाम, क्युबा, कम्बोडिया इत्यादि देशहरूमा भयो । रुसी अक्टोबर क्रान्तिदेखि २० औँ शताब्दीको ७० को दशकसम्म वैज्ञानिक समाजवाद सफल र लोकप्रिय थियो । यसले मानवजातिको उच्चतम् सभ्यताको नेतृत्व गरेको थियो । ९० को दशकमा समाजवाद असफल भयो । विश्वमा पहिलो वैज्ञानिक समाजवादी देश सोभियत सङ्घ र पूर्वी युरोपमा पुँजीवादको पुनरावृत्ति भयो । अन्य समाजवादी देशहरूले पनि समाजवादी सत्तालाई नयाँ ढाँचामा ढाल्न पुगे । सोभियत सङ्घ र पूर्वी युरोपमा प्रतिक्रान्ति भए पनि आज पनि चीन, क्युबा, जनगणतन्त्र कोरिया, कम्बोडिया र भियतनाममा समाजवादी सत्ताहरू आआफ्नो सापेक्षता एवम् मौलिकतामा चलिरहेका छन् । 'समाजवाद स्वप्नद्रष्टाहरूको मनगढन्ते कुरा होइन । यो त आधुनिक समाजमा उत्पादक शक्तिहरूको विकासको अन्तिम उद्देश्य एवम् अनिवार्य परिणाम हो (मार्क्स-एङ्गेल्स, सङ्कलित रचनाहरू, खण्ड १, पृष्ठ १५) ।' मार्क्स-एङ्गेल्सको यो सारगर्वित संश्लेषणले वैज्ञानिक समाजवाद- साम्यवाद कसैको कुनै सपना नभएर वास्तविकता र जीवन हो भन्ने इतिहासमा पुष्टि भैसकेको छ । वैज्ञानिक समाजवाद सर्वोत्कृष्ट विचार, विश्वदृष्टिकोण, सर्वशक्तिमान, सत्य, सम्पूर्ण समाज व्यवस्था र मानव सभ्यता हो । पूर्वसोभियत सङ्घमा पुँजीवादको पुनरावृत्ति र चीनमा माओको निधनपछि वैज्ञानिक समाजवादी क्रान्तिमा केही अवरोध आएको छ । फिलिपिन्समा सन् १९७८, पेरुमा सन् १९८३, नेपालमा सन् १९९६ र भारतमा सन् १९७२ देखि क्रान्ति अगाडि आए पनि सफल हुन सकेका छैनन् । ती परिघटनाहरूलाई आधार बनाएर पुँजीवादका हिमायती एवम् विश्लेषकहरू उत्तरआधुनिकतावादी विश्वसाम्राज्यवादले अघि सारेको दृष्टिकोण डानियल बेलबाट सुरु भएर र फ्रान्सिस फुकोयामाको 'इतिहासको अन्त्य र अन्तिम मान्छे' भन्ने थोत्रो कितावमा समाजवाद सत्ताका लागि पराजित भएको भ्रमपूर्ण एवम् हावादारी निष्कर्ष निकाल्दै 'इतिहासको अन्त्य', 'विचारधाराको युगको अन्त्य' र 'संसदीय व्यवस्थाको विजय' भएको घोषणा गरे । पुँजीवादमा विकास भएका अर्ध-राजनीतिक अन्तरविरोध एवम् सङ्कटलाई उसले समाधान दिन नसकेपछि राज्यको क्रान्तिकारी एवम् अग्रगामी रूपान्तरणका लागि कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा वैज्ञानिक समाजवादी- साम्यवादी राजनीतिक व्यवस्थाको अनुसन्धान भएको थियो जुन अनुसन्धानले मानव जातिको इतिहासमा अभूतपूर्व प्रभाव पारेको थियो । त्यसले नै पुँजीवादको समाधान पनि दियो । मार्क्स-एङ्गेल्सले साम्यवादी सिद्धान्तको अनुसन्धान गरेर हरेक प्राकृतिक वस्तुको जन्म र मृत्यु अनिवार्य हुन्छ भन्ने साबित गर्नुभयो । त्यसैगरी राजनीतिक व्यवस्थाहरूको पनि जन्मसँगै मृत्यु हुन्छ । यो बाह्य कारणले भन्दा वस्तु आफैँभित्र पैदा हुने अन्तरविरोध र सङ्घर्षको कारण जन्मन्छन् र मर्दछन् । पुरानाको विघटन हुन्छ भने नयाँले जन्म लिन्छ । यो ब्रह्माण्डमा पृथ्वी, सूर्य, मानिस र हरेक वस्तुको आयु छ । विश्वसाम्राज्यवाद र नवउदारवादको पनि अन्त्य हुनेछ । ढुङ्गेयुगको मृत्युमा दासयुगको जन्म, दासयुगको मृत्युमा सामन्ती युगको जन्म, सामन्ती युगको मृत्युमा पुँजीवादी युगको जन्म भएबाट यसको पुष्टि भयो । यो सार्वभौम नियम सङ्कटको पराकाष्ठामा पुगेको दलाल पुँजीवादी संसदीय व्यवस्था, विश्वसाम्राज्यवादको अन्त्य र वैज्ञानिक समाजवाद- साम्यवादको जन्ममा पनि लागू हुन्छ । पुँजीवादी संसदीय व्यवस्था तथा विश्वसाम्राज्यवादको अन्त्य र वैज्ञानिक समाजवाद- साम्यवादको विजय अवश्यम्भावी हुनेछ ।

**२) पृष्ठभूमि**

मानव-समाज विज्ञानको अध्ययनले मानिस प्रकृतिको बहुआयामिक रचना र सामाजिक प्राणी हो । समाजबिना मानिसको अस्तित्व असम्भव छ । समाजशास्त्रले मानिसको आचरण, नीतिनियम, मूल्य र मान्यतालाई सामाजिकरणको पूर्वाधार मान्दछ । मानवशास्त्रले मानिसलाई सामाजिक मूल्य र मान्यतासहितको ऊर्ध्वगामी र स्वार्थी प्रवृत्तिको प्राणी ठान्दछ । युभल नोहा हरारीले देवत्वकरण, दीर्घजीवी र सुखलाई हरेक मानिसमा अन्तरनिहित चाहना बताएका छन् । समाज एवम् समाजवाद मानिसको सभ्यता, संस्कृति र जीवन पद्धति हो । समाजवाद मानव समाजको प्रारम्भदेखि नै मानवजातिले आत्मसात गर्दै आएको मान्यता एवम् समाज व्यवस्था हो ।

समाजवादको इतिहासको अध्ययनले पूर्वमा वैदिक कालदेखि नै मानवजातिले आफ्नो साहचर्य जीवनशैलीका रूपमा अपनाउँदै आएको देखिन्छ । पश्चिममा प्राचीन ग्रिस र रोमका नगर-राज्यहरूमा स्थापित सिभिल-सोसाइटीदेखि नै समाजवादका उपाकरिणहरू देखापरेका थिए । त्यसपछि प्लेटोले आफ्नो रिपब्लिक पुस्तकमा सम्पत्ति तथा परिवारको समाजवादी स्वरूप प्रस्तुत गरेपछि यसले संस्थागत रूप लिन थालेको पाइन्छ । पश्चिमका प्राचीन तथा मध्ययुगीन धेरै विद्वान्हरूले समाजवादको प्रारूपको चर्चा गरेका थिए । मध्ययुगीन रोममा धार्मिक समाजवादी व्यवस्थाका अवधारणाहरू पाइन्छन् । सोह्रौँ शताब्दीमा इङ्ल्यान्डका समाज-दार्शनिक थोमस मुरले 'कल्पनालोक' (युटोपिया) पुस्तकमा एउटा आदर्श समाजवादी व्यवस्थाको चित्रण गरेका थिए । तिनै वैचारिक तथा व्यावहारिक पृष्ठभूमिमा १८ औँ र १९ औँ शताब्दीमा सेन्ट साइमन, चार्ल्स फोरियर, रोबर्ट आवेन आदि समाज-दार्शनिकहरूले काल्पनिक एवम् आदर्शपूर्ण समाजवादी सिद्धान्तको व्याख्या गरेका थिए । ती पुराना विचार र प्रयोगको सारमा पुअरमेन्स गार्जियनले सन् १८३३ मा पहिलोपल्ट 'समाजवाद' शब्दको प्रयोग गरेका थिए । त्यसपछि जर्मन दार्शनिक कार्ल मार्क्स-एङ्गेल्सले सन् १८४८ को कम्युनिस्ट घोषणापत्र र मार्क्सले सन् १८६७ मा पुँजी लेखेपछि समाजवाद मात्र होइन, वैज्ञानिक समाजवादको प्रादुर्भाव भयो । विभिन्न कालखण्डमा राजनीतिक एवम् समाजवादी विद्वान्हरूले समाजवादका बारेमा आफ्ना विचारहरू व्यक्त गरेका छन् । ब्रोड्लेले भनेका छन्, 'समाजवाद व्यक्तिगत सम्पत्तिलाई स्वीकार्दैन र यसले राज्यका रूपमा सङ्गठित समाजले सम्पूर्ण धनको स्वामी बन्न पाउनुपर्छ । साथै त्यस सम्पत्तिलाई समस्त श्रमको सञ्चालनमा लगाइनुपर्छ र समस्त उत्पादनको समान वितरण हुनुपर्छ भन्ने चाहन्छ ।' उनको त्यो विचारसँग अलेक्जेन्डर ग्रेका र इन्साइक्लोपिडिया ब्रिटानिकाले समान धारणा व्यक्त गरेका थिए । सेलर्सले 'समाजवाद एक लोकतान्त्रिक आन्दोलन हो जसको उद्देश्य समाजको एउटा यस्तो आर्थिक सङ्गठन स्थापित गर्नु रहेको छ जसले एक समयमा एकैसाथ अधिकतम् न्याय र स्वतन्त्रता दिन सकोस्' र प्रो. पिगुले 'उत्पादनका साधनमा व्यक्तिगत अधिकारलाई पुँजीवाद भनिन्छ भने तिनै साधनमा सामाजिक अधिकारलाई समाजवाद भनिन्छ' भनेका छन् । हम्फीले 'समाजवाद एक सामाजिक व्यवस्था हो जसअन्तर्गत जीवनका साधनमाथि सम्पूर्ण समाजको स्वामित्व हुन्छ र पूरा समाज सामान्य कल्याणलाई बढाउने उद्देश्यले यसको विकास प्रयोग गर्दछ' भनेका थिए । ह्युगनले 'समाजवाद श्रमिक वर्गको एक आन्दोलन हो जसको उद्देश्य उत्पादन र वितरणको आधारभूत साधनमा सामूहिक स्वामित्व र प्रजातान्त्रिक व्यवस्थापनद्वारा शोषणको अन्त्य गरिन्छ' भनेका थिए । इमाइलले 'समाजवाद श्रमिकको यस्तो सङ्गठन हो जसको उद्देश्य पुँजीवादी सम्पत्तिमा परिवर्तन गर्नका लागि राजनीतिक सत्ता प्राप्त गर्दछ' भनेका थिए । विद्वान्हरूले व्यक्तिलाई भन्दा समाजलाई प्राथमिकता, व्यक्तिलाई समाजको अङ्ग, पुँजीवादको अन्त्य, आर्थिक खुला प्रतियोगिता एवम् मनोमानीपूर्ण उत्पादनको अन्त्य, उत्पादनका सबै साधनमाथि समाजको अधिकार, राष्ट्रियकरण, सामाजीकरण, मानवीय अवस्थाको समानताको समर्थन, व्यक्तिगत लाभको ठाउँमा सामाजिक सेवा, राज्यको कामको समर्थन, उत्पादनका साधनको सामाजीकरण, विकास रणनीतिमा केन्द्रीय नियन्त्रण, श्रमको सामाजिक चरित्र, उत्पादन सम्बन्धमा समानता, न्यायपूर्ण वितरण र व्यवस्थापनलाई समाजवादको मूल सिद्धान्त बताएका छन् ।

वैज्ञानिक समाजवाद- साम्यवाद राज्यव्यवस्था र मानवसभ्यता सम्बन्धमा उन्नाइसौँ शताब्दीमा मार्क्स र फ्रेडरिक एङ्गेल्सको अभूतपूर्व खोज हो । जर्मनीमा जन्मिनुभएका कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले उन्नाइसौँ शताब्दीको मध्यतिर पुँजीवादी सभ्यताको केन्द्र युरोपबाट यो सिद्धान्तको खोज गर्नुभएको थियो । त्यतिबेला समाजमा पुँजीवादको उदयले सर्वहारा वर्गको तीव्र विकास भयो । पुँजीवादी राज्यभित्र सर्वहारा वर्ग र पुँजीपति वर्गबीच सङ्घर्ष तीव्र भयो । पुँजीपति वर्गले अमानवीय तरिकाले मजदुर वर्गमाथि शोषण-उत्पीडन लादिरहेको थियो । सर्वहारा वर्गले पुँजीवादी शोषण-उत्पीडनको जुवाबाट मुक्ति पाउन विद्रोहको ज्वाला दन्काउन थाल्यो । त्यसै पृष्ठभूमिमा एकातिर केही विचारकहरूले काल्पनिक समाजवाद, अराजकतावादी समाजवाद र प्रतिक्रियावादी समाजवादको परिकल्पना गरिरहेका थिए । अर्कोतिर नयाँ वर्ग अन्तर्विरोध, वर्गसङ्घर्ष र वैज्ञानिक विश्वदृष्टिकोणको आवश्यकताबोध एवम् जिम्मेवारीबोधसहित कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले सन् १८४३ देखि वैज्ञानिक साम्यवादी सिद्धान्तको अनुसन्धानको प्रारम्भ गर्नुभयो । कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स सन् १८४८ मा वैज्ञानिक समाजवादी- साम्यवादी व्यवस्था, सुसंगत विश्वदृष्टिकोण 'कम्युनिस्ट घोषणापत्र' को संश्लेषण एवम् प्रक्षेपण गर्न सफल हुनुभयो । त्यसले अभूतपूर्व मानवसभ्यता वैज्ञानिक समाजवाद- साम्यवादको वैज्ञानिक विश्वदृष्टिकोण आधिकारिक एवम् व्यवस्थित रूपमा स्थापित भयो । कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले समाजका तीन सङ्घटक अङ्ग- दर्शन, अर्थशास्त्र र समाजवादको नयाँ र वैज्ञानिक अध्ययन, अनुसन्धान र समाधान दिँदै द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको अवधारणा प्रस्तुत गरे त्यसमा क्रान्ति गर्नुभयो ।

वैज्ञानिक समाजवाद- साम्यवाद मानवजातिलाई वर्गविहीन, जातिविहीन, राष्ट्रविहीन, धर्मविहीन, न्याय, मुक्ति, समानता, शान्ति, समृद्धि र वैज्ञानिक दुनियाँमा पुऱ्याउने मानवसभ्यता हो । वैज्ञानिक साम्यवादी विचारधारा अकाट्य विज्ञानका तथ्यहरूसहित उन्नाइसौँ शताब्दीमा संसार हल्लाउँदै उदय भएको थियो । पुँजीवादका मालिकहरूलाई स्तब्ध पार्दै वैज्ञानिक समाजवाद विजयी भएको थियो । मार्क्सको शिक्षाको ऐतिहासिक भवितव्य भन्ने लेखमा लेनिनले 'सन् १८४४ मा मार्क्सले पहिलोपटक आफ्नो विचारधारा प्रस्तुत र सन् १८४८ मा मार्क्स र एङ्गेल्सको कम्युनिस्ट घोषणापत्रले पूर्ण एवम् क्रमबद्ध विचारधाराको प्रस्तुत गर्नुभएको थियो' (लेनिन प्राभ्दा अङ्क ५०, मार्च १९१३, खण्ड २३, पृष्ठ १-४) मा उल्लेख गर्नुभएको थियो । मार्क्सवादका तीन स्रोत र तीन सङ्घटक अङ्ग भन्ने लेखमा लेनिनले 'मार्क्सवादी शिक्षाप्रति समस्त सभ्य संसारमा (नोकरशाही र उदारवादी) विज्ञानका तर्फबाट शत्रुता र घृणा दर्साइन्छ । यसैलाई एक प्रकारको अहितकर सम्प्रदायका रूपमा हेरिन्छ । वर्गसङ्घर्षमा आधारित समाजमा निष्पक्ष दर्शनको अस्तित्व हुँदैन, त्यो आशा राख्नु मूर्खतापूर्ण हुन जानेछ । जस्तो पुँजीको लाभांशमा कटौती गरेर उद्योगपतिको विरोधहरित उत्तरको आशा राख्नु । नोकरशाही र उदारवादी दर्शनले शोषणप्रथाको रक्षा गरेको हुन्छ भने मार्क्सवादले यस प्रथाका विरुद्ध कठोर सङ्घर्ष सुरु गरेको छ । मार्क्सको महानता नै यसमा छ- प्रगतिशील मानवतासमक्ष रहेका प्रश्नको सही उत्तर दिनुभएको छ । दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवादका महानतम् प्रतिभाहरूको शिक्षाको प्रत्यक्ष र सन्निकट क्रमका रूपमा उहाँको सिद्धान्तको प्रादुर्भाव भएको हो । यो सर्वशक्तिमान, सत्य, सम्पूर्ण र सुसंगत छ । यसले मानिसहरूलाई विचारधारा प्रदान गरेको छ । यो कुनै पनि अन्धविश्वास, प्रतिक्रियावाद र पुँजीवादी उत्पीडनको घोर विरोधी छ । यो विचारधारा- जर्मन दर्शनशास्त्र, बेलायती अर्थशास्त्र र फ्रान्सेली समाजवादका रूपमा उन्नाइसौँ शताब्दीमा मानवताले आर्जन गरेको उत्कृष्ट ज्ञानको नै वैधानिक उत्तराधिकारी हो' (लेनिन, प्रोस्वेसेनिए अङ्क ३, मार्च, १९१३, खण्ड २३, पृष्ठ ४०-४८) मा उल्लेख गर्नुभएको थियो । मानिसका असीमित इच्छा, आकाङ्क्षा र तज्जन्य आवश्यकताहरूको पूर्ति केवल समाज

... क्रमशः पृष्ठ ३ मा

## वैज्ञानिक समाजवादका ....

एवम् समाजवादमा मात्र सम्भव छैन । आजको युग बहुरूपी समाजवादको होइन, वैज्ञानिक समाजवाद-साम्यवादको युग हो । विश्वसाम्राज्यवाद र वैज्ञानिक समाजवाद दुई विपरीत एवम् प्रबल धारबीच लामो समयदेखि भीषण सङ्घर्ष चलिरहेको छ । बहुरूपी समाजवाद, विश्वसाम्राज्यवाद र पुँजीवादी संसदीय व्यवस्थाको अन्त्य तथा वैज्ञानिक समाजवाद-साम्यवादको विजय अवश्यम्भाबी छ ।

**३) बहुरूपी समाजवाद तथा समाजवादीहरू**

महान् लेनिनले 'राजनीतिमा शब्दको दुरुपयोग एकदम साधारण कुरा हो । बेलायती बुर्जुवा उदारवादका अनुयायी हारकोटले 'अब हामी सबै समाजवादी बनेका छौँ' बिस्मार्कका समर्थकहरूले र पोपलेओ तेह्रौँका मित्रहरूले अक्सर आफूलाई 'समाजवादी' भन्ने गर्थे ।' (लेनिन, जुन- जुलाई १९०५, खण्ड ११, पृष्ठ १-१३१) भनेझैँ आजको दुनियाँमा सबैले समाजवाद र समाजवादीको भ्रम फैलाइरहेका छन् । समाजवादको नक्कली मुकुण्डो लगाउन विवश भइरहेका छन् । समाज विचारक 'जोड' ले 'समाजवादको यो टोपी यति धेरैले यति धेरै किसिमले लाए अब त त्यसको मूल स्वरूप नै हराउन आँटिसकेको छ' भनेका थिए । बहुरूपी समाजवादीहरूले आआफ्नो विचार एवम् दृष्टिकोणका आधारमा समाजवादको विश्लेषण गरेका थिए र छन् । युटोपियन समाजवादले संयुक्त सम्पत्ति, सबैका लागि अनिवार्य श्रम तथा उपजहरूको समान वितरणमा आधारित समाजसम्बन्धी सिद्धान्तको विकास विज्ञानपूर्वको चरणमा भएको थियो । यसले निजी स्वामित्वमा आधारित प्रणालीको आलोचना, आदर्श भाबी समाजको चित्रण र सार्वजनिक स्वामित्वको सिद्ध गर्दछ । फेबियन समाजवाद रोमन सेनापति फेबियस कुंक्टेटरले अघि सारेको ब्रिटेनको सुधारवादी धारा हो । यो वैज्ञानिक समाजवादका विरुद्ध छ । यसले धर्मको समर्थन र वर्गसङ्घर्षको विरोध गर्दछ । लेनिनले यसलाई अवसरवाद तथा उदारतावादी मजदुर नीतिको सर्वाधिक पूर्ण अभिव्यक्ति हो भन्नुभएको थियो । प्रजातान्त्रिक समाजवाद त्यसका विचारक आर.एच.टनी, राम्जे मेकडोनल्स, सिडनी, ब्रेटिस, वेव, हेराल्ड लास्की, कमेल्ट एटली, एवन एफ., एम डर्विन, अमेरिकामा नर्मन थमस, भारतमा पण्डित जवाहरलाल तथा नेपालमा विश्वेश्वर कोइराला थिए । यो विचारधाराले सर्वाधिकार भनेर वैज्ञानिक समाजवादविरोधी, नैतिक प्राणीका रूपमा मानव, धर्म र नैतिकतामा जोड, वर्गसामञ्जस्य, स्वतन्त्रता, आर्थिक क्षेत्रको नियन्त्रण, सामाजीकरण, निजी सम्पत्तिमा सीमितता, लोककल्याणकारी राज्य, विकेन्द्रीकरण, सहअस्तित्वको सिद्धान्त र विश्व शान्तिको पक्षपोषण गर्दछ । यो वैज्ञानिक समाजवाद-साम्यवादविरोधी विचारधारा एवम् दर्शन हो, त्यो ठोस छैन, विरोधाभासपूर्ण छ । समतामूलक समाजको अवधारणा, पुँजीपति वर्गसँग साझेदारी नै यसको मूल उद्देश्य हो । युरो साम्यवादले साम्यवादलाई शान्तिपूर्ण तथा संसदीय व्यवस्थामा लागू गर्न सकिने गरी समाजवादको संशोधन गरेको छ । यसले बहुदलीय व्यवस्था, नागरिक तथा राजनीतिक स्वतन्त्रतामा बढी जोड दिन्छ । यो संसद्अन्तर्गत काम गर्ने कम्युनिस्टविरोधी सिद्धान्त हो । यसको प्रयोग सन् १९७५-७६ का बीचमा भएको थियो । आज यो विश्वव्यापी भइरहेको छ । यसको सैद्धान्तिक आधार नै शान्तिपूर्ण सहअस्तित्व हो । यसको मूल सिद्धान्तमा इटाली, फ्रान्स र स्पेनका मेडाडी शिखर सन् १९७७ ले नागरिक स्वतन्त्रताको सम्मान र बचाउ, सर्वहारा वर्गको अधिनायकत्वको त्याग, पुँजीवादी लोकतन्त्रको पक्षपोषण, प्रजातान्त्रिक शक्तिसँग मेल, शान्तिपूर्ण तरिकाले शक्ति आर्जनजस्ता विषयको पक्षपोषण गरेका थिए । राष्ट्रिय समाजवादको प्रादुर्भाव सन् १९३३ मा सत्तामा एडोल्फ हिटलर उदाएपछि 'जोसँग शुद्ध जर्मन रगत छ, ती मात्र हाम्रा जनता हुन्' भन्ने उद्घोष गर्दै विरोधीहरूमाथि कानुनी र फौजी नियन्त्रण गरेका थिए । उनको पार्टीको नाम राष्ट्रिय समाजवादी जर्मन मजदुर पार्टी थियो । यो अन्धराष्ट्रवादी दिवालियापननैहो।१९औँशताब्दीकोमध्यमाबेलायतमा इसाई समाजवादको जन्म भएको थियो । कुनै पनि व्यक्ति औद्योगिक सभ्यताले अनियन्त्रित प्रतियोगिताको नीति यसको विरोधी मानिन्थ्यो । यसले परस्पर भाइचारा, मेलमिलाप र धनीलाई समाजमा सफल मान्दैन । यसले श्रमको गौरव, सम्पत्तिको सामाजिक उत्तरदायित्व स्वीकार र राज्यको कानुनमा इसाई मतको सिद्धान्तको चर्चलाई अनुरोध गरेको थियो । बेलायतमा इसाई समाजवादी आन्दोलनका बेला चार्ल्स किंग्सेल र फेडरिक डेनिस भन्ने पादरी थिए । गान्धी समाजवादले नैतिक दर्शन, राजनीतिलाई आध्यात्मीकरण, रामराज्यको अवधारणा, सामाजिक न्याय, अवसरको समानता, सबै परित्याग गर र आनन्द गर भन्ने थियो । उनले भूमिमाथिको निजी स्वामित्वलाई विरोध गरेका थिए । सच्चा समाजवाद १९ औँ शताब्दीको पाँचौँ दशकको मध्यतिर निम्नपुँजीवादी समाजवादका रूपमा यसको विकास भएको थियो । के. ग्रुन, हेस्स, एच. क्रिगे, ओ. ल्युनिङ र एच. प्युटम्यान यसका विचारक थिए । यो विचारधारा फ्रान्सेली र अङ्ग्रेज काल्पनिक समाजवादी, युवा हेगेलवादी र फायरबाखको नीतिशास्त्रको सारसङ्ग्रहवादी मिश्रण थियो । यसले सर्वहारा वर्ग, वर्गसङ्घर्ष र राजनीतिक क्रान्तिको विरोध गर्दछ । आदर्शवादी एवम् काल्पनिक समाजवादी सर थोमस मुर सैद्धान्तिक रूपले व्यक्तिवादका विरोधी र पहिलो समाजवादी चिन्तक थिए । सन् १४७८ बेलायतमा जन्मेका उनी ग्रिक साहित्य र दर्शनका विचारक थिए । उनले कल्पनालोक (युटोपिया) पुस्तकमा एक आदर्श समाजवादी राज्यको कल्पना गरेका थिए । उनको आनन्दको निवासस्थान अभिप्राय रहेको युटोपियाको उद्देश्य बेलायती औद्योगीकरण र कृत्रिम सहरिया आधुनिक सभ्यताले मानिसलाई वास्तविक जीवन र मानवतावादी बन्न प्रेरित गर्नु थियो । सेन्ट साइमन फ्रान्सका इसाई धर्मावलम्बी समाजवादी सन्त थिए । उनले समाजवादका साथै प्रत्यक्षवाद, अन्तर्राष्ट्रियवादजस्ता विचारको पूर्वाभास दिएका थिए । उनी आध्यात्मिक समाजवादी शान्ति र विश्वबन्धुत्वको भावना बोकेका व्यक्ति थिए । विवेक र विज्ञानको मेल खोज्ने साइमनले उद्योगहरूको सामाजीकरण, व्यक्तिगत स्वामित्वका ठाउँमा सार्वजनिक स्वामित्व, विनियोजित तरिकाबाट उत्पादन र सिँढीक्रमको प्रशासन ढाँचा, सम्पत्तिमाथि उत्तराधिकार प्रथाको अन्त्य जहाँ कामअनुसार मानिसलाई पुरस्कार तथा कसैले पनि अनार्जित लाभ पाउनु हुँदैन भन्ने विचार व्यक्त गरेका थिए । बेबुफ र केवेट दुवै फ्रान्सेली समाजवादी दार्शनिक तथा निरपेक्ष समानताका पक्षपाती र फ्रान्सेली क्रान्तिका सहयोद्धा थिए । बेबुफले मानवजीवनको उद्देश्य प्रसन्नता हो र त्यो समाजमा समानताले मात्र सम्भव हुन्छ भने । उनले समाजवादमा सबैलाई सबै वस्तुको समान उपभोगको नैसर्गिक अधिकार, उद्योगधन्दाहरूको राष्ट्रियकरण र सम्पत्तिमाथिको उत्तराधिकारको अन्त्य बताएका थिए । केवेटले युटोपियाको प्रभावमा इकारिया द्वीपमा समाजवादको आदर्श कम्युन स्थापना गरेका थिए । सम्पूर्ण द्वीपमा अनेकौँ सुन्दर सहर, फराकिला सडक, सुन्दर आलिसान भवनहरू, मनोरम वाटिका र अनेकौँ उद्योग व्यवसायहरूले सम्पन्न थिए । उनले समानता, स्वतन्त्रता र समृद्धिका लागि समाजवादी शिक्षाद्वारा प्रशिक्षित गर्नुपर्ने बताएका थिए । प्रुधौँले सम्पत्ति के हो ? भन्ने पुस्तकमा श्रम-समय सिद्धान्तको निरूपण गरेका थिए । उनको श्रमसिद्धान्त र मूल्यसिद्धान्त समाजवादी चिन्तनको आधार थियो । उनको विचार समानता आर्जित सम्पत्तिमा नभएर पुँजी, औजार र भूमि सम्पत्ति आर्जन गर्ने औजार (साधन) र अवसरमा समानता हुनुपर्छ भन्ने थियो । साधन समान भएपछि प्रत्येक व्यक्ति समान रूपले श्रम गर्नेछ र समान परिणाममा उत्पादन गर्नेछ । श्रम र प्रत्येक योग्यतालाई उसको कामका आधारमा पारिश्रमिक दिइनुपर्छ । उनको राज्यविहीन र वर्गविहीन आदर्श समाजमा कुनै राज्य र सरकार नहुने अराजकतावादी चिन्तन थियो । चार्ल्स फोरियर फ्रान्सका समाजवादी एवम् मानवतावादी चिन्तक थिए । उनी समकालीन राजनीतिक, आर्थिक, सामाजिक तथा नैतिक रूपको विकृतिका आलोचक थिए । उनी तत्कालीन औद्योगिक पुँजीवादी सामन्ती समाज र व्यापार प्रणालीका विरोधी समाजवादी थिए । विश्वको एकत्वको सिद्धान्त र उत्पादनको वितरण व्यवस्था उनका दुई मूलभूत समाजवादी तत्वका आधार थिए । त्यस्ता अन्तर्विरोधी गतिविधिको कारक तत्व उनी व्यक्तिगत सम्पत्ति र समुदायलाई मुख्य ठान्दथे । रावर्ट ओवेन बेलायती समाजवादका जन्मदाता थिए । उनले न्यु हार्मनी (नयाँ सामञ्जस्यपूर्ण) को अवधारणा विकास गरेका थिए । इटलीका तोम्माजो कम्पानेल्लाले मानवद्वारा मानवमाथि शोषण नहोस् भन्ने आफ्नो कल्पनाको भाबी समाज सूर्यनगर बताएका छन् । फ्रान्सेली कल्पनावादी जोन मेल्येले वर्गभेदमा आधारित समाजलाई क्रान्तिकारी ढङ्गले बदल्नुपर्नेमा जोड दिएका छन् । फ्रान्सेली ग्याब्रिएल माब्लीले वितरणको साम्यवादी सिद्धान्तको विकासमा योगदान गरेका थिए । फ्रान्सेली प्राक्ख बाब्योफले राष्ट्रिय कम्युन र समानतामा आधारित गणतन्त्रको अवधारणा दिएका थिए । रुसी अलेक्सान्द्र इभानोभिच गेर्चेनले पुँजीवादको विकासबाट समाजवादको अवधारणा दिएका थिए । रुसी निकोलाई गाभरिलोभिच चेर्निसेभ्स्कीले उत्पादनको एकीकृत सङ्घ, नयाँ समाजको विकासमा बृहत् उद्योग र विज्ञान तथा प्रविधिलाई प्रमुख स्थान दिएका थिए । हालसालै जेरेमी रिफ्किनले पुँजीवाद ढल्दैछ भन्ने घोषणा गरेका छन् । उनले परिवर्तित आर्थिक ढाँचा, वस्तुहरूको इन्टरनेट, बजार पुँजीवादबाट शून्य सीमान्त लागतमा आधारित सहयोगी समाजमा रूपान्तरण हुने परिकल्पना गरेका छन् । थमस पिकेटीले वर्गसङ्घर्ष होइन, विचारधारात्मक सङ्घर्षद्वारा आर्थिक समानतामा पुग्न सकिने गलत कुरा बताएका छन् । संशोधनवादी समाजवाद- अन्तर्राष्ट्रिय परिघटनाका रूपमा मार्क्सवाद र वैज्ञानिक समाजवादका विरुद्ध १९ औँ शताब्दीमा संशोधनवादको जन्म भएको थियो । त्यस बेला युरोपमा पुँजीवादको तीव्र विकास भइरहेको थियो । यो १९ औँ शताब्दीको अन्त्यमा अन्तर्राष्ट्रिय सामाजिक जनवादमा देखापरेको अवसरवादी धारा हो । एडुअर्ड बर्नस्टिन यसका जन्मदाता जर्मनका निम्न पुँजीवादी एवम् मजदुर आन्दोलनका सुधारवादी तथा अर्थवादी नेता थिए । लेनिनले 'भूतपूर्व पुरातनपन्थी मार्क्सवादीको संज्ञा दिँदै बर्नस्टिनले- सबैभन्दा बढी हल्लीखल्ली मच्चायो, मार्क्सका विचारधाराहरूमा परिवर्तन र संशोधन गरी संशोधनवादलाई सबैभन्दा सुगठित गऱ्यो । क्रान्तिकारी मार्क्सवादको दार्शनिक, आर्थिक र राजनीतिक आधार भूत सिद्धान्तको संशोधन गऱ्यो । सामाजिक जनवादी पार्टीलाई सामाजिक संशोधनवादी पार्टीमा परिणत गऱ्यो' (मार्क्सवाद र संशोधनवाद, लेनिन सेन्टपिटर्सबर्ग, प्रकाशक, ओ र एम केद्रोभ परिवार, खण्ड १७, पृष्ठ १५-२६) मा त्यसको धज्जी उडाउनुभएको थियो । यो संशोधनवादले 'शान्तिपूर्ण सङ्घर्षद्वारा समाजवाद', 'शान्तिपूर्ण बाटोबाट राज्यमा सुधार', 'आन्दोलन सबै चीज हो, लक्ष्य केही होइन' सबैभन्दा बढी हल्लीखल्ली मच्चाए पनि त्यसको पतन भयो । त्यसबेला फ्रान्स, जर्मनी, हल्यान्ड, ब्रिटेन र अस्ट्रियाका समाजवादीहरू संशोधनवादको प्रभावमा परेका थिए । लेनिनले संशोधनवाद र काउत्स्कीको सामाजिक अन्धराष्ट्रवादका विरुद्ध निर्मम सङ्घर्ष गर्नुभएको थियो । उक्त सङ्घर्षमा लेनिनलाई जर्मनीका रोजा लक्जेम्बर्ग, कार्ल लिब्नेख्त, फ्रान्सका वामपन्थीहरू र अमेरिकाका जोन रिडले साथ दिएका थिए । ख्रुस्चोभले 'सबै जनताको राज्य, सबै जनताको पार्टी, शान्तिपूर्ण सङ्क्रमण, प्रतिस्पर्धा र सहअस्तित्वको' सिद्धान्तद्वारा मार्क्सवाद र वैज्ञानिक समाजवादमाथि हमला गरेको थियो । सन् १९५० मा टिटोले 'सहअस्तित्व र सहकारी राज्य' सिद्धान्तद्वारा त्यसको निरन्तरता दिएको थियो । इतिहासमा सामाजिक फासिवादका रूपमा पतीत त्यो निम्न पुँजीवाद आज सामाजिक पुँजीवादमा पतन भएको छ । त्यसले पुँजीपति वर्गसँग मिलेर र संसदीय व्यवस्थाभित्रबाट समाजवाद निर्माण गर्ने पागलपूर्ण सबैभन्दा बढी हल्लीखल्ली मच्चाइरहेको छ । इतिहासका बर्नस्टिन, काउत्स्की, ख्रुस्चोभ, सिदेमान, न ा े स क े , मिलेराँ, टिटो, ब्राउडर, ब्रेजनेभ, मेन्सेभिक, गोर्बाचोभ, यल्तसिन, देङजस्ता संशोधनवादी डाँकाहरूको पतन भैसकेको छ । पुँजीवाद एवम् संसद्वादभित्र २१ औँ शताब्दीको समाजवादको दिवासपना देख्ने नवसंशोधनवादीको पागलपनको पनि पतन निश्चित हुनेछ । आज समुन्नत समाजवाद एवम् वैज्ञानिक मानवतावादका नेपाली भाष्यकार डा. बाबुराम भट्टराईले अर्थ-राजनीतिक विमर्शमा २१ औँ शताब्दीको काल चिन्तनका रूपमा मार्क्सवादलाई पुरातन एकलरेखीय द्वन्द्ववादको युग समाप्त भएको, नयाँ द्वन्द्ववादको युग 'ननलिनियर डाइनामिक्स' को प्रारम्भ भएको घोषणा गरेका छन् । प्रबोधनलाई वैचारिक धरोहर मान्दै प्रबोधनका तीन प्रवर्गका रूपमा 'स्वतन्त्रता, समानता र भ्रातृत्वको समुच्चता नै वैज्ञानिक मानवतावाद हो' भनेर उल्लेख गरेका छन् । उ न ल े बहुलवाद, समावेशी तथा सहभागितामूलक लोकतन्त्रको वकालत गरेर न पुँजीवाद, न साम्यवाद सारतः उत्तरआधुनिकतावाद, नवउदारवाद एवम् पुँजीवादको पक्षपोषणकै रूपमा समुन्नत समाजवादको घोषणा गरेका छन् । समाजवादी र साम्यवादी साहित्यमा मार्क्स-एङ्गेल्सले प्रतिक्रियावादी समाजवादअन्तर्गत सामन्ती, निम्नपुँजीजीवी, जर्मन अथवा सच्चा समाजवाद, रूढिवादी अथवा पुँजीजीवी समाजवाद, आलोचनात्मक काल्पनिक समाजवाद र साम्यवादको चर्चा गर्नुभएको थियो । कार्ल मार्क्स-फ्रेडरिक एङ्गेल्सले त्यसका विरुद्ध दृढतापूर्वक सङ्घर्ष गर्नुभएको थियो । वैज्ञानिक समाजवाद- साम्यवादको अपरिहार्यताको

स्पष्ट उल्लेख गर्नुभएको थियो । साम्यवादका सिद्धान्तहरूमा फ्रेडरिक एङ्गेल्सले तीनथरीका समाजवादीहरूको विश्लेषण गर्नुभएको थियो जसमा पहिलो, सामन्तवादी तथा रूढिगत समाजको पुनर्स्थापना जरुरी ठान्ने प्रतिक्रियावादी एवम् सर्वहारा वर्गका विरुद्ध पुँजीजीवीहरूसँग एकगठ हुने । दोस्रो, वर्तमान समाजका समर्थकहरू तथा त्यो समाजको पुनर्गठन चाहने । तेस्रो, प्रजातन्त्रवादी समाजवादी जो निम्न पुँजीजीवी वर्गका हुन्छन् । 'श्रमका सम्पूर्ण साधनहरू उत्पादकलाई सुम्पिई उत्पीडनका विद्यमान अवस्थाहरूको उन्मूलन गरेर र उसरी शारीरिक रूपमा तन्दुरुस्त प्रत्येक व्यक्तिलाई आफ्नो जीविकाका लागि काम गर्न बाध्य गराएर हामी केवल वर्गीय शासन तथा वर्गीय उत्पीडनको आधारलाई नै समाप्त पार्न समर्थ हुन्छौँ तर यस्तो रूपान्तरण कार्यान्वित हुनुभन्दा पहिले सर्वहारा अधिनायकत्वको आवश्यकता पर्न आउँछ र त्यसको पहिलो सर्त नै सर्वहारा वर्गको सेना हो । मजदुर वर्गले आफ्नो मुक्ति प्राप्त गर्ने अधिकार युद्धको मैदानमा जित्नुपर्छ' (कार्ल मार्क्स, पेरिस कम्युन, इन्टरनेसनलको सातौँ वर्षगाँठसम्बन्धी भाषण, सन् १८७१, सेप्टेम्बर २५, पृष्ठ ३३५) भनेर स्पष्ट उल्लेख गर्नुभएको थियो । बहुरूपी समाजवाद एवम् समाजवादीहरूका बारेमा लेनिनले 'विभिन्न प्रकारका समाजवाद छन् । जुन मुलुकमा पुँजीवादी उत्पादन प्रणालीको प्रचलन छ, त्यहाँ पुँजीपति वर्गको ठाउँ लिन गइरहेको वर्गको विचारधारालाई अभिव्यक्त गर्ने समाजवाद छ र जुन वर्गहरूको ठाउँ पुँजीपतिले लिन गइरहेको छ, ती वर्गहरूको विचारधारालाई अभिव्यक्त गर्ने समाजवाद छ । उदाहरणार्थ सामन्ती समाजवाद पछिल्लो खालको समाजवाद हो' (लेनिन, सङ्कलित रचना, भाग १७, पृष्ठ ५२) मा स्पष्ट गर्नुभएको थियो ।

**४) विश्वसाम्राज्यवाद**

साम्राज्यवाद, समाजवाद र उत्पीडित जातिहरूको मुक्ति सम्बन्धमा लेनिनले 'साम्राज्यवाद पुँजीवादको विकासको उच्चतम् चरण हो । उन्नत राष्ट्रहरूमा पुँजीले राष्ट्रिय सीमा नाघिसकेको छ, प्रतियोगिताको स्थानमा एकाधिकारलाई स्थापित गरेको छ र समाजवादको स्थापनाका लागि समस्त वस्तुगत परिस्थितिहरू तयार गरेको छ । साम्राज्यवादले- व्यापक मात्रामा वर्गीय अन्तर्विरोधलाई तीव्र बनाएर, आमजनताको अवस्था खराब तुल्याउँदै सङ्घर्षतिर धकेल्नेछ । आर्थिक क्षेत्रमा- दुष्टहरूको स्थापना र महँगी राजनीतिक क्षेत्रमा- सैनिकवादको वृद्धि, युद्धहरू दोहोरिनु, प्रतिक्रियाको वृद्धि, राष्ट्रिय उत्पीडन र औपनिवेशिक लूटको सुदृढीकरण, व्यापकता आदिमा अभिव्यक्त हुन्छ । विजयी समाजवादले- पूर्ण प्रजातन्त्र स्थापना, जातिहरूबीच पूर्ण समानता, उत्पीडित जातिहरूलाई आत्मनिर्णयको अधिकार दिनुपर्छ, राजनीतिक विभाजनको अधिकार प्रदान गर्नुपर्छ, जनजातिहरूलाई स्वतन्त्र बनाउने र स्वतन्त्र सङ्घका आधारमा सम्बन्ध जोड्नेछन् । विभाजनको अधिकारबिना स्वतन्त्र सङ्घको नारा खोक्रो शब्दाडम्बर ठहरिन्छ' (लेनिन, अक्टोबर, सन् १९१६ मा सोसल डेमोक्रेट, अङ्क १ मा प्रकाशित खण्ड २७, पृष्ठ २५२-२६६) साम्राज्यवाद र समाजवादबीचको भिन्नता स्पष्ट गर्नुभएको थियो । जतिसुकै वैचारिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक, सैन्य विशेषताको विकास गरे तापनि विश्वसाम्राज्यवादको मृत्यु अनिवार्य छ । विश्वसाम्राज्यवादले आमश्रमिक जनतालाई भ्रमित तुल्याउन बन्दुकको नालमा प्रजातन्त्र, स्वतन्त्रता, शान्ति, स्थिरता र समृद्धिको मुकुन्डो लगाए पनि त्यो धुजाधुजा भएको छ । अति एकाधिकार, अतिक्रमण, निजत्व, असमानता, भिडन्त, युद्ध, विध्वंस, शोषण, दमन, विद्रोह, लुटखसोट, लुछाचुँडी, भागबन्डा, भ्रष्टाचार, तस्करी, व्यभिचार, विकृति एवम् विसङ्गतिमा अभिव्यक्त भइरहेको छ । त्यसले वैचारिक एवम् राजनीतिक रूपले अध्यात्मवाद एवम् आदर्शवाद तथा ईश्वरवादको प्रयोग मात्र होइन, विज्ञानको दुरुपयोग गरिरहेको छ । विश्वसाम्राज्यवादले वैज्ञानिक समाजवादको मुटु प्रत्यारोपण र विज्ञानको वैशाखीमा लूटको स्वर्ग बचाउन अतिक्रमण, अति सैन्यीकृत, अन्धराष्ट्रवादी, जातिवाद, धर्मवाद, नश्लवाद र विध्वंसकारी चरित्रद्वारा आफ्नो महासङ्कटहरूको मोचन गरिरहेको छ । विश्व भूमण्डलीकृत राज्यको दिवासपना देखिरहेको छ । आर्थिक रूपमा अति एकाधिकार एवम् केन्द्रीकरण, निगम पुँजीको नियन्त्रणद्वारा सीमित देश एवम् व्यक्तिहरूले विश्वभूमण्डलीकृत शोषण गरिरहेका छन् । सामाजिक र सांस्कृतिक रूपमा उपभोगवाद, उपयोगवाद र उत्तरआधुनिकतावादले मानवसमाजलाई विकृत, भ्रष्टीकरण र क्षतविक्षत मात्र होइन, विखण्डन, विध्वंस, व्यक्तिवादी र अमानवीय बनाइरहेको छ । विश्वसाम्राज्यवादले बेलगाम प्राविधिक तथा पर्यावरणीय सङ्कट पैदा गरिरहेको छ । विश्वसाम्राज्यवादले प्रजातन्त्र (लोकतन्त्र) र मानवधिकारको आवरणमा विश्व मानवजातिलाई भ्रमित गर्न खोजे पनि त्यसले पैदागरेका महासङ्कटहरू त्यसको अवश्यम्भाबी मृत्युमा बदलिनेछ ।

**५) वैज्ञानिक समाजवाद- साम्यवाद**

पेरिस कम्युन, महान् अक्टोबर क्रान्ति र चिनियाँ क्रान्ति, पूर्वीयुरोपका समाजवादी सत्ता, भियतनामी, कोरियन र क्युबाली क्रान्तिको विजय एवम् सफलताले विश्वका लुटेरा वर्गको स्वर्गमा ज्वालामुखी महाविष्फोटको अनुभव गराएको थियो । आज वैज्ञानिक समाजवाद सफलता, असफलता, शिक्षा, नयाँ विशेषता, अन्तरवस्तु र आधारहरूले मात्र होइन, विश्वसाम्राज्यवादी एवम् दलाल पुँजीवादी महासङ्कटको अपरिहार्य एवम् अद्वितीय समाधान बनिरहेको छ । वैज्ञानिक समाजवाद- साम्यवाद विश्वमा लोकप्रिय थियो र छ । वैचारिक विचलन, राजनीतिक, आर्थिक, सांस्कृतिक, आन्तरिक र संशोधनवादको सफलता एवम् पुँजीवादमा पतन, विश्वसाम्राज्यवादको घुसपैठ र घेराबन्दी तथा समाजवादी धारमा विभाजनको बाह्य कारणले वैज्ञानिक समाजवादी सत्ताको विघटन एवम् प्रतिक्रान्ति भयो । विश्वसाम्राज्यवाद र वैज्ञानिक समाजवादबीच विगत र वर्तमानमा भीषण प्रतिस्पर्धा एवम् सङ्घर्ष जारी छ । विश्वसाम्राज्यवादको पराजय र वैज्ञानिक समाजवादको विजय अपरिहार्य छ । यो वैज्ञानिक समाजवादको युग हो । यसमा नयाँ विशेषता एवम् विकास जरुरी छ । यो समाजवादी क्रान्तिको परिणामस्वरूप जन्मिने सामाजिक व्यवस्था हो । वैज्ञानिक समाजवादका अन्तर्वस्तु मानव समाजको विकास, वर्गसङ्घर्ष, सर्वहारावर्गीय अधिनायकत्व, राज्यसत्ता, क्रान्ति र क्रान्तिको नमुना हो । स्टालिनले 'वैज्ञानिक आधारहरूमा आधारित रहेकाले सर्वहारा समाजवादलाई वैज्ञानिक समाजवाद पनि भनिन्छ' भन्नुभएको थियो । यो साम्यवादी सामाजिक-आर्थिक संरचनाको पहिलो चरण पनि हो । वैज्ञानिक समाजवादले शोसक वर्गहरू तथा मानिसद्वारा मानिसको शोषणको अन्त्य, समाजमा मित्रताको भावनाले युक्त र पारस्परिक सहयोगको सम्बन्ध स्थापित गर्दछ । यसले हरेक प्रकारका सामाजिक उत्पीडन, जातिहरूको असमानता, सहर र गाउँ, मानसिक तथा शारीरिक श्रमबीचको अन्तरविरोधहरूको समाधान गर्दछ । यसमा मजदुर, किसान र बुद्धिजीवी समुदायको मैत्रीपूर्ण सामाजिक समूहको निर्माण र तिनीहरूबीचको अन्तर निरन्तर अन्त्य गर्दछ । सामाजिक उत्पादनको विकासबाट जनताको बढ्दो भौतिक तथा सांस्कृतिक आवश्यकता बढीभन्दा बढी पूर्ति हुन्छ । सामाजिक जीवन व्यापक जनवादमा आधारित हुन्छ र श्रमजीवीहरूलाई सक्रिय रूपमा सामाजिक जीवनमा भाग लिनका लागि आकर्षित गरिन्छ । समाजवादी जनवादले श्रम, विश्राम, स्वास्थ्यरक्षा, वृद्धावस्थामा सुरक्षा, आवास, निःशुल्क शिक्षा, नागरिकहरूलाई समाज कानुन आदि सामाजिक अधिकार तथा प्रेस, सभा, सम्मेलन, जुलुस, भाषण, अन्तःस्करण, राजकीय तथा सामाजिक कार्यहरूको सञ्चालनमा सहभागिता र राजनीतिक स्वतन्त्रता सुनिश्चित गर्दछ । पुँजीवादी सम्पत्तिको अधिकरण, राष्ट्रियकरण, सहकारीकरण र सामूहिकीकरण तथा उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व र भौतिक वितरणमा 'हरेकबाट उसको क्षमताअनुसार, हरेकलाई उसको श्रमअनुसार' को सिद्धान्त कार्यान्वयन गरिन्छ । समाजवाद, मुक्ति, न्याय, समानता, शान्ति र समृद्धि अभिन्न छन् । यसले भौतिक तथा सांस्कृतिक विकास, श्रम सङ्गठनको स्वरूप, जीवनपद्धति, चिकित्सा तथा सांस्कृतिक सुविधाहरूमा क्रमशः विकास गर्दै साम्यवादको ढोका खोल्दछ । उत्पादनका साधनहरूमाथि सम्पूर्ण जनताको समान स्वामित्व, वर्गविभेदको अन्त्य, गाउँ र सहर, मानसिक तथा शारीरिक श्रमबीचको विभेदको अन्त्य, श्रम हरेकको जीवन्त आवश्यकता, भौतिक सम्पदाको वितरण आवश्यकताअनुसार, राज्य तथा सम्पूर्ण राजनीतिक र कानुनी उच्च संरचनाको लोप हुनेछ । मुक्त, सचेत श्रमजीवीहरूको सुसङ्गठित साम्यवादको जन्म हुनेछ । मार्क्स-एङ्गेल्सले काल्पनिक समाजवादको गहन विश्लेषण र वैज्ञानिक समाजवादको संश्लेषण गरेर सर्वप्रथम वर्गसङ्घर्षको सिद्धान्त, बलप्रयोगको अनिवार्यता, सर्वहारा वर्गको अधिनायकत्व, जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय समस्याहरूको वैज्ञानिक समाधान दिनुभयो । लेनिनले वर्गसङ्घर्षको सिद्धान्तलाई सर्वहारा वर्गको अधिनायकत्वमा विकास तथा प्रयोग, एउटै देशमा पनि समाजवाद आउने सिद्धान्तको आविष्कार तथा प्रयोग, जनवादी केन्द्रीयता र भूमिगत पार्टी, राज्यसत्ता र क्रान्तिको सिद्धान्तमा नयाँ विकास, सशस्त्र जनविद्रोहको कार्यदिशा र सैन्य विज्ञानमा विकास, सर्वहारा क्रान्तिमा कृषि क्रान्तिको समायोजन, उत्पीडित जातिहरूको आत्मनिर्णयको अधिकार, महिला मुक्तिको सवालमा नयाँ सिद्धान्तको विकास र सर्वहारा अन्तर्राष्ट्रियतावादको विकास गर्नुभयो । माओ त्सेतुङले नयाँ जनवादको विकास, जनताको जनवादी अधिनायकत्व, तीन जादुगरी हतियार (पार्टी, सेना र संयुक्त मोर्चा), दीर्घकालीन जनयुद्ध, जनदिशा, सैन्य रणनीति, कार्यनीति र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको विकास गरेर वैज्ञानिक समाजवादमा महत्वपूर्ण योगदान गर्नुभयो । लेनिनले 'समाजवादको अर्थ वर्गहरूको उन्मूलन हो । वर्गहरूको उन्मूलन गर्नका लागि सर्वप्रथम भूमिपति र पुँजीपतिहरूको तख्ता पल्टाउनु आवश्यक छ...वर्गहरूको उन्मूलनका लागि, दोस्रो कुरा, कारखाना-मजदुर र किसानबीचको भिन्नतालाई खतम पार्नु आवश्यक छ...यो काम गर्नु अतुलनीय रूपले बढी गाह्रो छ र त्यसले आवश्यकीय रूपले लामो समय लिनेछ । वर्गको तख्ता पल्टाउँदैमा हल गर्न सकिने समस्या यो होइन । यसको समाधान सम्पूर्ण सामाजिक अर्थतन्त्रको साङ्गठनिक पुनर्निर्माणद्वारा, वैयक्तिक, असङ्गठित, सानो वस्तु-उत्पादनबाट विशाल मात्राको सामाजिक उत्पादनमा सङ्क्रमणद्वारा मात्र गर्न सकिन्छ' (लेनिन, सङ्कलित रचना, भाग ३०, पृष्ठ ११२) भनी वर्गहरूको उन्मूलन, तख्ता पल्टाउनु, सम्पूर्ण सामाजिक अर्थतन्त्रको साङ्गठनिक पुनर्निर्माण र विशाल मात्राको सामाजिक उत्पादनको सङ्क्रमणमा जोड दिनुभएको थियो । हाम्रो कार्यक्रम लेखमा लेनिनले 'यो सिद्धान्तलाई तपाईं आफ्नो पूरा जानकारीअनुसार सच्चा ठान्नुहुन्छ र यसमाथिको निराधार हमला र विकृतीकरणका प्रयत्नहरूबाट बचावट गर्नुको अर्थ के होइन भने तपाईं सबै प्रकारका आलोचनाहरूको विरोधी हुनुहुन्छ । हामी मार्क्सको सिद्धान्तलाई सम्पूर्ण र पवित्र ठान्दैनौँ । उल्टो, हामी विश्वस्त छौँ- मार्क्सवादले त्यस विज्ञानको मात्र जग हालेको छ जसलाई समाजवादीहरूले, उनीहरू जीवनमा पछि पर्न चाहँदैनन् भने सर्वतोमुखी विकास गर्नुपर्छ । सर्वहारा वर्गको वर्गसङ्घर्ष, आर्थिक सङ्घर्ष र राजनीतिक सङ्घर्षमा विभाजित हुन्छ जुन सङ्घर्षको अन्तिम लक्ष्य- सर्वहारा वर्गद्वारा राजनीतिक सत्तामाथि कब्जा र समाजवादी समाजको निर्माण हो' (लेनिन, सन् १९२५ मा लेनिन ग्रन्थसङ्ग्रहको खण्ड ३ मा पहिलोपटक प्रकाशित । खण्ड ४, पृष्ठ १८२-१८६) भनेर मार्क्सवाद र वैज्ञानिक समाजवादको विकासमा जोड दिनुभएको थियो । उहाँले प्रयोग र विकास गर्नुभयो । वैज्ञानिक समाजवाद स्थापनाका लागि राजनीतिक रूपले विचार कार्यान्वयन, सत्ता सञ्चालनको पद्धति र प्रणालीमा समस्या देखियो । आर्थिक रूपले नागरिकको निजी जीवनप्रति असन्तुलित सम्बन्ध, निजी र सामूहिक पुँजीबीच अस्पष्टता, राजकीय र नोकरशाही पुँजीबीच भिन्नता गर्ने समस्या, नेतृत्वको आर्थिक जीवन अपारदर्शिता र समाजवादी पुँजीको प्रतिस्पर्धाप्रति दीर्घकालीन योजनाको अभाव देखियो । अन्तर्राष्ट्रिय नीति र सम्बन्ध र सांस्कृतिक नीतिमा पनि अभाव देखियो । आर्थिक रूपले पुँजी उत्पादनसम्बन्धी धारणा, निजी र सार्वजनिक पुँजीको सम्बन्ध, निजी पुँजीको स्वतन्त्रता, पारदर्शिता र प्रतिस्पर्धा । राजनीतिक रूपले सत्ताको सैद्धान्तिक विकास, जनप्रतिनिधिहरूको प्रत्यक्ष निर्वाचन, समानुपातिक, समावेशी सहभागिता र प्रत्याह्वानको सुनिश्चितता । जनसंस्कृति, व्यावसायिक र व्यावसायिक संस्कृतिको विकास । नेतृत्वको विकास, संस्थागत प्रणालीको विकासमा जोड दिइएको छ ।

वैज्ञानिक समाजवादका आधारहरू निम्नानुसार छन्- क) मार्क्स-एङ्गेल्सले अनुसन्धानबाट संश्लेषण गरेको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद र लेनिन र माओले विकास गर्नुभएको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोण नै वैज्ञानिक समाजवादको सैद्धान्तिक एवम् दार्शनिक मूल आधार हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणले प्रकृति र मानव समाजलाई प्राकृतिक र वर्ग, राज्यसत्ता र पार्टीलाई मानव निर्मित,

... बाँकी पृष्ठ ४ मा

## वैज्ञानिक समाजवादका ....

गतिशील, परिवर्तनशील, बुझ्न र बदल्न सकिने मान्दछ। ख) राजनीतिक रूपमा मानव समाज उत्पादन सम्बन्धमा प्रवेश, श्रमद्वारा अतिरिक्त उत्पादन, असमान स्वामित्व एवम् वितरणले निजी सम्पत्तिको रक्षाको खातिर राज्यको उत्पत्ति भयो । राज्यलाई बुझ्न र बदल्न सक्ने द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा वैज्ञानिक समाजवाद सबैभन्दा वैज्ञानिक, सबैभन्दा जनवादी, वर्गविरोधी एवम् समानतावादी, न्यायपूर्ण, मानवतावादी, शान्तिवादी र अन्तर्राष्ट्रियतावादी छ । पुँजीवादी र साम्यवादी समाजका बीचमा पहिलोबाट दोस्रोमा रूपान्तरणको अवधि रहन्छ। समाजवाद- साम्यवादको प्रथम अवस्था हो। वैज्ञानिक समाजवादी सत्ता वैज्ञानिक साम्यवादतर्फ अग्रसर हुन्छ। राज्यसत्तालाई पुँजीवादी वर्गको हातबाट श्रमिक जनताको हातमा पुऱ्याइदिन्छ । राज्यसत्ताको मालिक श्रमिक जनता, किसान, मजदुर, महिला, उत्पीडित जाति, जनजाति, बुद्धिजीवी-वैज्ञानिक, सेना र युवा हुनेछ। वैज्ञानिक समाजवादले जनउत्तरदायी, सामूहिक संस्थागत प्रणाली र व्यक्तिगत उत्तरदायित्वको सिद्धान्तलाई अनुसरण गर्दछ। वैज्ञानिक समाजवादमा राज्यको सार्वभौमिकता, स्वाधीनता र अखण्डताको अन्त्य हुन्छ । वैज्ञानिक समाजवादले राज्यमा निजी एवम् संस्थागत रूपले वाक्, प्रदर्शन, सभा, सम्मेलन, प्रेस स्वतन्त्रता पूर्ण रूपले प्रदान गर्दछ। मानवअधिकार एवम् कुनै पनि अधिकारहरूको प्रयोग निजी एवम् संस्थागत स्वतन्त्रता र समाजवादी दायित्वसँग जोडेर गरिन्छन् जसले देश र जनताको सामाजिक समृद्धिलाई प्रत्यक्ष सहयोग पुऱ्याउँछन् । वैज्ञानिक समाजवादले वर्ग, जाति, लिङ्ग, क्षेत्र, समुदायलाई सम्पूर्ण रूपले अधिकार सम्पन्न बनाउँछ । वैज्ञानिक समाजवादले सत्ता सञ्चालनमा पुँजीको हस्तक्षेप वा प्रभावको अन्त्य, जनतालाई प्रत्याह्वान गर्ने अधिकार प्रदान र जनताले विचार, नीति, योजनाका आधारमा वास्तविक लोकतान्त्रिक प्रतिस्पर्धा हुन्छ। ग) आर्थिक रूपमा वैज्ञानिक समाजवादले वैज्ञानिक उत्पादन सम्बन्ध, निजी स्वामित्वको अन्त्य, समान वितरण, शोषण र उत्पीडनको अन्त्य, प्रतिस्पर्धात्मक उत्पादन, आवश्यक निजी स्वतन्त्रताको सुनिश्चितता र समृद्धिको सुनिश्चितता गर्दछ। वैज्ञानिक समाजवादमा आर्थिक प्रणालीको नेतृत्व राज्यले गर्दछ । त्यसमा हरेक योजनाबद्ध आर्थिक कार्यमा आमजनताको सहभागिता हुन्छ । राज्यका हरेक संस्था, निकाय र कम्पनीहरू पूर्ण रूपले सक्रिय हुन्छन् । वैज्ञानिक समाजवादी अर्थप्रणाली मूल रूपले समाज र हरेक जनताको जीवनप्रति उत्तरदायी हुन्छ। वैज्ञानिक समाजवादमा मात्र सबै जनताका लागि गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी, मनोरञ्जन, यातायात, सूचना, भ्रमणको अधिकार पूर्ण रूपले सुनिश्चित हुन्छ। वैज्ञानिक समाजवादले कृषि उत्पादन र औद्योगिक उत्पादनलाई जोड दिन्छ। वैज्ञानिक एवम् प्राविधिक सुविधा सम्पन्न आधुनिक कृषि उत्पादनद्वारा आत्मनिर्भर र औद्योगिक उत्पादनद्वारा समृद्धिको नीति लागू गर्दछ । वैज्ञानिक समाजवादमा पुँजीवादी सम्पत्तिको अधिकरण, राष्ट्रियकरण, सहकारीकरण र सामूहिकीकरण तथा उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व र भौतिक वितरणमा 'हरेकबाट उसको क्षमताअनुसार, हरेकलाई उसको श्रमअनुसार' को सिद्धान्तको कार्यान्वयन गरिन्छ । समाजवाद, मुक्ति, न्याय, समानता, शान्ति र समृद्धि अभिन्न छन् । लेनिनले जोड दिनुभएको 'जो गर्दैन काम उसले पाउँदैन माम' वैज्ञानिक समाजवादी सिद्धान्तबाट महान् मार्क्सले भनेझैँ साम्यवादी समाजको उच्चतम् अवस्थामा समाजले आफ्नो झन्डामा लेख्न सक्छ- 'प्रत्येकबाट उसको योग्यताअनुसार, प्रत्येकलाई उसको आवश्यकताअनुसार' मा छलाङ हान्नेछ। घ) वैज्ञानिक समाजवादको सामाजिक आधार जनवादी र वैज्ञानिक हुन्छ। सामाजिक सुरक्षा, न्याय, शिक्षा, स्वास्थ्य, विकास निर्माण, कृषि, सूचना-सञ्चार, खेलकुद, यातायात, मनोरञ्जन आदि सबै पक्षहरू जनता, समाज र राज्यको हितअनुकूल व्यवस्थित हुन्छन् । सामाजिक जीवन व्यापक जनवादमा आधारित हुन्छ र श्रमजीवीहरूलाई सक्रिय रूपमा सामाजिक जीवनमा भाग लिनका लागि आकर्षित गरिन्छ। समाजवादी जनवादले श्रम, विश्राम, स्वास्थ्यरक्षा, वृद्धावस्थामा सुरक्षा, आवास, निःशुल्क शिक्षा, नागरिकहरूलाई समाज कानुन आदि सामाजिक अधिकार तथा प्रेस, सभा, सम्मेलन, जुलुस, भाषण, अन्तःस्करण, राजकीय तथा सामाजिक कार्यहरूको सञ्चालनमा सहभागिता र राजनीतिक स्वतन्त्रता सुनिश्चित गर्दछ । अमानवीय जात व्यवस्थाको उत्मूलन र राज्यको नेतृत्वमा वर्गविहीन, जातिविहीन, धर्मविहीन नयाँ एवम् समान मानव जातिको निर्माण हुन्छ। समाजमा सामाजिक संस्कार, संस्कृतिको संरक्षण गर्दै धार्मिक अन्धविश्वासलाई राज्यले उन्मूलन गर्दछ। आमजनतालाई वैज्ञानिक ज्ञानद्वारा प्रशिक्षित गर्दछ। ङ) वैज्ञानिक समाजवादको सांस्कृतिक आधार वैज्ञानिक, जनवादी, क्रान्तिकारी, समानतामूलक, सिर्जनात्मक र आदर्शोन्मुख रहेको छ । वैज्ञानिक समाजवादी राज्यले वैज्ञानिक जनसंस्कृतिको सिर्जना, विकास र संरक्षण गर्दछ । भौतिक तथा सांस्कृतिक विकास, श्रम सङ्गठनको स्वरूप, जीवनपद्धति, सांस्कृतिक सुविधाहरूमा क्रमशः विकास गर्दै साम्यवादको ढोका खोल्दछ । वैज्ञानिक समाजवादले विश्वमा न्याय, समानता, मानवता, स्वतन्त्रता, शान्ति एवम् समृद्धि कायम गर्दछ । साथै वैज्ञानिक समाजवादले विश्वको प्राकृतिक स्रोत-साधनको अध्ययन, अनुसन्धान, संरक्षण र परिचालन गरेर मानवजातिको उन्नति, समृद्धिका लागि प्रयोग गर्दछ । वैज्ञानिक समाजवादले स्वच्छ प्राकृतिक पर्यावरणलाई मानव जीवनको अभिन्न पक्ष बनाउँछ । यसले कृत्रिम तरिकाले वा मानव क्रियाकलापबाट हुने वातावरणीय प्रदूषणलाई रोकेर जीवनमैत्री बनाउँछ। पर्यावरणीय समस्या विश्वव्यापी समस्या हो। सबै राष्ट्र र मानवजातिले त्यसको संरक्षण र शुद्धताका पक्षमा उभिने कार्य गर्दछ।

**निष्कर्ष**

वैज्ञानिक समाजवाद- साम्यवादमा मात्र न्याय, मुक्ति, समानता, शान्ति र समृद्धि सम्भव छ । इतिहासदेखि वर्तमानसम्म वैज्ञानिक समाजवाद- साम्यवाद नै सर्वशक्तिमान, सत्य, सम्पूर्ण र सुसंगत छ। विश्वमा वैज्ञानिक समाजवाद- साम्यवाद सर्वोत्कृष्ट अन्वेषण, समाज व्यवस्था र मानव सभ्यता हो भन्ने सिद्धान्त र व्यवहारमा पुष्टि भएको छ । काल्पनिक, युटोपियन, फेवियन, इसाई, सच्चा, प्रजातान्त्रिक समाजवाद, गान्धी समाजवाद, युरो साम्यवाद, राष्ट्रिय समाजवाद, २१ औँ शताब्दीको समाजवाद र संशोधनवादी समाजवादजस्ता बहुरूपी समाजवाद तथा समाजवादीहरूलाई वैज्ञानिक समाजवाद- साम्यवादले परास्त गरिसकेको छ। यो वैज्ञानिक समाजवादको युग हो। त्यसमा नयाँ विशेषता एवम् आधारहरूको विकास जरुरी छ । यो समाजवादी क्रान्तिको परिणामस्वरूप जन्मिने सामाजिक व्यवस्था हो।

माओले 'वर्गसङ्घर्ष उत्पादनका लागि सङ्घर्ष र वैज्ञानिक प्रयोग शक्तिशाली समाजवादी मुलुकको निर्माण गर्नका लागि ती महान् क्रान्तिकारी आन्दोलनहरू हुन् । यी आन्दोलनहरू कम्युनिस्टहरू नोकरशाहीबाट मुक्त हुनेछन् । संशोधनवाद तथा कट्टरवादबाट सुरक्षित रहनेछन् र सधैँभरि अपराजेय रहनेछन् भन्ने कुराका ग्यारेन्टी हुन्' माओ, शारीरिक श्रममा कार्यकर्ताहरूले भाग लिने विषयमा, जेकियाङ प्रान्तका सात सु-लिखितको टिप्पणी, ९ मे, १९६३, माओ, नौलो जनवादका विषयमा, जनवरी १९४०, प्रगतिशील प्रकाशन, माओका उद्धरण उक्तिहरू, २०५९ । भनेझैँ वैज्ञानिक समाजवादका अन्तर्वस्तु मानव समाजको विकास, वर्गसङ्घर्ष, सर्वहारा वर्गीय अधिनायकत्व, राज्यसत्ता र क्रान्तिको नमुना हो । विश्वसाम्राज्यवाद एवम् पुँजीवादको खरानीमा वैज्ञानिक समाजवाद जन्मनेछ। वैज्ञानिक समाजवादले शोसक वर्गहरू तथा मानिसद्वारा मानिसको शोषणको अन्त्य, समाजमा मित्रताको भावनाले युक्त र पारस्परिक सहयोगको सम्बन्ध स्थापित गर्नेछ । यसले हरेक प्रकारका सामाजिक उत्पीडन, जातिहरूको असमानता, सहर र गाउँ, मानसिक तथा शारीरिक श्रमबीचको अन्तरविरोधहरूको समाधान गर्नेछ । यसमा मजदुर, किसान र बुद्धिजीवी समुदायको मैत्रीपूर्ण सामाजिक समूहको निर्माण र तिनीहरूबीचको अन्तर निरन्तर अन्त्य गर्नेछ । सामाजिक उत्पादनको विकासबाट जनताको बढ्दो भौतिक तथा सांस्कृतिक आवश्यकता बढीभन्दा बढी पूर्ति गर्नेछ । सामाजिक जीवन व्यापक जनवादमा आधारित हुन्छ र श्रमजीवीहरूलाई सक्रिय रूपमा सामाजिक जीवनमा भाग लिनका लागि आकर्षित गर्नेछ । समाजवादी जनवादले श्रम, विश्राम, स्वास्थ्यरक्षा, वृद्धावस्थामा सुरक्षा, आवास, निःशुल्क शिक्षा, नागरिकहरूलाई समाज कानुन आदि सामाजिक अधिकार तथा प्रेस, सभा, सम्मेलन, जुलुस, भाषण, अन्तःस्करण, राजकीय तथा सामाजिक कार्यहरूको सञ्चालनमा सहभागिता र राजनीतिक स्वतन्त्रता सुनिश्चित गर्नेछ । पुँजीवादी सम्पत्तिको अधिकरण, राष्ट्रियकरण, सहकारीकरण र सामूहिकीकरण तथा उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व र भौतिक वितरणमा 'हरेकबाट उसको क्षमताअनुसार, हरेकलाई उसको श्रमअनुसार' को सिद्धान्त कार्यान्वयन गरिनेछ । समाजवाद, मुक्ति, न्याय, समानता, शान्ति र समृद्धि अभिन्न हुन्छ। त्यसले भौतिक तथा सांस्कृतिक विकास, श्रम सङ्गठनको स्वरूप, जीवनपद्धति, चिकित्सा तथा सांस्कृतिक सुविधाहरूमा क्रमशः विकास गर्दै साम्यवादको ढोका खोल्नेछ । मानव समाजले आफ्नो झन्डामा लेख्न सक्नेछ- 'प्रत्येकबाट उसको योग्यताअनुसार, प्रत्येकलाई उसको आवश्यकताअनुसार' उत्पादनका साधनहरूमाथि सम्पूर्ण जनताको समान स्वामित्व, वर्गविभेदको अन्त्य, गाउँ र सहर, मानसिक तथा शारीरिक श्रमबीच विभेदको अन्त्य, श्रम हरेकको जीवन्त आवश्यकता, भौतिक सम्पदाको वितरण आवश्यकतानुसार, राज्य तथा सम्पूर्ण राजनीतिक र कानुनी उच्च संरचनाको लोप हुनेछन् ।

नेपालमा सामन्तवादको अन्त्यपछि दलाल पुँजीवाद हावी भएको छ । दलाल पुँजीवादी संसदीय व्यवस्था गम्भीर अन्तरविरोधहरू र चरम सङ्कटबाट पराकाष्ठामा पुगेको छ। विज्ञानका वस्तुगत नियमअनुसार ब्रह्माण्डका सबै वस्तु जस्तै इतिहासका कालखण्डमा समाज व्यवस्थाको खास आयु हुन्छ । विश्वसाम्राज्यवादको अन्त्य र वैज्ञानिक समाजवाद-साम्यवादको जन्म हुनेछ । वैज्ञानिक समाजवाद-साम्यवाद नै सबै महासङ्कटको समाधान हो । आज नेपालका सबै संसद्वादीहरूले समाजवादको ब्यानर बोक्न विवश छन् । समाजवादको विज्ञापनमा दलाल पुँजीवादको खेती एवम् व्यापार गरिरहेका छन् । महान् लेनिनले 'राजनीतिमा शब्दको दुरुपयोग एकदम साधारण कुरा हो । बेलायती बुर्जुवा उदारवादका अनुयायी हारकोटले 'अब हामी सबै समाजवादी बनेका छौँ' बिस्मार्कका समर्थकहरूले र पोपलेओ तेह्रौँका मित्रहरूले अक्सर आफूलाई 'समाजवादी' भन्ने गर्थे ।' (लेनिन, जुन- जुलाई १९०५, खण्ड ११, पृष्ठ १-१३१) भने झैँ आजको दुनियाँमा सबैले समाजवाद र समाजवादीको भ्रम फैलाइरहेका छन् । समाज विचारक 'जोड' ले 'समाजवादको यो टोपी यति धेरैले यति धेरै किसिमले लाए अब त त्यसको मूल स्वरूप नै हराउन आँटिसकेको छ' भनेझैँ नेपालका राजनीतिक दलालहरु वैज्ञानिक समाजवादको बाटोमा अवरोध गर्न समाजवादको नक्कली मुकुन्डो लगाउन विवश भइरहेका छन् । यी तमाम प्रकारका नक्कली एवम् अवैज्ञानिक समाजवादका पुलिन्दा बेच्ने दलाल एवम् सामाजिक पुँजीवादीहरूलाई एङ्गेल्सले भनेझैँ 'प्राचीन वस्तुहरूको सङ्ग्रहालयमा काठको चर्खा र कासको बन्चरोको बगलमा' राखिदिनुपर्दछ । महान् मार्क्सले 'वर्ग-समन्वय सम्भव हुँदो हो त राज्यको जन्म नै हुने थिएन । त्यो नयाँलाई गर्भमा धारण गर्ने प्रत्येक समाजको सुडेनी हो । बल प्रयोग नै यस्तो अस्त्र हो जसको मद्दतद्वारा सामाजिक प्रगतिले आफ्नो बाटो प्रशस्त पर्दछ र जड तथा मृत राजनीतिक रूपहरूलाई चकनाचुर पार्दछ' भन्नुभएझैँ समाजवादी क्रान्तिद्वारा विश्व-साम्राज्यवादको नयाँ ठिमाहा दलाल पुँजीवाद र संसद्वादको अन्त्य र सर्वोत्कृष्ट समाज व्यवस्था र मानव सभ्यता वैज्ञानिक समाजवाद- साम्यवादको विजय अवश्यम्भाबी छ । बहुरूपी समाजवाद र समाजवादीहरू- मुर्दावाद ! वैज्ञानिक समाजवाद-साम्यवाद-जिन्दावाद !

५ फागुन, २०७८

**सन्दर्भ सामग्रीहरू**

१) विश्वदृष्टिकोणमा रूपान्तरण, सुदर्शन, असोज २०७६, रातो खबर प्रकाशन गृह प्रा.लि.

२) नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशन (फागुन १-१० थबाङ) बाट पारित प्रतिवेदन, २०७३

३) पूर्णबहादुर सिंह, शैक्षिक आन्दोलन र एकीकृत जनक्रान्ति (दोस्रो संस्करण, २०७३ जेठ, जनशिक्षा मासिक)

४) मनहरि तिमिल्सिना, समाजवादी क्रान्तिको कार्यदिशा, २०७८, मार्क्सवादी ज्ञान केन्द्र

५) परशुराम तामाङ, नेपाली कम्युनिस्ट आन्दोलनको कार्यदिशा, २०७८ भदौ, जागरण बुक हाउस

६) दार्शनिक र साङ्गठनिक सिद्धान्त (सङ्कलित दुई कृति) चाइना टेक्स्ट बुकको नेपाली रूपान्तरण, इन्द्रमोहन सिग्देल 'वसन्त', इच्छुक सांस्कृतिक प्रतिष्ठान

७) स्टालिनका छानिएका रचनाहरू, कृष्णदास श्रेष्ठ अनुवादक, पैरवी प्रकाशन २०६४

८) दर्शन विश्वकोश, अनुवादक रमेश सुनुवार र नारायण गिरी, नेपाल विज्ञान समाज २०७५

९) जेरेमी रिफ्किन, शून्य सीमान्त लागतमा आधारित सहयोगी समाज, अनुवाद/सम्पादक, रमेश सुनुवार/राजकुमार श्रेष्ठ, १ फागुन, २०७७

१०) मार्क्स-एङ्गेल्स, कम्युनिस्ट पार्टीको घोषणापत्र, प्रथम संस्करण (१९७९), अनुवादक, कृष्णप्रकाश श्रेष्ठ, अग्निपरीक्षा जनप्रकाशन प्रा.लि.

११) डीबी ढकाल, समाजवाद र नेपाल, मङ्सिर, २०७८, जागरण बुक हाउस

१२) मोहन भण्डारी, प्रजातान्त्रिक समाजवाद, भदौ, २०६७, ओरिएन्टल पब्लिकेसन

१३) डा.बाबुराम भट्टराई, अर्थ-राजनीतिक विमर्श, मङ्सिर २०७७, साङ्ग्रिला पुस्तक प्रा.लि.

१४) खगेन्द्र संग्रौला, अनुवादक, सत्ता र सत्य, भदौ, २०७७, बुकहिल पब्लिकेसन प्रा.लि.

१५) डा.गोपाल सिवाकोटी, विश्वका प्रमुख राजनीतिक विचारधारा, दोस्रो संस्करण, २०६१, पैरवी प्रकाशन। आदि।

(नेकपा (बहुमत) का नेता पूर्णबहादुर सिंहको प्रकाशोन्मुख 'वैज्ञानिक समाजवादका अधारहरू' पुस्तकको अंश- सम्पादक।)

## क्रान्तिबाटै सहिदका ....

स्वीकार गर्दै वर्गसङ्घर्ष अपरिहार्य रहेको हुनाले शोषित वर्गले प्रतिरोध सङ्घर्ष बेहोर्नुपर्ने र त्यो प्रतिरोध सङ्घर्षलाई शोषित वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीले जनताको जनवादी अधिनायकत्वसम्म लैजाने प्रतिबद्धता गर्दछ।

३) बारम्बार कम्युनिस्ट पार्टीकै नेतृत्वमा पैदा हुने विचलनलाई रोक्न कम्युनिस्ट पार्टीको हरेक सदस्यले आफू बसेको पार्टी समिति र आफ्नो परिवारलाई समाजवादको एकाइका रूपमा विकास गर्दै लग्नुपर्दछ। यसका साथै समाजवाद आएपछि मात्र होइन, बरु आजैदेखि सांस्कृतिक क्रान्तिलाई लागू गर्दै जाने नीति अँगाल्ने प्रतिबद्धता गर्दछ।

४) हामी जनतासँग कुनै पनि हालतमा अन्धराष्ट्रवादी हुने होइन, बरु सर्वहारा अन्तर ष्ट्रियतावादी हुने प्रतिबद्धता गर्दछौँ।

५) हामी सहिदहरूको सपना साकार पार्न, बेपत्ताहरूको अवस्था स्पष्ट पार्न, घाइते-अपाङ्ग योद्धाहरूका अधुरा सपना पूरा गर्न र राजबन्दीहरूको रिहाइका लागि सङ्घर्ष गर्न प्रतिबद्धता प्रकट गर्दछौँ।

६) 'जनताबाट लिएर जनतालाई दिने', 'तथ्यबाट सत्यको खोजी गर्ने', 'अनुसन्धान नगरी नबोल्ने', 'जनतासँग माछा र पानीको सम्बन्ध कायम गर्ने' माओवादी नीतिमा पार्टी प्रतिबद्ध रहेको छ।

७) न्यूनतम कार्यक्रम तथा राजनीतिक कार्यदिशा वैज्ञानिक समाजवाद एवम् एकीकृत जनयुद्ध र तात्कालिक राजनीतिक कार्यनीति स्वाधीन संयुक्त सरकार, राजनीतिक स्थिरता र सामाजिक रूपान्तरणप्रति दृढ हुँदै यसको उद्देश्य पूरा नहुँदासम्म लागिरहन पार्टी प्रतिबद्धता व्यक्त गर्दछ।

८) पार्टीलाई कुनै पनि विचलनबाट रोक्न सामूहिक नेतृत्वको सामूहिक निर्णयप्रणाली र व्यक्तिगत उत्तरदायित्वको मालेमावादी सङ्गठनात्मक मान्यतामा प्रतिबद्ध रहन्छ।

पार्टीका पत्रकार मित्रहरूमार्फत आमजनसमुदाय !

न्यानो अभिवादन !

हामी सबै भुक्तभोगी छौँ- नेपाली कम्युनिस्ट आन्दोलनमा संसदीय संशोधनवादी रोगले वैज्ञानिक समाजवादी क्रान्तिमा भयङ्कर क्षति पुऱ्याएको छ । पछिल्लो जनआशाको बत्ती बनेको नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन महासचिवमा पनि त्यही रोग सङ्क्रमण भयो। आठौँ केन्द्रीय समितिको १२ औँ कपिलवस्तु बैठकमा उनले दलाल संसदीय व्यवस्थाअन्तर्गत 'स्थानीय चुनावलाई प्रयोग गर्ने' राजनीतिक प्रस्ताव पेस गरे । त्यसका विरुद्ध उक्त बैठकमा अत्यधिक केन्द्रीय सदस्यहरूले प्रस्तावको विपक्षमा आफ्नो मत प्रकट गरे । उक्त मतमा उनीहरूले तत्कालीन नेकपाका नेता विप्लव संसदीय संशोधनवादी दलदलमा धस्सिने सम्भावना बढेकाले त्यसबाट उद्धार गर्न पार्टीलाई 'दलाल संसदीय राज्यसत्ताको निर्वाचन आयोगमा दर्ता गरी चुनावमा भाग नलिने, यस व्यवस्थाको भण्डाफोर गर्ने र देशभक्त तथा जनपक्षीय उम्मेदवार पहिचान भएमा तिनलाई समर्थन गर्न सकिने' विचार प्रकट गरे । त्यसमा उनी मञ्जुर भएपछि विचारहरूले निर्णयात्मक रूप लिए। त्यो निर्णय भएको चार दिनपछि नै १८ चैत, २०७८ को प्रशिक्षणमा नेता विप्लवबाटै निर्णय उल्लङ्घन गरियो। केही दिनपछि उनकै निर्देशनमा तत्कालीन प्रवक्ता प्रकाण्ड निर्वाचन सार्नका लागि हारगुहार गर्दै निर्वाचन आयोग पुगे र चुनावमा भाग लिने मात्र होइन, बरु मोर्चा कसेर भाग लिने हो भनी कुर्लिए। १२ औँ बैठकपूर्व नै षड्यन्त्रअनुसार निर्वाचन आयोगबाट स्वतन्त्र उम्मेदवारहरूका लागि देशैभरि एउटै चिह्न लिने व्यवस्था भएबमोजिम उनीहरूले केन्द्रीय सदस्यहरूसहित स्थानीय चुनावमा भाग लिएका छन् । संसदीय व्यवस्थाअन्तर्गत हुने कुनै पनि तहको निर्वाचन आज संसदीय व्यवस्थाकै सेवा गर्ने साधन बनिसकेकाले साम्यवादी पार्टीको वैज्ञानिक समाजवाद प्राप्तिका लागि उपयोगी बन्न सक्ने दिन गइसकेका छन् । संसारभरि र नेपालमा साम्यवादी दलहरू संसदीय व्यवस्थामा पुगिसकेपछि बत्तीका पुतली साबित भएका छन् । त्यसकारण संसद्वादी चुनाव कार्यनीति मात्र होइन, बरु रणनीतिक महत्वको कार्यनीति बनेको छ। स्टालिनले भनेझैँ 'यसमा भाग लिनु भनेको नजानिँदो ढङ्गले प्रतिक्रियावादी संसद्लाई सेवा गर्नु, जनसमुदायको क्रान्तिकारी भावनालाई कमजोर पार्नु, जनताको क्रान्तिकारी चेतनालाई धमिलो बनाउनु, कुनै पनि क्रान्तिकारी सङ्गठन निर्माण गर्न असमर्थ हुनु र सामाजिक जीवनको विकासका विरुद्ध जानु हो।'

संसदीय व्यवस्थाको स्थानीय चुनाव प्रयोग गर्ने प्रस्ताव तत्कालीन महासचिव विप्लवको नाङ्गिने बिन्दु भए पनि उनको वैचारिक तथा राजनीतिक विचलनका सङ्केतहरू आठौँ महाधिवेशनदेखि नै देखिन थालेका थिए। मूलतः कणिकाहरूदेखि ब्रह्माण्डसम्म लागू हुने भौतिकवादी द्वन्द्ववादको नियम 'विपरीतहरूको एकत्व' लाई पार्टीभित्र लागू गर्न नचाहनु, पार्टीभित्र विकास हुने दुई लाइन सङ्घर्षलाई हटाएर अन्तरसङ्घर्ष मात्र भन्नु, पार्टीभित्र आलोचना तथा आत्मालोचनाको पद्धतिलाई हटाउनु, समाजवादीहरू संसद्मा पुगेर संसदीय व्यवस्थालाई निलेपछि वैज्ञानिक समाजवाद शान्तिपूर्ण तरिकाले ल्याउन सकिन्छ भनी दस्तावेजीकरण गर्नु, एकीकृत जनक्रान्तिलाई मनचिन्ते झोली बनाउनु र यसको ठोस विश्लेषण नगर्नु, निजी स्वामित्व र सामूहिक स्वामित्वको आर्थिक समायोजन गर्ने समन्वयवादी नीति लिनुजस्ता सैद्धान्तिक गल्तीहरू स्पष्ट रूपमा देखिँदै आएका थिए। पार्टीभित्र निरन्तर चल्ने मात्रात्मक सङ्घर्ष संसदीय चुनाव उपयोगको नीतिमा आएर गुणात्मक विस्फोट भयो। यहाँ आइपुग्दा विप्लव प्रवृत्ति दार्शनिक रूपले सारसङ्ग्रहवाद, राजनीतिक रूपले संसदीय संशोधनवाद, सङ्गठनात्मक रूपले निषेधात्मक अधिभूतवाद तथा विसर्जनवाद, सङ्घर्षका दृष्टिले आत्मसुरक्षावाद र आर्थिक दृष्टिले जुझारु अर्थवादका रूपमा देखापऱ्यो । आखिर उग्रवामपन्थी अवसरवादले उग्र दक्षिणपन्थी अवसरवादमा छलाङ माऱ्यो । यही कारणले गर्दा हाम्रो अगाडि क्रान्तिकारी सिद्धान्तमा आधारित क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्ने चुनौती खडा भयो। हामीले यी चुनौतीको सामना गऱ्यौँ।

उपर्युक्त कार्यभार पूरा गर्ने प्रक्रियामा यही वैशाख २१ देखि २३ सम्म नेपाल कम्युनिस्ट पार्टीको विशेष राष्ट्रिय भेला सम्पन्न भएको छ। केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष कमरेड असारेको अध्यक्षता र उक्त सल्लाहकार समितिका सचिव कमरेड पवनको उद्घोषणमा विशेष राष्ट्रिय भेला अन्तर्राष्ट्रिय गीतबाट उद्घाटन भयो । सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनीहरूका परिवारसँग काँधमा काँध मिलाएर सहिदहरूका सपना पूरा गर्ने, बेपत्ता योद्धाहरूप्रति सम्मान प्रकट गर्दै उनीहरूका परिवारहरूसँग हातमा हात मिलाएर बेपत्ताहरूको अवस्था प्रकाशमा ल्याउने र उनीहरूका सपना पूरा गर्ने, घाइते, अपाङ्ग योद्धाहरूलाई सम्मान गर्दै उनीहरूका परिवारसँग सहानुभूतिका साथ घाइते-अपाङ्ग योद्धाहरूको उपचार गर्न राज्यसँग माग गर्ने र उनीहरूका अधुरा सपना पूरा गर्ने, राजबन्दी कमरेडहरूको त्याग-तपस्यालाई सम्मान गर्दै उनीहरूका परिवारसँग सहानुभूतिका साथ राजबन्दीहरूको शीघ्र रिहाइ र झूट्टा मुद्दा खारेजीका लागि सङ्घर्ष गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । तीन सयभन्दा बढी प्रतिनिधि र ५० भन्दा बढी स्वयम्सेवकको उपस्थितिमा उक्त भेलालाई राष्ट्रिय भेला आयोजक समितिका सदस्य सुदर्शनले स्वागत अभिवादन गर्नुभएको थियो। उद्घाटन सत्र सकिएपछि विशेष राष्ट्रिय भेला आयोजक समितिका संयोजक कञ्चनद्वारा 'वैज्ञानिक समाजवादको बाटोमा अघि बढौँ !, संसदीय संशोधनवादका विरुद्ध सङ्घर्ष गरौँ !' शीर्षकको राजनीतिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । त्यसमा प्रतिनिधिहरूलाई १५ समूहमा विभाजन गरी जनवादी वातावरणमा बहस गरिएको थियो । आयोजक समितिका सदस्यहरू र प्रतिनिधिहरूको समूहबाट चुनिएका प्रतिनिधिहरूको बहसपछि राजनीतिक प्रतिवेदन एकमतले पारित गरिएको छ जसअनुसार, नेपाली शोषित-उत्पीडित श्रमजीवी जनताको अग्रदस्ताको नाम नेपाल कम्युनिस्ट पार्टी (बहुमत) रहेको छ। यसको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हुनेछ । यसको कार्यक्रम, कार्यदिशा र कार्यनीति क्रमशः वैज्ञानिक समाजवाद (जनवादी कार्यभारसहितको समाजवादी क्रान्ति), एकीकृत जनयुद्ध र स्वाधीन संयुक्त सरकार हुनेछ । यसको कार्यनीतिक कार्यक्रम-राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, समृद्धि र स्वाधीनता हुनेछ।

विशेष राष्ट्रिय भेलाले क्रान्तिकारी कम्युनिस्टहरूबीच आपसी संवाद, संयुक्त कार्यक्रम, संयुक्त मोर्चा निर्माण, पार्टी एकताका लागि पहलकदमी लिई बृहत् कम्युनिस्ट एकता गर्न निर्देशन गरेको छ। त्यसपछि विशेष राष्ट्रिय भेलाको अध्यक्षमण्डलको निर्देशनबमोजिम आयोजक समितिका सदस्य क. सुदर्शनले राखेको ८१ सदस्यीय नवौँ महाधिवेशन आयोजक समितिको प्रस्ताव एकमतले पारित गरेको छ। तुरुन्तै उक्त समितिको बैठकले क. कञ्चनलाई संयोजक चयन गरेको छ।

## यसकारण हामीले ....

सुदर्शनले विप्लवहरू आजसम्म आइपुग्दा दार्शनिक रूपले सारसङ्ग्रहवादी, राजनीतिक रूपले संसदीय संशोधनवादी, सङ्गठनात्मक रूपले निषेधात्मक अधिभूतवादी तथा विसर्जनवादी, सङ्घर्षका दृष्टिले आत्मसुरक्षावादी र आर्थिक दृष्टिले जुझारु अर्थवादी भएको बताए। पछिल्लो समय स्थानीय चुनावका बारेमा पार्टीले गरेको चुनावसम्बन्धी निर्णय उल्लङ्घन गरेपछि आफूहरूले त्यसका विरुद्ध विद्रोह गरेर पार्टी पुनर्गठन गरेको उनले बताए।

चितवनको विशेष राष्ट्रिय भेलाले क्रान्तिको नयाँ कार्यदिशा र कार्यक्रम बनाएको भन्दै नेता सुदर्शनले देश र जनताप्रति सम्पूर्ण रूपले समर्पित भएर वैज्ञानिक समाजवाद र साम्यवादको लक्ष्यमा निरन्तर अघि बढ्ने, सबैखाले अवसरवाद, संशोधनवाद र साम्राज्यवादका विरुद्ध निरन्तर क्रान्ति गर्ने निर्णय गर्ने उद्घोष पनि गरे।

## नेकपा (बहुमत) ले ....

युक्रेन युद्धमा असंलग्न परराष्ट्र नीति तोडेकोमा उक्त युद्धमा अमेरिकालाई दिएको समर्थन फिर्ता लिन जोडदार माग गर्दछ।

६) यो विशेष राष्ट्रिय भेला संसारका मालेमावादी कम्युनिस्टहरूको क्रान्तिकारी सङ्घर्षमा ऐक्यबद्धता प्रकट गर्दछ।

७) यो विशेष राष्ट्रिय भेला सहिद, बेपत्ता योद्धा, घाइते-अपाङ्ग र राजबन्दीहरूप्रति सम्मान प्रकट गर्दै सहिदहरूको सपना साकार पार्ने दृढता प्रकट गर्दछ, बेपत्ताहरूको खोजी गरी वास्तविकता पत्ता लगाउन सङ्घर्षरत रहने प्रतिबद्धता गर्दछ। घाइते-अपाङ्ग योद्धाहरूको उपचारका लागि सङ्घर्षरत रहने र उनीहरूका सपना साकार पार्ने दृढता व्यक्त गर्दछ र बन्दीहरूको रिहाइका लागि पहल र सङ्घर्ष गर्ने दृढता व्यक्त गर्दछ।

# नेत्रविक्रम चन्द समूहलाई संशोधनवादी संसद्वादी बन्नबाट रोक्न गरिएका प्रयासहरू

**कञ्चन र सुदर्शनमाथिको कथित कारबाही फिर्ता लिई विप्लव रूपान्तरित होऊ : नेकपा डोल्पा**

नेकपा डोल्पाले विज्ञप्ति जारी गर्दै दलाल संसदीय व्यवस्थाको निर्वाचनमा पार्टी निर्णयविपरीत सहभागी भई सहिदको सपना, पार्टी आन्दोलन र क्रान्तिको घात गरेको भन्दै संशोधनवादविरुद्ध लड्ने नेता कञ्चन र सुदर्शनलाई कथित कारबाही गर्ने पार्टीको मूल नेतृत्व विप्लवलाई उक्त निर्णय फिर्ता लिई रूपान्तरित हुन आग्रह गरेको छ।

पार्टी मूल नेतृत्व फुटपरस्त भएको, निषेधात्मक अधिभूतवाद, आत्मसुरक्षावाद, आत्मसमर्पणवाद, नवसंशोधनावाद र दक्षिणपन्थी संशोधनवादी बाटो समातेको भन्दै नेकपा डोल्पाका कार्यालय सचिव अंकले महासचिव विप्लवलाई सैद्धान्तिक, वैचारिक र राजनीतिक बहसका लागि तयार हुन र पार्टी एक ढिक्का बनाउने प्रक्रियामा अगाडि बढ्न पनि आह्वान गरेका छन्।

विज्ञप्तिमा नेतृत्वको क्रान्तिकारी रूपान्तरणसहित पार्टी र आन्दोलन एकताबद्ध बनाउने प्रयास जारी रहेको र पार्टी नेतृत्व रूपान्तरित भएर निर्मम र गम्भीर आत्मसमीक्षा गर्न तयार नभएमा निराशा र धोकाधडीका बीचबाट फेरि पनि चुनौती मोल्दै क्रान्तिको झन्डा बोकेर सङ्घर्षको नयाँ प्रक्रियामा अगाडि बढ्ने गरी तयार रहन पार्टीको सम्पूर्ण तह र तप्कामा रहेका नेता-कार्यकर्तालाई आह्वान गरिएको छ।

**कारबाही फिर्ता गरी पार्टी एक ढिक्का नबनाए विद्रोह : किसान महासङ्घ (क्रान्तिकारी)**

नेकपा निकट अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) ले प्रेस विज्ञप्ति जारी गरी पार्टी महासचिवले गरेको पार्टी सचिवालय सदस्यहरू कञ्चन र सुदर्शनमाथिको कथित कारबाही फिर्ता गरी पार्टीलाई एक ढिक्का बनाउन आह्वान गरेको छ। महासङ्घका अध्यक्ष हरि श्रेष्ठ, उपाध्यक्षहरू कालीबहादुर शाही र कर्ण सेन, महासचिव सागर अर्याल, सचिवहरू सागर तामाङ, दावा हेम्बो र कोषाध्यक्ष दिनेश निरौलाले संयुक्त विज्ञप्ति जारी गरी निषेधात्मकवाद, दक्षिणपन्थी अवसरवाद, आत्मसुरक्षावाद, नवसंशोधनवाद र दक्षिणपन्थी अवसरवादका विरुद्ध विद्रोहको झन्डा उठाउन आह्वान गरेका हुन्।

महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘ हाम्रो महान् तथा गौरवशाली सङ्गठन अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) किसानका समस्या, आमूल परिवर्तन, राष्ट्रियता, जनजीविकाको आन्दोलनका पक्षमा अगाडि बढेको सर्वविदित नै छ । जनतन्त्र र आत्मनिर्भरताका सवालमा सहिदका सपना पूरा गर्न, किसान आन्दोलनलाई अगाडि बढाउन किसानको अग्रीम भूमिका रहेको छ। विश्व-कम्युनिस्ट आन्दोलन र नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएका निषेधात्मकवाद, दक्षिणपन्थी अवसरवाद, आत्मसुरक्षावाद, नवसंशोधनवाद, दक्षिणपन्थी अवसरवादले आन्दोलनलाई धोका दिँदै आएको कुरा हामीलाई जानकारी नै छ।’

विज्ञप्तिमा अगाडि भनिएको छ, ‘नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिको बाह्रौं बैठकको निर्णयलाई लिएर आज पार्टीभित्र बहस चुलिएको छ । केन्द्रीय समितिको बैठकले दलाल संसदीय व्यवस्था नमान्ने, पार्टी निर्वाचनमा भाग नलिने देशभक्त, बुद्धिजीवी, एमसीसीविरोधी स्वतन्त्र उम्मेदवारलाई सहयोग गरी जाने निर्णयलाई कार्यान्वयन गर्ने विषयलाई लिएर पार्टीभित्र विवाद मच्चिएको छ। यही विषयलाई लिएर नेतृत्वभित्र आरोप-प्रत्यारोप गर्दै सचिवालय सदस्य कञ्चन र सुदर्शनलाई कथित कारबाहीसमेत भएको छ । संसदीय दलदलमा नफस्न, यस्ता गतिविधिलाई मिलाएर लैजान र कारबाही फिर्ता गरी बैठक, भेला आयोजना गरेर समस्याको हल खोज्नु र एकीकृत जनक्रान्तिको कार्यदिशा र वैज्ञानिक समाजवादको कार्यदिशा पूरा गर्नु आजको आवश्यकता हो । यस्ता समस्या हल गरी पार्टीलाई एक ढिक्का बनाएर अगाडि बढ्न अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) अनुरोध गर्छ।’

**कथित कारबाहीका विरुद्ध क्रान्तिकारी ट्रेड युनियन महासङ्घ**

नेकपा आबद्ध अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ केन्द्रीय समिति पार्टी केन्द्रीय सचिवालय सदस्यहरू कञ्चन र सुदर्शनलाई महासचिव विप्लवले गरेको कथित कारबाहीका विरुद्ध उभिएको छ। महासङ्घ केन्द्रीय समितिको बैठकले पार्टीको मूल नेतृतव अर्थात् महासचिव विप्लवमा नै राजनीतिक दार्शनिक तथा वर्गीय दृष्टिकोणमा गम्भीर समस्या देखिएकाले यस्ता पात्र र प्रवृत्तिका विरुद्ध लड्नु र विद्रोह गर्नु सबैको अधिकार रहेको निष्कर्ष निकालेको छ।

महासङ्घको केन्द्रीय समितिले बैठकपछि हस्ताक्षरसहित जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘पार्टी पुनर्गठनको आठ वर्षको अनवरत सङ्घर्ष र बलिदानबाट स्थापित बन्न पुग्यो तर पछिल्लो चरणको पार्टीभित्रको विवादित विषयलाई हेर्दा राजनीतिक, दार्शनिक तथा वर्गीय दृष्टिकोणमा गम्भीर समस्या मुख्य नेतृत्वपङ्क्तिमा देखिनु श्रमिकहरूका निम्ति वडो विडम्बनाको विषय हो। यस्ता पात्र र प्रवृत्तिका विरुद्ध लड्नु र विद्रोह गर्नु हामी सबैको अधिकार हो।’

विज्ञप्तिको पूर्ण विवरण यसप्रकार रहेको छ :

हामी श्रमिकहरूको नेतृत्वदायी सङ्गठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ श्रमिक अधिकार, पूर्ण न्याय र समानताको एजेन्डासहित हकअधिकार प्राप्तिको सङ्घर्षमा जुनसुकै मूल्य चुकाउन पनि तत्पर रहेको विषय सबैमा विदितै छ । पछिल्लो चरण दलाल संसदीय व्यवस्थाले श्रमजीवी वर्गमाथि अमानवीय शोषण, दमन र अत्याचार गरिरहेको विस्मयकारी परिस्थितिमा वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् उद्देश्यका साथ एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत नेपाल कम्युनिस्ट पार्टीद्वारा सञ्चालित विभिन्न राजनीतिक आन्दोलन, जनसङ्घर्षहरूमा सक्रियतापूर्वक सहभागिता जनाउँदै आइरहेका थियौं । आगँमी दिनहरूमा पनि वैचारिक तथा राजनीतिक रूपमा क्रान्तिकै पक्षभन्दा अन्य विकल्प सोच्न पनि सकिने विषय रहेन। हाम्रो सङ्गठन न्यायप्रेमी श्रमिकहरूका निमित्त आशा र भरोसापूर्ण विकल्प बन्न सकेको यथार्थ पनि तथ्यमा हेर्न सकिन्छ।

पार्टी पुनर्गठनको आठ वर्षको अनवरत सङ्घर्ष र बलिदानबाट स्थापित बन्न पुग्यो तर पछिल्लो चरणको पार्टीभित्रको विवादित विषयलाई हेर्दा राजनीतिक, दार्शनिक तथा वर्गीय दृष्टिकोणमा गम्भीर समस्या मुख्य नेतृत्वपङ्क्तिमा देखिनु श्रमिकहरूका निम्ति वडो विडम्बनाको विषय हो । यस्ता पात्र र प्रवृत्तिका विरुद्ध लड्नु र विद्रोह गर्नु हामी सबैको अधिकार हो। अनधिकृत ढङ्गबाट दुनियाँ हँसाउने गरी गालीगलौज, निर्लज्ज कारबाही गर्ने कार्य कम्युनिस्ट संस्कृतिभित्र पर्दैन र विधि-पद्धतिभन्दा बाहिर जाने छूट कसैलाई पनि हुनै सक्तैन। पार्टीको आन्तरिक समस्या मिलाउनुभन्दा पनि बल्झाउने कार्यले हामी सबै स्तब्ध भएका छौं। यस्ता क्रियाकलाप बन्द गरी गल्तीकमजोरी सच्याउँदै एकआर्कामा रूपान्तरणसहित क्रान्तिकारी कार्यभार पूरा गर्न हाम्रो सङ्गठन नेतृत्वलाई जोडदार माग गर्दछ। अतः बलिदानको कीर्तिमान खडा गरी श्रमिक मुक्तिको स्वर्णिम प्रस्तावमा रगतको हस्ताक्षर प्रदान गरेर अघि बढिरहेको हाम्रो सङ्गठन सम्पूर्ण कमरेडहरू र सङ्गठित मित्रहरूमा आह्वान गर्दै रत्तिभर विचलित नभई क्रान्तिकारी मजदुर आन्दोलनका बाँकी कार्यभार पूरा गर्ने दिशामा अघि बढ्न हार्दिक अपिल गर्दछौं।

**कारबाही फिर्ता लिई राजनीतिक बहसमा आउन विप्लवलाई नेकपा जाजरकोटको आह्वान**

नेकपा जाजरकोटले दलाल संसदीय व्यवस्थाको स्थानीय निर्वाचनलाई सहिदहरूको सपना, पार्टी आन्दोलन र क्रान्तिभन्दा ठूलो ठान्दै पार्टी निर्णयविपरीत पार्टीलाई धरापमा पार्न र फुटपरस्त भई महासचिव विप्लवले पार्टीका सचिवालय सदस्यहरू कञ्चन र सुदर्शनमाथि गरेको कथित जिम्मेवारी मुक्तको अन्यायपूर्ण कारबाही फिर्ता लिई राजनीतिक, वैचारिक र सैद्धान्तिक बहसका लागि तयार हुन आह्वान गरेको छ।

पार्टी सेक्रेटरी प्रेमबहादुर चलाउने ‘अनन्त’ ले शनिबार जारी गरेको प्रेस विज्ञप्तिमा नेतृत्वको क्रान्तिकारी रूपान्तरणसहित पार्टी र आन्दोलन एकताबद्ध बनाउने उद्देश्य जारी नै रहेको र पार्टी नेतृत्व रूपान्तरण भएर गम्भीर र निर्मम आत्मसमीक्षा गर्न तयार भएन भने चुनौतीहरूको सामना गर्दै क्रान्तिको झन्डा बोकेर सङ्घर्षको नयाँ प्रक्रियामा अगाडि बढ्ने गरी तयार रहन सम्पूर्ण नेता-कार्यकर्ता, शुभचिन्तक, समर्थक र आमजनसमुदायमा अपिल गरिएको छ।

**कारबाही फिर्ता नगरिए क्रान्तिको झन्डा उठाइन्छ : आजाद सेन**

प्रवासी नेपाली जनसमाज, भारत केन्द्रीय समितिका अध्यक्ष आजाद सेन थापाले प्रेस विज्ञप्ति जारी गर्दै पार्टी सचिवालय सदस्यहरू कञ्चन र सुदर्शनमाथि महासचिव विप्लवले गरेको कथित कारबाही फिर्ता लिन आग्रह गरेका छन् । अन्यथा समाजको क्रान्तिकारी इतिहास कायम गर्दै क्रान्तिको झन्डा बोक्ने अध्यक्ष थापाले बताएका छन् । उनले भनेका छन्, ‘सिङ्गो पार्टी नेतृत्व रूपान्तरण भएर निर्मम र गम्भीर आत्मसमीक्षा गर्न तयार भएर समस्याको समाधान दिनुपर्छ। प्रवासी नेपालीहरूको अभिभावक सङ्गठन प्रवासी नेपाली जनसमाज भारतको इतिहास तिरन्तर क्रान्तिको इतिहास रहेको छ र आगामी दिनमा पनि आफ्नो क्रान्तिकारी इतिहासलाई कायम राख्दै सहिदले देखाएको सपनालाई पूरा गर्ने प्रतिबद्धता जाहेर गर्दछौं।’

थापाले जारी गरेको प्रेस विज्ञप्तिको पूर्ण विवरण यसप्रकार रहेको छ :

नेपाली श्रमजीवी जनता र विशेषतः युवा शक्तिहरू आज पराइ मुलुकहरूमा हेलाहोचो र अपमानित मात्र होइन, श्रमशोषण गराउन, अस्मिता लुटाउन र जीवन नै गुमाउनसमेत बाध्य र विवश छन् । लाखौंलाख स्वाभिमानी परिश्रमी इमानदार नेपालीहरूको अवस्था दिन-प्रतिदिन झन्झन् कहालीलाग्दो बन्दै गइरहेको यो अवस्थामा पनि आमूल रूपान्तरण, राष्ट्रियता, स्वाधीनता, जनजीविका र जनतन्त्रका सवालमा निरन्तर सङ्घर्ष गर्दै सहिदहरूले देखाएको मार्ग पछ्याउँदै अगाडि बढिरहेको सर्वविदितै छ। प्रचण्डले सिङ्गो माओवादी आन्दोलनलाई नै संसदीय व्यवस्थामा विघटन गरेपछि माओवादी आन्दोलनमा देखिएका विचलन र विसर्जनबाट विद्रोह गर्दै किरण नेतृत्वमा आइपुग्दा विचार, राजनीतिक उच्चतासहित गरेको विद्रोह गतिहीन भएको भन्ने निष्कर्षसहित एकीकृत जनक्रान्तिको कार्यदेशा निर्माण गर्दै दलाल संसदीय व्यवस्थाविरुद्ध वैज्ञानिक समाजवादको सपना बोकेर विप्लवको नेतृत्वमा नेकपा गठनसँगै प्रवासी नेपालीहरूको नेतृत्व गर्दै सिङ्गो नेतृत्व पङ्क्तिप्रति आशा र भरोसाका साथ नयाँ सङ्घर्षको आन्दोलनमा होमिएको हाम्रो प्यारो सङ्गठन प्रवासी नेपाली जनसमाज, भारत आज पार्टीको १२ औं पूर्ण बैठकले लिएको स्थानीय चुनावको प्रयोग कार्यनीतिलाई राम्रोसँग नबुझ्दै पार्टी सचिवालयका सदस्यहरूको र केही केन्द्रीय सदस्यहरूको मिडियाबाजी, लेखरचना र अभिव्यक्तिमाथिको अनावश्यक टीकाटिप्पणीबाट निराश आक्रोश र सशङ्कित बनाउँदै गएको यो विषम परिस्थितिमा हाम्रो गम्भीर ध्यानाकर्षण गरेको छ।

पार्टीका सचिवालय सदस्यद्वय धर्मेन्द्र बास्तोला र हेमन्तप्रकाश ओलीमाथि सचिवालयले गरेको जिम्मेवारीमुक्तको कारबाही विधान र विधिगत नभएकोमा हामी स्तब्ध भएका छौं । उक्त कदम फिर्ता लिई पार्टीको केन्द्रीय समितिको बैठक बोलाई सैद्धान्तिक, वैचारिक र राजनीतिक बहसका लागि सबै ढोकाहरू खुला राख्दै अविलम्ब पार्टी एकताबद्ध बनाउने प्रक्रिया अगाडि बढाउन पार्टीको मुख्य नेतृत्व महासचिवलाई हार्दिक आग्रह गर्दछौं । सम्पूर्ण नेतृत्वको क्रान्तिकारी रूपान्तरणसहित पार्टी र आन्दोलनलाई एकताबद्ध बनाउने सबैको पवित्र उद्देश्य हुनुपर्छ । त्यसका निम्ति फुटलाई मलजल गर्ने गुट-उपगुटमा रमाउनेजस्ता दुस्साहसपूर्ण कार्य बन्द गर्न हाम्रो सङ्गठन जोडदार माग गर्दछ । सिङ्गो पार्टी नेतृत्व रूपान्तरण भएर निर्मम र गम्भीर आत्मसमीक्षा गर्न तयार भएर समस्याको समाधान दिनुपर्छ। प्रवासी नेपालीहरूको अभिभावक सङ्गठन प्रवासी नेपाली जनसमाज भारतको इतिहास तिरन्तर क्रान्तिको इतिहास रहेको छ र आगामी दिनमा पनि आफ्नो क्रान्तिकारी इतिहासलाई कायम राख्दै सहिदले देखाएको सपनालाई पूरा गर्न प्रतिबद्धता जाहेर गर्दछौं।

**विप्लव-प्रकाण्डको पलायनका विरुद्ध गर्जिए एकीकृत जनक्रान्तिका सहिद परिवारहरू**

एकीकृत जनक्रान्तिका महान् सहिदका परिवारहरूले विप्लव-प्रकाण्ड गुटले रोजेको पलायन र आत्मसमर्पणका विरुद्ध आक्रोशित बन्दै सहिदका सपना पूरा गर्न क्रान्तिमार्गमा अविच्छिन्न लामबद्ध हुने प्रण गरेका छन्। महान् जनयुद्धका सहिद तथा बेपत्ता योद्धाका परिवारले यसअघि नै कायरता र पलायनको बाटोका विरुद्ध क्रान्तिमार्गमा लामबद्ध हुन आह्वान गरिसकेका छन्। एकीकृत जनक्रान्तिका महान् सहिद निरन्तरकी जीवनसँगिनी पुनमाया डङ्गोल भण्डारी, सहिद प्रज्वलका बहिनीहरू मनीषा र कलशा शाही, सहिद महानकी जीवनसँगिनी मालती रानामगर, सहिद दीपेन्द्रकी जीवनसँगिनी बिना सुवर्णकार र सहिद रामकमार श्रेष्ठकी आमा मीनामाया श्रेष्ठले संयुक्त वक्तव्य जारी गर्दै आफूहरू विप्लव-प्रकाण्ड गुटको पलायनवादी, अवसरवादी, संशोधनवादी र चुनावपरस्त लाइनमा नभएर क्रान्तिकारी लाइनमा रहेको प्रस्ट पारेका हुन्। उनीहरूले विप्लव-प्रकाण्ड नसच्चिए क्रान्तिको झन्डा बोक्न क्रान्तिकारी नेता-कार्यकर्तालाई आह्वान पनि गरेका छन्।

सहिद परिवारद्वारा बिहीबार जारी वक्तव्यमा भनिएको छ, ‘नेपालको क्रान्तिकारी आन्दोलन भीषण क्रान्ति र प्रतिक्रान्तिका उतारचढावका बीचबाट अगाडि बढिरहेको छ । महान् जनयुद्धको १० बर्से ऐतिहासिक आन्दोलन सफलता उन्मुख हुँदै गर्दा लाखौं जनता, हजारौं सहिद, बेपत्ता र योद्धाहरूको सपनाको चिरहरण गर्दै प्रचण्डले सिङ्गो माओवादी आन्दोलनलाई संसदीय फोहोरी खेलमा लगेर विघटन गरे । माओवादी आन्दोलनमा देखिएका विचलन र विसर्जनबाट विद्रोह गर्दै किरणसम्म आइपुग्दा विचार, राजनीतिक उच्चतासहित गरेको विद्रोह गतिहीन भएको भन्ने निष्कर्षसहित एकीकृत जनक्रान्तिको कार्यदिशा निर्माण गर्दै दलाल संसदीय व्यवस्थाविरुद्ध वैज्ञानिक समाजवादको सपना बोकेर विप्लवको नेतृत्वमा नेकपा गठन भयो । वर्तमानको व्यवस्था, संविधान, नियम, कानुनविरुद्ध नयाँ व्यवस्थाको परिकल्पना गरेको नेकपा र नयाँ सपना बोकेर एकीकृत जनक्रान्तिको यात्रामा होमिएका हजारौं जनता, नेता-कार्यकर्ताहरूको सपनामाथि बुधबार नेकपाका महासचिव विप्लवद्वारा जारी विज्ञप्तिले कुठाराघात मात्रै होइन, गम्भीर प्रकारको धोका भएको छ। फेरि पनि हामी एकीकृत जनक्रान्तिका सहिद परिवार विप्लव-प्रकाण्डलाई सच्चिन, पार्टी केन्द्रीय समितिले गरेको निर्णयबाट नभाग्न र पार्टी विघटनको वक्तव्य फिर्ता लिन महासचिव विप्लवलाई अपिल गर्दछौं।’

वक्तव्यमा अगाडि भनिएको छ, ‘पार्टीमा देखिएका समस्याहरूलाई छलफल र बहसबाट भागेर पार्टीको महासचिवले पार्टी विघटनको घोषणा गर्नु आपत्तिजनक मात्रै नभई आफ्नो लक्ष्य, विचार र आन्दोलनबाट भागेको पुष्टि भएको छ। एकीकृत जनक्रान्ति विशाल जनता, सयौं-हजारौं नेता-कार्यकर्ता तथा १२ जना हाम्रा प्रियजनको रगतले लत्पतिएको अतुलनीय देन, मेहनत र पसिनाको सङ्गम हो नेकपा । सिङ्गो पार्टीलाई मुठीभर मान्छेको अधीनमा राखेर क्रान्ति अगाडि बढ्न सक्दैन, न त हामीले खोजेको वैज्ञानिक समाजवाद स्थापना नै हुनसक्छ। अन्यथा नेकपाभित्र विप्लव-प्रकाण्ड गुटमा देखिएको गम्भीर प्रकृतिको वैचारिक विचलन धोका मात्रै नभई हामी सहिद परिवारको दृष्टिमा अक्षम्य अपराध हो भन्ने पुष्टि हुन पुगेको छ। यो प्रक्रियामा हामीले हाम्रा परिवारका १२ प्रियजन गुमायौं। परिवारको सपनालाई समाज र देश बदल्ने उच्च चाहना राखेर एकीकृत जनक्रान्तिको मैदानमा होमिएका हाम्रा प्रियजन सपनाको बाटोमा केही पाइला नटेक्दै सामान्य सङ्घर्षमा गुमाउनु पर्दाको पीडालाई शब्दमा व्यक्त गर्न सकिँदैन । सुन्दर सपना बोकेका कलिला अनुहारहरू क्षणभरमै काठमाडौंका गल्लीबाट क्षतविक्षत शरीर र मासुका टुक्राहरू बलुटेर पशुपति आर्यघाट पुग्दै गर्दा टुक्रा परेका लाससँग हामीले प्रतिबद्धता गरेका थियौं- हामी पार्टीको यो बाटोमा साथ दिनेछौं । हामीले हाम्रो पार्टीलाई अभिभावक ठान्यौं । घटनाबारे थुप्रै शङ्का, प्रमाण, बिमति पार्टीभित्र राख्यौं। सामान्य बन्दको कार्यक्रममा बमको प्रयोग के थियो ? वा बमबारे केही पनि नजानेका मानिसलाई बम किन भिराइयो ? वा नेताका आफन्त किन प्रयोग हुँदैनन् यस्ता कार्यक्रममा ? यस्ता प्रश्न उठाउँदै गर्दा देश र राष्ट्रका लागि बलिदान भयो भन्ने विचारको उच्चताले जितिरह्यो।’

वक्तव्यको अन्त्यमा भनिएको छ, ‘तर ३ बुँदे सहमतिपछि नेकपामा देखिएको परिवर्तनले शङ्काहरू थुप्रै जन्मिए। अन्ततः विप्लवको यही संसदीय फोहोरी खेलमा गएर नेकपा विघटन गर्ने चुनावी प्रस्तावले सबै कुरा सडकमा ल्याइदियो। अतः अब विप्लव र प्रकाण्ड नसच्चिने हो भने धोका, बेइमानी, गद्दारी र राजनीतिक अपराधलाई हामी सहिद परिवारले काँध थाप्न नसक्ने कुरा स्पष्ट पार्न चाहन्छौं र १२ जनाको हत्या केका लागि थियो ? विप्लव-प्रकाण्डलाई जबाफ दिन अपिल गर्दछौं। विचारबाट स्खलित भएका नेताहरूको आरोप-प्रत्यारोपले हामीलाई निकै दुःखी बनाएको छ । अब हामीले आशा गरेका विप्लव-प्रकाण्ड रहेनन् । हामी सहिद परिवारहरू क्रान्तिको झन्डा उठाउन नेकपाका क्रान्तिकारी नेता-कार्यकर्ताहरूलाई अपिल गर्दछौं । हाम्रा प्रियजनको सपना सडकमा नसुकाउन हामी हातेमालो अवश्य गर्नेछौं। साथै हामी सहिद परिवार, सहिदका सपना, जनता र नेकपाका समर्थक-शुभचिन्तकमाथि जुन अपराध भएको छ, यसको सम्पूर्ण हिसाब-किताब गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछौं।’

स्मरणीय छ, नेकपाको बाह्रौं केन्द्रीय समितिको बैठकको निर्णय लत्याउँदै विप्लव-प्रकाण्डले विभिन्न स्थानमा पार्टीका नाउँमा नेता-कार्यकर्तालाई यही दलाल पुँजीवादी संसदीय व्यवस्थाको चुनावमा उठाएपछि पार्टीभित्र क्रान्तिकारी र आत्मसमर्पणवादी लाइनबीच तीव्र वैचारिक सङ्घर्ष चुलिएको समयमा विप्लवले आत्मसमर्पणवादी लाइनको समर्थन गर्दै क्रान्तिकारी विचारका नेताहरू धर्मेन्द्र बास्तोला ‘कञ्चन’ र हेमन्तप्रकाश ओली ‘सुदर्शन’ लाई कथित निष्कासन गरेको विज्ञप्ति जारी गरेका थिए । सहिद परिवारहरूको वक्तव्य विप्लवको उक्त पलायन र कायरतावादी हर्कतपछि सार्वजनिक भएको हो।

**दुई नेतामाथिको कारबाही फिर्ता गर : जनप्रगतिशील मोर्चा साउदी**

नेकपा निकट नेपाली जनप्रगतिशील मोर्चा साउदी अरबले विज्ञप्ति प्रकाशित गर्दै पार्टी महासचिव विप्लवले हचुवामा पार्टी सचिवालय सदस्यहरू कञ्चन र सुदर्शनलाई जिम्मेवारी मुक्त गरेको भन्दै जारी गरेको विज्ञप्ति फिर्ता लिई पार्टीलाई विभाजन हुनबाट जोगाउन आग्रह गरेको छ। मोर्चाले विज्ञप्ति जारी गर्दै भनेको छ, ‘पार्टीका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला र हेमन्तप्रकाश ओलीमाथि सचिवालयले गरेको जिम्मेवारी मुक्तको कारबाही विधान र विधिगत नभएकाले उक्त कदम तत्काल फिर्ता लिई टुटफुट, गुटबन्दी, छलछामको राजनीति बन्द गरी पार्टीको नीति, विधि, विधानसम्मत सैद्धान्तिक, वैचारिक, राजनीतिक, आर्थिक, नैतिक, भौतिक, सामाजिक सबै कुरा स्पष्ट र पारदर्शी बनाउँदै अविलम्ब पार्टी एकताबद्ध बनाउने प्रक्रिया अगाडि बढाउन जिम्मेवार पार्टी नेतृत्व महासचिवलाई

नेपाली जनप्रगतिशील मोर्चा साउदी अरब हार्दिक अपिल गर्दछ।’

मोर्चाका अध्यक्ष टीकाराम ओली ‘दर्शन’ र महासचिव विपीन शर्मा निरौला र विज्ञप्तिमा भनिएको छ, ‘नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको १२ औं पूर्ण बैठकले गरेको निर्णय नै पार्टीको आधिकारिक निर्णय हुने भएको हुँदा संस्थापन पक्षले पार्टीको निर्णयविपरीत आफूखुसी पार्टीकै सदस्य रहेर खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने संसदीय व्यवस्थाको स्थानीय निकायको चुनावमा प्रत्यक्ष पार्टीका केन्द्रीय सदस्यहरूले चुनावका लागि दिएको उम्मेदवारी पार्टीको १२ औं पूर्ण बैठकले गरेको निर्णयविपरीत भएको हुँदा सबैले पार्टीको निर्णय मान्नुपर्ने हुन्छ तर संस्थापन पक्षबाटै पार्टीको निर्णयलाई लत्याएको, पार्टीभन्दा व्यक्ति माथि भएर आफूखुसी गरेको प्रति नेतृत्वलाई खबरदारी गरेकै कारण नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्यहरू कमरेड धर्मेन्द्र बास्तोला ‘कञ्चन’ र सुदर्शनलाई एकतर्फी रूपमा पदमुक्त गरिएकोमा हाम्रो ध्यानाकर्षण भएको छ । त्यस्ता खालका कारबाहीले आमपार्टीप्रति आस्था राख्ने पार्टीभित्र र बाहिरका नेता-कार्यकर्ता र शुभचिन्तकहरूमा गम्भीर असर पर्ने उक्त कारबाही हाम्रा लागि आपत्तिजनक छ किनकि लाखौंलाख स्वाभिमानी, परिश्रमी, इमानदार नेपालीहरूको अवस्था दिन-प्रतिदिन झन्-झन् कहालीलाग्दो बन्दै गइरहेको अवस्थामा पनि आमूल रूपान्तरण, राष्ट्रियता, स्वाधीनता, जनजीविका र जनतन्त्रका सवालमा निरन्तर सङ्घर्ष गर्दै सहिदहरूले देखाएको मार्ग पछ्याउँदै अगाडि बढिरहेको पार्टीभित्र यस्तो खालको प्रवृत्ति देखापर्नु देश र जनताको हितविपरीत हुन्छ।’

**अखिल क्रान्तिकारीका महासचिव, सचिव र कोषाध्यक्षद्वारा पार्टी महासचिव नसच्चिए विद्रोहको झन्डा बोक्ने चेतावनी**

नेकपाको जनवर्गीय सङ्गठन अखिल क्रान्तिकारीका महासचिव मिलन राई, सचिव वीरेन्द्र शाह र कोषाध्यक्ष रूपा बुढामगरले प्रेस विज्ञप्ति जारी गर्दै पार्टी महासचिव विप्लवले सहिदहरूको सपना, पार्टी/आन्दोलन र क्रान्तिभन्दा ठूलो ठानेर दलाल संसदीय व्यवस्थाको स्थानीय निर्वाचनमा पार्टी निर्णयविपरीत लहसिएर पार्टी फुटाउन उद्यत हुँदै पार्टीका सचिवालय सदस्यद्वय धर्मेन्द्र बास्तोला र हेमन्तप्रकाश ओलीमाथि गरेको कथित जिम्मेवारी मुक्तको अन्यायपूर्ण र पूर्वाग्रही कारबाहीले सङ्गठन स्तब्ध भएको बताएका छन् । तीनैजना पदाधिकारीले सङ्गठनको केन्द्रीय समितिका तर्फबाट संयुक्त रूपमा बिहीबार जारी गरेको विज्ञप्तिमा पार्टी नेतृत्वको क्रान्तिकारी रूपान्तरणसहित पार्टी र आन्दोलन एकताबद्ध बनाउने पवित्र उद्देश्य अझै जारी रहेको तर पार्टी नेतृत्व रूपान्तरण भएर निर्मम र गम्भीर आत्मसमीक्षा गर्न तयार भएन भने निराशा र धोकाधडीबीचबाट फेरि पनि चुनौती मोल्दै क्रान्तिको झन्डा बोकेर सङ्घर्षको नयाँ प्रक्रियामा अगाडि बढ्ने गरी तयार रहन सम्पूर्ण नेता-कार्यकर्ता, शुभचिन्तक र समर्थक विद्यार्थीमा हार्दिक आह्वान गरिएको छ।

विज्ञप्तिमा अगाडि भनिएको छ, ‘हाम्रो महान् तथा लाखौं विद्यार्थीहरूको प्रिय सङ्गठन अनेरास्ववियू (क्रान्तिकारी) शिक्षाको समग्र आमूल रूपान्तरण, राष्ट्रियता, जनजीविका र जनतन्त्रका सवालमा निरन्तर हाम्रा सहिदहरूले

... बाँकी पृष्ठ ७ मा

नियात्रा

## जाजरकोट– टालेगाउँ यात्रा :

# आँखैमा राख्छु मेरो देश, मुटुमा राख्छु मेरो देश...



अशोक सुवेदी

'ऊः त्यो रमाका हिमाल, २०५७ सालमा जनयुद्धका महान् सहिदहरू रतिलाल रावल, मानबहादुर ओली, मानबहादुर रावल, लक्ष्मण खड्का, लालबहादुर रानामगर, कालीबहादुर बुढा, कालीबहादुर परियार, हिरे ओली, गगनबहादुर शाहीका नाउँमा रहेको नाउँ हो । यसअघि यो हिमालको नाउँ च्याखुरे थियो । त्यो कुशे, त्यो पूर्वउत्तरतिरको सिज र त्योचाहिँ बडालेक .....।' महान् जनयुद्धको ऐतिहासिक पाँचकटिया मोर्चाको विजयकिल्लामा उभिएर कमरेड पूर्णबहादुर सिंहले उत्तर, पूर्वउत्तर र पश्चिमउत्तरतिर औंल्याउँदै मोतीदन्तभन्दा चम्किला मुहार बनाएर चम्किरहेका हिमशृङ्खला देखाउँदै भन्नुभयो- त्योचाहिँ पाथीभरा हिमाल । अहिले हिउँ परिसकेको रहेनछ। परेको पनि पग्लिएछ। एकदुई दिन पानी पऱ्यो भने पाथीभराको शिर सेताम्मे हुन्छ कुशे र सिजभैँ।

हामी जाजरकोट, पाँचकटियाको प्रहरीचौकीको भग्नावशेषमा उभिएर महान् जनयुद्धका महान् सहिदहरूको त्याग, शौर्य र बलिदानको समीक्षा गरिरहेका छौँ । हाम्रो यात्राको नेतृत्व गरिरहनुभएको छ नेकपाका युवा नेता, पार्टी केन्द्रीय सदस्य एवम् दालखा-सिनधुपाल्चोक इन्चार्ज पूर्णबहादुर सिंहले । सन्दर्भ छ- बितु सिंह-बिन्दासरा सिंह स्मृति प्रतिष्ठान घोषणा, प्रतिष्ठानको आयोजनामा छात्रवृत्ति घोषणा तथा हस्तान्तरण कार्यक्रम र सहिद परिवार सम्मानको । जनयुद्धमा बलिदानका हिसाबले रोल्पा र रुकुमपछि तेस्रो उचाइ हासिल गरेको जिल्ला हो जाजरकोट। साढे तीन सयभन्दा बढी सहिदहरूको बलिदानी बेहोरेको छ यस जिल्लाले।

यात्राको तेस्रो दिन हो आज । पहिला दिन अर्थात् मङ्सिर १६ गते बिहीबार काठमाडौँबाट सुरु भएको यात्रा दाङ लमहीनजिक मन्त्र होटेलमा आएर विश्राम गरेथ्यौँ । दोस्रो दिन शुक्रबार पूर्णजीको ससुराली अर्थात् जनयुद्धकी घाइते कलाकार योद्धा कमरेड उषा सिंह (राना) को माइतीघर खलंगा १, स्याँला, राउतगाउँ, पिपेको बसाइ अत्यन्त स्मरणीय र रोचक रह्यो । स्थानीय हाइड्रोको विद्युत् उत्पादन केन्द्रीय प्रसारण लाइनमा जोडेपछि बेला न कुबेला बत्ती गइरहँदो रहेछ। यतिबेला पनि त्यस्तै भएको थियो। बिहानदेखि गएको बत्ती आएको थिएन। पूर्णजीका सालीहरू अर्थात् कमरेड उषाका बहिनीहरू पद्‌मी, तुलसी र छोरी दीपाले बनाएको स्वादिष्ट खाना हामीले दाउराको उज्यालोमै खायौँ रमाउँदै । २०५६ साल माघ ८ गतेको पिपे एम्बुस अत्यन्त सफल र चर्चित एम्बुस थियो यस क्षेत्रको । उक्त एम्बुसमा जनमुक्ति सेनाका प्लाटुन भीसी क. लालबहादुर राना 'विनोद' को गौरवपूर्ण बलिदान भएको थियो भने सत्ता पक्षका केही प्रहरीको मृत्यु भएको थियो। सफल मोर्चा मानिएको उक्त एम्बुसपछि कयौँ थ्रिनट थ्रि राइफल, त्यसका गोली र पेस्तोलहरू हातलागेको थियो।

चार वर्षदेखि तय हुँदै थन्किँदै गरेको कमरेड पूर्णबहादुर सिंहको जन्मगाउँ टालेगाउँको यात्रा गर्ने कार्यक्रम यस वर्ष बल्ल पूरा हुँदै थियो । दुई वर्ष केपी वली-प्रचण्ड सरकारले पार्टीमाथि लगाएको प्रबिन्ध, बारम्बार पूर्णजीको गिरफ्तारी र त्यसपछि कोरोना भाइरसको कहरले निम्त्याएको बन्दाबन्दी । यस्तै कारुणले पनि हाम्रो जाजरकोट यात्रा सफल हुन सकिरहेको थिएन । चार वर्षपछि बल्ल सार्थ क बनेको छ।

यात्राका सातैजना यात्री एकापसमा पूरै खुल्दै गएका छौँ । आमा बिन्दासरा सिंहको सातौँ र बुबा बितु सिंहको पाँचौँ स्मृति दिवसका अवसरमा जन्मथलो कुशे १ टालेगाउँस्थित आफूले कक्षा पाँचसम्म अध्ययन गरेको जनकल्याण आधारभूत विद्यालयमा अध्ययनरतमध्ये विद्यालय प्रथम, जेहेनदार गरी २ जना छात्रछात्रालाई पाँचपाँच हजार छात्रवृत्ति रकमसहित शैक्षिक सामग्री, जनयुद्धका टालेगाउँका पाँच सहिद कमरेड ललितबहादुर सिंह मण्डल, खड्गबहादुर चलाउने तेज, गोपालबहादुर सिंह तुफान, कृष्णबहादुर सिंह अपार र शिवबहादुर सिंह संग्राम का परिवारका सदस्यहरूको अभिनन्दन, विद्यालयमा अध्ययनरत १८१ विद्यार्थीलाई कापी, कलम तथा शैक्षिक सामग्रीका साथै विद्यालयलाई पाठ्यपुस्तकरु हस्तान्तरण गर्ने कार्यक्रमको नेतृत्व गरिरहनुभएको छ पूर्णबहादुर सिंह । अतिथिका रूपमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समितिको सचिव र पार्टीको केन्द्रीय प्रकाशन गृह रातो खबरसहितको सम्पादकको हैसियतसमेत जाडेर कमरेड पूर्णको सहयात्रीका रूपमा सहभागी छु म । त्यस्तै महासङ्घका कार्यालय सदस्यसमेत रहेका अखिल नेपाल ललितकला सङ्घका संयोजक अग्निराज पौडेल अराप, पूर्वविद्यार्थी नेता एवम् नेकपा सिन्धुपाल्चोक विशेष समितिका सदस्य मुकुन्द श्रेष्ठ र विद्यँर्थी नेता एवम् स्रष्टा उषाकिरण आजाद हुनुहुन्छ । धादिङ चरौँदीमा जन्मिहुर्केर २० वर्षसम्म वैदेशिक रोजगारको अनुभव समेटिसकेका हाल थानकोट निवासी गाडी चालक एवम् मालिक अनिल पोखरेल आज तेस्रो दिनको यात्रासम्म सहयोद्धा एवम् पुराना साथीजस्तै घुलमिल भैसकेका छन्।

कमरेड उषा खासै धेरै बोलिरहनुभएको छैन । २ जना ससाना नानीबाबुलाई साथी निशाको भरमा काठमाडौँमा छोडेर हिँडेकाले पनि हुनसक्छ उहाँ अलि न्याम्रिएभैँ लागिरहेछ । हिजो साँझ पिपेस्थित माइतीघरमा देखिएको उहाँको क्रियाशीलता र चाञ्चल्य आमालाई छोडेर रिम्नातिर लागेदेखि नै अलि मत्थर हुँदै गएको अनुभूति भएको हो । आज बिहान पिपेबाट रिम्नास्थित सहिद स्मृति भवन, सहिद पार्क सानो भेरी र ठूलो भेरीको संगमस्थित पक्की पुल तरेर रुकुमको गरायला टेक्दासम्म त उहाँ पनि सहयात्रीकै स्तरमा जोसिइरहनुभएको थियो तर जाजरकोट दरबार अवलोकन गरी कोटखोला हुँदै रिसाङ-तोतापानी दार्नेटा-बाहुनथानातिर उकालो लाग्नासाथ मोबाइलको टावर बन्द हुनासाथ काठमाडौँमा बसेका छोराछोरी सम्झिएर सुर्ताउन थालेको आभास भइरहेको थियो ।

हो, हामी पाँचकटियामा छौँ । पाँचकटिया प्रहरीचौकी पुग्नासाथ अनिलजीलाई गाडी रोक्न लगाएर चौकीको भग्नावशेष (हाल पुनर्निर्मित) लाइ पृष्ठभाग पारी तस्बिर खिचाइमाग्छु म । तस्बिर खिचेको देख्नासाथ गाडी रोकेर सोधपुछ गर्न थाल्छन् प्रहरी जवानहरू । सायद २० वर्षअघि इप्रका पाँचकटिया खरानी भएको र त्यसपछि देशैभरका चौकीहरू सदरमुकाम केन्द्रीकृत भएको पुरानो सत्ताको पाजयको कथा उसले पनि सुनेको हुनुपर्छ । पैतालाले जाजरकोट नटेकेको भए पनि जनयुद्धभर युद्धपत्रकारिता गर्दा संवाददाता, सम्पादक वा प्रकाशकका युद्धभूमिका सामग्री जनताका पस्किएको पर्याप्त अनुभूति छ मसँग । जनादेश, महिमा, जनआह्वान, नौलो बिहानी, जनदिशा, प्रभातकालीन, छापामार डायरीहरूलगायत प्रकाशनका माध्यमबाट देशभरका युद्धका ताजा खबर, विचार र संस्मरणहरू पस्किने क्रममा जनयुद्धका आधारक्षेत्र रोल्पा, रुकुम, सिन्धुली हुँदै जाजरकोटका पाँचकटिया, लहँसम्मका रिपोर्टहरू प्रस्तुत गरेको अनुभव छ । खारा, जुम्ला-खलङ्गा, दुनैहरू पनि यही क्रममा परिचित भएका हुन् र बेथान, दोरम्बा, सालु-देउराली, गर्ज्याङ चुचुरेहरू पनि मुटुको केन्द्रमा बसेका हुन् । दुस्मनका किल्लाहरू कब्जा गर्दा, प्रतिक्रियावादी अखडाहरूमा भीषण हमलालगायत पाँचवटा छापामार डायरी शृङ्खलाहरूमा आधारक्षेत्रलगायत देशैभरका महत्वपूर्ण मोर्चामा योद्धाहरूले लेखेका छापामार डायरीहरू प्रकाशित गर्न पाएकाले लडाइँ, बलिदान, विजय-पराजय, हाँसो, रोदन, आँसु, खुसी, जोखिम र ऊर्जाका पलहरू सँगालेको अनुभूति छ । ती सबै क्षेत्रका खासखास साहित्य र रिपार्टका माध्यमबाट परिचित बनेका एतिासिक मोर्चास्थलमा प्रत्यक्ष उपस्थित हुन पाउँदाको अनुभूति बेग्लै हुँदो रहेछ, बेग्लै रोमाञ्चक-रोमाञ्चक र सनसनीपूर्ण हुँदो रहेछ । अरु सहयात्रीहरू पनि उत्तिकै रोमाञ्चित बनिरहनुभएको होला भन्ने अनुमान गर्छु । सहयात्रीहरूको भाव पढ्छु। यसैगरी अघि बढ्छ यात्रा।

समय कटाउन सबै सहयात्रीसँग कुनै न कुनै 'मसला' छन् । आआफूले जानेसुनेका उखान, हास्यव्यङ्ग्यका तुक्काहरू पस्किरहनुभएको छ साथीहरू। २४ घन्टामा ४२ सेकेन्ड मानिसको मस्तिष्कमा शून्य वा पागलपन देखिने पूर्णजीको टुक्काले अरु सबै हास्य र टुक्काहरूलाई पछि पारेको छ । गाडीले हर्न बजाउँदा पनि बाटो काटिरहनेहरू वा लापर्बाहीपूर्वक सडकमा वरपर गरिरहने मानिस, सडकै ढाकेर बसेका कुकुर, गाईगोरु सबैमा पागलपन सवार भएको व्यंग्यले अलि बाक्लै स्थान पाएको छ। उपियाँ सिद्धान्त पनि स्थापित बनेकै छ।

यात्राको तेस्रो दिन साँझ पाँचकटिया कटेर दमदालाका सुन्तला खाँदै र मालुमेला, कमरेड केबी मल्लाको गाउँ ढिमेको पुछार हुँदै खुर्पाखोला कटेर बाटुलेबजार पुगेका छौँ । कमरेड ललितबहादुर सिंह मण्डलका बाबा कुमार सिंह, आमा ..., दिदी मायादेवी र उहाँका छोराछोरीहरूसँग भेट्नासाथ हामी आत्मीयता पाइहाल्छौँ। त्यसो त आधार क्षैत्रहरूमा सहिद र योद्धाहरूको पार्टीनाम नै स्थापित बनेको कुराले मलाई आनन्दित बनाउँछ । कुन क्षेत्रबाट को सहिद बन्नुभएको थियो भन्ने कुरा पूर्णजीलाई कण्ठस्थ नै छ।

आजको हाम्रो बासस्थल बाटुलेस्थित सहिद मण्डलको घर नै हो । मण्डल कमरेड पूर्णका सहयोद्धा र बन्धु पनि हुनुहुन्थ्यो । सहिद मण्डलको पविार कुशे १ टालेगाउँबाट यो बाटुले बजार दोभानमा बसाइँ सरेको हो। बाटुलेमै आइपुग्न कार्यक्रमका अन्य आयोजकहरू अर्थात् महान् जनयुद्धमा जनमुक्ति सेनाका योद्धासमेत रहेका र हाल शैक्षिक क्षेत्रमा योगदान पुऱ्याइरहेका कमरेड परमेश्वर शाह सदन र सहदि मण्डलका बहिनीज्वाइँ शिक्षक केबी शाही। परमेश्वर कमरेड पूर्णका कान्छा बहिनीज्वाइँ पनि हुनुहुन्छ। उहाँहरू दुवैजना हाम्रा पूर्वपरीचित हुनुहुन्छ ।कमरेड सदनले त सिर्जनानगरस्थित हित जून युद्ध कला संग्रहालयका लागि आफ्नो कम्ब्याट र जनयुद्धकालीन खुकुरी नै प्रदान गर्नुभएको छ। हामीसँगको भेटले उहाँहरू धेरै खुसी भएको पाउँछु म । वर्गीय मित्रताले हामीलाई भेट गराएको छ। रक्तिम पविारको गीतको अंश गुनगुनाएको थिएँ मैले दिउँसो- पूर्व बग्ने सुनकोसी, पश्चिम बग्ने भेरी, वर्गीय मायाले भेट भयो हाम्रो फेरि ' हो त्यस्तै भयो। बर्सौंपछि कमरेड सदन र केबीजीसँग भेट भयो। खुसी र अनुभूतिहरू साट्यौँ। सहिद परिवार र जनयुद्धका योद्धाहरूसँगको भेटले बाटुलेको चिसो वातावरण न्यानोन्यानो बन्दै जान्छ। सहिद मण्डलकी कान्छी भान्जी सुजाता एकै छिनमा झ्म्मिइहाल्छिन् । सहिद-आमा र सहिद-दिदीले बनाएको मीठो खाना र सरुगाडका माछाको सुकुटी-सुपपछि भोलिको टालेगाउँ यात्राबारे छलफलपछि हामी निद्रा बोलाउनतिर लाग्छौँ।

आज यात्राको चौथो दिन । आज त जसरी भए पनि टाले गाउँ अर्थात् हाम्रो यो यात्राको गन्तव्य पुग्नैपर्छ भन्नेमा आयोजकहरू चिन्तित हुनुहुन्छ । सरुगाड तरेर स्कर्पियो पारि जान नसक्ने निर्णयमा पुग्नुभएको छ अनिलजी । विकल्पहरूको खोजी सुरु भएको छ । अनिलजी र अग्नि दाइलाई सामानसहित त्यही स्कर्पियोबाट घुमाउरो बाटो हुँदै टालेगाउँ पठाउने र हामी सातजना (परमेश्वर र केबीसहित) हिँड्दै जाने विकल्प पनि आयो । विकल्पहरूको खोजी हुँदै गर्दै जाँदा टालेगाउँतिरबाट यात्रु बोकेर बाटुले हुँदै थल बजारसम्म जाने एक मात्र डबल क्याप गाडी बाटुलेमै रोक्ने र त्यसका यात्रु गाडीमा थल पुऱ्याएर बाटुले फर्काएर त्यहीँ राख्ने विकल्प उत्तम ठहरिन्छ । आयोजकलाई खर्चको भार भने बढ्ने भयो भन्ने चिन्ताले हामी पिरोलिन्छौँ तर सामानसहित गाडीमा टालेगाउँसम्मै पुग्न पाइने भयो भन्ने खुसी त छँदैछ। डबल क्यापका लागि लागि सन्देश लिएर बिहानै भतिज विशाल बाटुलेबजारबाट टालेगाउँतिर हानिइसेका छन्।

नभन्दै खुसी लिएर डबल क्याप आइपुग्छ टालेगाउँतिरबाट केही यात्रु बोकेर । कृष्णबहादुर सिंहको घरमा खाना तयार हुँदाहुँदै अनिलजी डबल क्यापका यात्रु लिएर थलबजारतिर लाग्नुहुन्छ। पूर्ण र मुकुन्दजी सरुगाडको चिसो पानीलाई चुनौती दिँदै पौडी खेल्न थाल्नुभएको छ । अग्नि दाइ र म सरुगाडको झोलुंगे पुलमाथि बसेर सुरुगाडको सङ्लो पानीका माछा हेर्दै न्यानो घाम तापिरहेका छौँ। सबै सामान डबल क्यापमा राखिसकिएको छ । हामी खानाका लागि तयार छौँ। आज फेरि सरुगाडका सुकुटी माछाले स्वागत गरिरहेका छन् हामीलाई । खाना खाएर हामी गाडी चढेर टालेगाउँ पुग्न हतारिन्छौँ । हिँडेरै जाँदा पनि २/३ घन्टामा त सजिलै पुगिने बाटो हो टालेगाउँ-डोग्री। तर शैक्षिक सामग्री र उकालो हिँड्न बानी नभएका वा बिर्सिएकाहहरूका लागि डबल क्याप १३ हजारमा रिजर्भ गर्नु सहजजस्तो लाग्छ आयोजकलाई । रोलखोला, डेब्रा, टापुचौर, गैरीखेत, मान्नेढुंगा मावि, हुँदै हामी बाह्रसाङ्ले पुग्छौँ र चिप्ले बाटोमा गाडीलाई हलुका बनाइदिन ओर्लिएर हिँड्दै रमाउँदै गर्छौं।

गुमथलेस्थित बाटैमा टुप्लुकिन्छ जनकल्याण आधारभूत विद्यालय । नेकपा नाउँ गरेको केपी वली र पुष्पकमल दाहाल नेतृत्वको सरकारले नेकपामाथि प्रतिबन्ध लगाएको समयमा जनकल्याण आधारभूत विद्यालय गुमथलेमा कार्यक्रम सञ्चालन भइरहेको समयमा पार्टी नेता-कार्यकर्ताको सुराकी गर्न आएको प्रहरीलाई समातेर सम्झाइबुझाइ पठाएको घटना यस क्षेत्रमै शिक्षाप्रद र स्मरणीय छ । विद्यालयका विद्यार्थी र शिक्षक भोलिका पाहुना र गाडीलाई देखेर बराम लागेर हेरिरहेका छन् । हातमा डीएसएलआर बोकेका कमरेड मुकुन्दलाई तस्बिर खिच्न भ्याइनभ्याइ छ आज पनि । बाटुलेदेखि नै भोलि टालेगाउँमा आयोजना गरिँदै गरेको कार्यक्रमको चर्चा छ। कुशे गाउँपालिका र टालेगाउँका लागि मात्र होइन, यो क्षेत्र र अझ यस जिल्लाकै लागि नयाँ र नमुना कार्यक्रम र अभियान हो। म त अझ यसलाई आन्दोलन नै बनाउनुपर्छ भन्ने मान्यता राख्छु । कसैले पनि जनयुद्धमा टीका र माला लगाएर बिदा गर्ने बाबाआमाको सम्मान र स्मृतिमा छात्रछात्रा र सहिद परिवारदाई सम्मान र अभिनन्दन गर्ने विषय पुरानो संस्कार र संस्कृतिलाई चिहान बनाएर त्यसको भग्नावशेषमा नयाँ संस्कृति आरम्भ गर्ने विषय हो । यस किसिमको संस्कारलाई संस्कृतिका रूपमा विकास गर्नु अत्यावश्यक छ। त्यसैले संस्थापक पूर्णबहादुर सिंहदम्पती मात्र होइन, कार्यक्रममा सहभागी अतिथि, आयोजक सबै नौला लाग्छन् स्थानीयका लागि । आफूले ५ कक्षासम्म अध्ययन गरेको र आफ्ना बाबा बितु सिंहसमेतको पहलमा स्थापित विद्यालयमा जिल पार्टी इन्चार्ज-सेक्रेटरी, जिल्ला पार्टी समिति र अभियान टोली, नेकपा कुशे गाउँ समिति, अखिल नेपाल जनसांस्कृतिक महासङ्घअन्तर्गत एकीकृत जनसांस्कृतिक परिवार जाजरकोट, स्थानीय जनसमुदाय, परिवारका सदस्यसहितको सहभागिता रहने कार्यक्रममा झन्डै पाँच सय मानिस सहभागी हुने अपेक्षा गरिएको छ। यसमा संस्थापक पूर्णजी पनि विश्वस्त भएको देखिरहेको छु। कसैगरी पानी परिहाल्यो भने हिउँ पर्ने सम्भवना पनि छ। हिउँ परेमा पाथीभराको नाङ्गो थाप्लो सेताम्मे देखिनेछ।

चार वर्षपछि अर्थात् बाबा बितु सिंहको निधनपछि पहिलोपल्ट डोग्री पुग्नुभएको छ पूर्णबहादुर सिंह कमरेडहरूलाई लिएर । किशोरावस्थादेखि नै जनयुद्धमा लामबद्ध भएको, २०६० सालदेखि नै घरमा बस्न नपाएको, आफू कार्यक्षेत्रमै भएको अवस्थामा बाबा र आमा दुवैजनासँग बिछोड हुनुपरेको कमरेड पूर्णको राजनीतिक र पारिवारिक अवस्थाका बारेमा हामी विज्ञ छौँ । उहाँका बाबाआमाले भाए रडियम र बहिनी जल्दरालाई रातो टीका लगाएर महान् जनयुद्धमा लामबद्ध गराउनुभएको हो । यात्राभरि कमरेड पूर्णले हामीलाई आफू जनयुद्धमा लामबद्ध भएदेखि आफू संलग्न मोर्चा र आफ्ना कार्यक्षेत्रहरूका बारेमा पनि जानकारी गराइरहनुभएकाले हामी ती विषय र क्षेत्रहरूलाई स्मृतिपटलमा अंकित गरिरहेका छौँ। सुर्खेतको छिन्चुदेखि सल्यान, जाजरकोट, पश्चिम रुकुम हुँदै फेरि जाजरकोट खलंगादेखि टालेगाउँसम्मका भूगोलहरू हाम्रो मस्तिष्कमा विभिन्न कथा र बिम्ब बनेर सजिएका छन् । विद्यालयबाट पूर्णजीको घर देखिएको छ। हामी हातहातमा आआफ्ना झोलाझम्टा चेपेर घरतिर लम्किरहेका छौँ। हामी सबैजना उहाँको घरपरिवारका सदस्यसँग भेट्न आतुर छौँ।

कुशे हिमालको काख र पाथीभराको न्यानो अँगालोमा युद्धको बलियो हाइपोस्ट र किल्लाजस्तो तीन तहको दुर्गमा छ पुरानो शैलीको ढुङ्गाको छानो र ढुङ्गामाटाको गारो भएको पूर्व-दक्षिणतिर फर्किएको पारिलो घर । आँगनमा ढुङ्गा छापिएको छ । लस्करै बिछ्याइएका छन् मान्द्रा र गुन्द्रीहरू । आँगनमा लस्करै मकैका लागि गाडिएका थाँक्राबाट मकै झिकिसकिएका छन् तर थाँक्राका खाँबाहरू अर्को वर्षका मकै थेग्नका लागि तत्पर भएर बसिरहेभैँ देखिन्छन् । हामी सातजना मात्र छैनौँ आज । क. परमेश्वर शाह, केबी शाह र अरूहरूसमेतको लर्को छ। यो कमरेड पूर्णबहादुर सिंहको घरको आँगनको सानो परिदृश्य हो । आँगन र गारोमा चकटी र गुन्द्रीहरू बिछ्याइएका छन् । दुई दशकभन्दा लामो समयदेखि रोगले गाँजेर शरीर अस्वाभाविक रूपले फुले पनि जुझारु, आशावादी किसान गोरखबहादुर सिंह र भाउजूसँग भलाकुसारी हुन्छ । उहाँहरू कमरेड पूर्णबहादुर सिंहका दाजुभाउजू हुनुहुन्छ। भतिजहरू विनोद र विशालको चहलपहल बढेको छ।

उता सँगै जोडिएको पल्लोघर, पूर्णजीका काकाका छोरा अर्थात् सहिद कमरेड गोपालबहादुर सिंह 'तुफान' का भाइ कमरेड रामबहादुर सिंह 'रेडियम' सँग जनशिक्षा मासिक र एकीकृत जनक्रान्ति पुस्तक प्रकाशन गर्दा काठमाडौँमै परिचय भएको हो । हामीलाई आफ्नो गाउँ र अझै घरकै आँगनमा स्वागत गर्न पाउँदा उनी खुसी देखिन्छन् जस्तो खुसी हिजो कमरेड सदन देखिएका थिए। उनी नेकपाका कुशे गाउँपालिकाका इन्चार्ज र पार्टी जिल्ला सदस्य पनि हुन् । नेकपा कुशे गाउँपालिका यो कार्यक्रमको मुख्य आयोजक पनि हो, जिल्ला पार्टी, अभियान टोली र विद्यालयका साथमा।

थालीमा राता अछेता र फूलले हामीलाई स्वागत गरिन्छ। भाउजू दुवै हातले अछेता टिपेर निधारमा लगाइदिन र स्वागत गर्न व्यस्त हुनुहुन्छ । पाहुनाहरू र घरकै पनि सदस्यको आगमनपछि रातो टीकाले स्वागत गर्नु यहाँको पुर्ख्यौली परम्परा र संस्कार हो । विशेषगरी जनयुद्धपछि यसले संस्थागत रूप लिएको देखिन्छ। बिदा हुने बेला पनि प्रियजनहरूलाई यसैगरी राता अछेता र फूल लगाएर बिदा गर्ने चलन छ। 'शुभकार्य' का लागि पनि यसै गर्ने चलन छ। आमा बिन्दासराले कान्छी छोरी जल्दरा सिंह 'दीपावली' र भतिज तुफानलाई यसरी नै राता अछेता र फूलमाला लगाएर जनयुद्ध जितेर आउन बिदाइ गरेकी थिइन्। तुफानले सहिद बनेर र दीपावलीले पुरातनको सिक्री चुँडालेर महान् आमा बिन्दासरा र अरू महान् आमाबाबाको बिदाइलाई सफल पारे । त्यसैले पनि यो भूमि लाललाल र आफ्नोआफ्नो लाग्छ रामेछापको लालभूमिभैँ।

पूर्णजी जन्मिएको घर अलि तल देखिन्छ तर उहाँलाई सानै उमेरमा बुबा बितु सिंहले यहाँ घर बनाएर सार्नुभएको हो । यहाँबाट विद्यालय जान पनि अलि तेर्सो पर्छ । 'म जन्मिएको घर ऊः त्यहाँनेरको हो...', अग्लाअग्ला सल्लाका रूखको बीचबाट पूर्वदक्षिणतिर औंल्याउँदै पूर्णजीले मेरो जिज्ञासा शान्त पार्नुभएको थियो।

हामी आँगनमा घाम ताप्दै घरमा आएका पाहुनासँग परिचय गर्न थाल्छौँ- मामा, भान्दाइ र दाजुभाइहरू । सबै भोलिको कार्यक्रम सफल पार्न भेला हुनुभएको हो घरमा । रामेछाप-सिन्धुलीका जुनारसँग स्थानीय सुन्तलाको मित लगाउँदै र चाख्दै हामी टालेगाउँको इतिहासमा गहिरिन थाल्छौँ । २०३६ सालमा बितु सिंहले कम्युनिस्टको बिउ रोप्नुअघि यहाँ पञ्चको बिगबिगी थियो। २०४० को दशकमा बितु सिंह जनपक्षीय उम्मेदवार हुनुभयो र २०४३ सालमा टालेगाउँ वडा नं. ७ को वडाध्यक्ष बनेर गाउँको नेतृत्व गर्नुभयो। पचासको दशकमा उहाँले जिम्मेवारी पाएर पनि स्थानीय पूर्णबहादुर सिंह नाउँ गरेका व्यक्तिलाई जिम्मेवारी सुम्पिनुभयो गाउँको र आफू समाजसेवाका अरू काममा जोडिनुभयो। यो उहाँको त्यागको नमुना थियो।

पूर्वपञ्चहरूलाई नामेट पार्टै २०५४ को स्थानीय निर्वाचनमा यो क्षेत्र 'वाम किल्ला' भयो भने २०५६ सालबाट यो माओवादी आधार क्षेत्र बन्यो । अखिल पाँचौँको जिल्ला अध्यक्षबाट विद्रोह गरेर पूर्णबहादुर सिंह अखिल क्रान्तिकारीको जिल्ला अध्यक्ष बन्नुभयो र जनयुद्धमा लामबद्ध हुनुभयो । बुबा बितु सिंह, पूर्णबहादुर सिंह र बहिनी दीपावली प्रत्यक्ष राजनीतिमा संलग्न हुनुभयो भने आमा र दाजुले सहयोग गर्नुभयो। पूरै परिवार राजनीतिमा लाग्यो। गाउँबाट पाँचजना- तेज, तुफान, मण्डल, अपार र सङ्ग्रामको बलिदान भयो।

चार वर्षपछि घर आएका भाइबुहारी र भाइबुहारीका साथीको स्वागतका लागि दाजु गोरखबहादुर सिंहले एउटा खसी ठीक पार्नुभएको छ । यो पनि यहाँको र विशेषगरी यो परिवारको संस्कृतिजस्तै बनिसकेको छ । भतिजहरू, ज्वाइँहरू परमेश्वर र केबी, हाम्रो टिमका मुकुन्दजीलगायत एउटा सिङ्गो समूह खसीको मर्मत गर्नेतिर लागेको छ । कमरेड उषा सिंहको क्रियाशीलता बढाइदिएको छ टालेगाउँले । छोरीहरू सपना, सिर्जना र पूर्णिमाको फ्याकफुरुकको बयान गरी साध्य छैन । काकाकाकी र उहाँहरूका साथीहरूको आगमनले सबैभन्दा धेरै उत्साहित उनीहरूलाई बनाएको छ।

यहाँ फोन लाग्दैन। नेटको कल्पना गर्नु पनि बढी हुन्छ किनकि टालेगाउँ सत्ताले हेपेको आजको कर्णाली प्रदेश हो । जाजरकोटको यो सुदूरपश्चिमोत्तर गाउँ हो । यसको पश्चिमदक्षिणमा दैलेख, पश्चिममा कालीकोट, उत्तरमा जुम्ला, उत्तरपूर्वमा डोल्पा र पूर्वमा रुकुमपश्चिम जोडिएका छन् । कुशे १ नेकपाका केन्द्रीय सदस्य एवम् नेकपाका वार्तादोलीका सदस्य युवा नेता उदयबहादुर चलाउने 'दीपक' को गाउँ हो । पाँचकटियाबाटै देखिएको हो उहाँको गाउँ। टालेगाउँ निलम (काइनेट) खानीका लागि पनि प्रख्यात छ। खनिजका कारोबारीहरू यहाँसम्म आइपुगेका छन्। पचास

कविता

## निर्वाचन !



अग्निराज पौडेल
'अराप'

जतातत‌ै मेलाको रौनक
ग्राहकको पर्खाइमा
गाउँले र सहरियाहरू
रङ्गीविरङ्गी सपना
आश्वासनका पोका
मासुभात र रक्सीको सगुनले
लठ्याएर
फेरि सौदागरहरू
उधारो सौदाबाजीमा
मुन्टो झुकाएर
झन्डा उठाएर
दुवै हात जोडी
भिक्षान्देहीको शैलीमा
पाँचबर्से जागिर पक्का गराउन
तपाईं/हाम्रो घरआँगनमा ।
नयाँ-पुराना अनुहार
नन्दीभृङ्गी अघिपछि लगाएर
ठूलाठूला बाचा गर्दै
सिनोवरिपरि
झिँगा भन्केजस्तै
फन्को मार्दैछन् फेरि पनि !



हिजो ढाँटेका थिए
आज ढाँट्दैछन्
फेरि पनि ढाँटिरहन्छन्
उनीहरू !
ढाँटेको थाहा हुँदाहुँदै
फेरि पनि
आफ्नो अमूल्य मत
केही पैसा, चिप्ला कुरा र
फोस्रा आश्वासनमा
बेचिरहेका छौँ अझै पनि !
उनीहरू झुक्याइरहन्छन्
झुक्याउन सकेकोमा
दङ्ग छन् उनीहरू
झुक्किए पनि
ठगिए पनि
लुटिए पनि
देख्दादेख्दै
दास भइसक्दा पनि
पछुतो छैन हामीलाई
डरले हो कि करले
वा हो रहरले
हामी झुक्किएजस्तो गरिरहन्छौँ
अनि बेचिरहेका छौँ
आफ्नो अमूल्य मत
कौडीको भाउमा ।
दान दिएको
मेरो अमूल्य मतले
गर्छु भनेको केही गर्दैन
गर्दिनँ भनेको दोहोऱ्याइरहन्छ
साधुलाई शूली चढाउँछ
चोरलाई चौतारो सुम्पन्छ
विदेशीका पाउमा लम्पसार परेर
राज्यको ढुकुटीमा दाइँ गर्छ
परिवर्तनको संवाहक ठानेको
मेरो अमूल्य मत
भ्रष्टाचार र राष्ट्रघातको
मतियार बनिरहेको छ
तर पनि म मौन छु
खाली पेट, नाङ्गो शरीर लिएर
नारा लगाइरहेको छु
अनि
ओफ्नो अमूल्य मत बेचिरहेको छु
उही पुरानो भिडमा मिसिएर ।

२२ वैशाख, २०७९

## नेत्रविक्रम चन्द ....

देखाएको मार्ग पछ्याउँदै अगाडि बढिरहेको सर्वविदित्तै छ। विश्व कम्युनिस्ट आन्दोलन र नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएका निषेधात्मक अभिधूतवाद, आत्मसुरक्षावाद, आत्मसमर्पणवाद, नवसंशोधनवाद र दक्षिणपन्थी अवसरवादले आन्दोलनलाई जहिले पनि धोकाधडी र घात हुँदै आएको कुराबारे हामी सबै जानकार नै छौँ ।'

विज्ञप्तिमा भनिएको छ, 'सहिदहरूको सपना, पार्टी/आन्दोलन र क्रान्तिभन्दा ठूलो ठानेर दलाल संसदीय व्यवस्थाको स्थानीय निर्वाचनमा पार्टी निर्णयविपरीत लहसिएर पार्टी फुटाउन उद्यत भई महासचिव क. विप्लवद्वारा पार्टीका सचिवालय सदस्यद्वय क. धर्मेन्द्र बास्तोला र क. हेमन्तप्रकाश ओलीमाथि गरिएको कथित जिम्मेवारी मुक्तको अन्यायपूर्ण र पूर्वाग्रही कारबाहीले हामी स्तब्ध भएका छौँ । उक्त कदम फिर्ता लिई सैद्धान्तिक, वैचारिक र राजनीतिक बहसका लागि तयार भई पार्टी एकताबद्ध बनाउने प्रक्रिया अगाडि बढाउन पार्टी नेतृत्वलाई आग्रह गर्दछौँ । यसै विषयलाई समर्थन गर्दै हाम्रो सङ्गठनका अध्यक्ष क. प्रकाश शाहीद्वारा गुटगत र फुटबादी मानसिकताबाट सम्बन्धित कमिटीमा सल्लाह नै नगरी निकालिएको प्रेस विज्ञप्तिप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'नेतृत्वको क्रान्तिकारी रूपान्तरणसहित पार्टी र आन्दोलन एकताबद्ध बनाउने हाम्रो पवित्र उद्देश्य अझै जारी रहनेछ । पार्टी नेतृत्व रूपान्तरण भएर निर्मम र गम्भीर आत्मसमीक्षा गर्न तयार भएन भने निराशा र धोकाधडीबीचबाट फेरि पनि चुनौती मोल्दै क्रान्तिको झन्डा बोकेर सङ्घर्षको नयाँ प्रक्रियामा अगाडि बढ्ने गरी तयार रहन हाम्रो सङ्गठन सम्पूर्ण नेता-कार्यकर्ता कमरेडहरू, शुभचिन्तक र समर्थक विद्यार्थी मित्रहरूमा हार्दिक आह्वान र अपिल गर्दछौँ ।'

**कारबाही फिर्ता लिई रूपान्तरित हुन विप्लवलाई नेकपा सुर्खेतको आग्रह**

नेकपा सुर्खेतले विज्ञप्ति जारी गर्दै पार्टी नेतृत्वलाई केन्द्रीय समितिको १२ औँ बैठकले गरेका निर्णय पालना गर्न आग्रह गरेको छ ।

पार्टी जिल्ला समिति सदस्यहरू महेश, रत्ना वली, किरण बीसी, लालवीर वली, तिलक, पूर्ण बीसी, पूर्ण तिवारी, सङ्घर्ष, लालबहादुर एलजी र साहानीले संयुक्त रूपमा आइतबार जारी गरेको विज्ञप्तिमा १२ औँ पूर्ण बैठकले गरेको कार्यनीतिक निर्णयलाई मूल नेतृत्वले पालना नगरेकाले रूपान्तरण हुन आग्रह गर्दै र नेता कञ्चन र सुदर्शनमाथि गरिएको कथित कारबाही फिर्ता लिएर रूपान्तरणसहित पार्टीलाई एकताबद्ध बनाउन आग्रह गरिएको छ ।

**कारबाही फिर्ता लिन र उम्मेदवार फिर्ता बोलाउन विप्लवलाई नेकपा चितवनको आग्रह**

नेकपा चितवनको बैठकले वैशाख १४ गते पार्टी महासचिवद्वारा प्रेषित विज्ञप्तिमा सचिवालय सदस्यहरू धर्मेन्द्र बास्तोला 'कञ्चन' र हेमन्तप्रकाश ओली 'सुदर्शन' लाई पदमुक्त गरिएको भनी उल्लेख गरिएकोप्रति जिल्ला पार्टी सचिवालयको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । चितवन जिल्ला पार्टीको सचिवालयको बैठकले पार्टी महासचिव विप्लवलाई उक्त विज्ञप्ति फिर्ता गरी पार्टीमा देखिएका समस्या समाधान गर्न केन्द्रीय समिति बैठकको जोडदार माग पनि गरेको छ ।

बैठकले पार्टी एकता बनाइराख्न र पार्टी निर्णय पूर्ण रूपमा पालना गर्न पनि माग गरेको छ । बैठकले निर्वाचनमा भाग लिएका पार्टीका सम्पूर्ण उम्मेदवारलाई नाम फिर्ता लिन माग गर्दै एमसीसीविरुद्धको कार्यक्रम, महँगी, भ्रष्टाचारलगायत कार्यक्रम सँगसँगै लैजाने निर्णय पनि गरेको छ ।

विशेष समितिका सेक्रेटरी महेशको अध्यक्षतामा बसेको बैठकमा विशेष समिति सदस्य भीमबहादुर खड्का 'ध्रुव', सचिवालय सदस्य दुर्गा सुवेदी, हुकुम खड्का, राजकुमार, प्रेम चौधरी, अञ्जना तामाङ, शिशम, रुद्र गुरुङ, धर्म विश्वकर्मा, कृष्ण बराल, रघुवीर शर्मा, अशोक लामा, रमा गुरुङ, बुद्धि चौधरी, रणदीप, भरत न्यौपाने र मीनप्रसादको उपस्थिति रहेको जनाइएको छ ।

**पार्टी निर्देशन मान्दै भरतपुर महानगरपलिकाका मेयरका उम्मेदवारले लिए नाम फिर्ता**

पार्टीको केन्द्रीय समितिको निर्णय र जिल्ला पार्टीको निर्णय र निर्देशन स्वीकार गर्दै भरतपुर महानगरपालिकाका मेयर पदका उम्मेदवार दुर्गाप्रसाद शर्मा सुवेदीले उम्मेदवारी फिर्ता लिएको घोषणा गरेका छन् । नेकपा चितवन जिल्ला पार्टी सचिवालय सदस्य तथा पूर्वजिल्ला सचिव दुर्गाप्रसाद शर्मा (सुवेदी) ले प्रेस विज्ञप्ति जारी गर्दै भरतपुर महानगरपालिकाको मेयरका लागि दिएको उम्मेदवारी फिर्ता लिएको जानकारी गराएका हुन् ।

सुवेदीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति चितवनको सचिवालयको बैठकको निर्णयअनुसार यस जिल्लामा स्थानीय चुनावमा उम्मेदवारी दिएका पार्टीको जिम्मेवारीमा रहेका कमरेडहरूलाई केन्द्रीय समितिको १२ औँ बैठकले गरेको पार्टी चुनावमा नजाने निर्णयलाई अक्षरशः पालना गर्नका लागि उम्मेदवारी फिर्ता गर्न दिएको निर्देशनबमोजिम म जिल्ला पार्टी सचिवालय सदस्य तथा पूर्वजिल्ला सचिव दुर्गाप्रसाद शर्मा (सुवेदी) ले भरतपुर महानगरपालिकाको मेयरका लागि दिएको उम्मेदवारी फिर्ता लिएको जानकारी यही प्रेस विज्ञप्तिमार्फत गराउन चाहन्छु । मेरो यो निर्णयले पार्टी केन्द्रीय समितिको १२ औँ पूर्ण बैठकको निर्णय कार्यान्वयनमा भएको अन्योल, पार्टीमा देखिएको असामञ्जस्य स्थितिको अन्त्य गर्नुका साथै पार्टीलाई एकताबद्ध गर्न सहयोग पुग्नेछ भन्ने पनि विश्वास लिएको छु । यस्तो अवस्थामा जनयुद्धको विरासतको प्रतिनिधित्व गर्ने, देशभक्त शक्तिप्रति मेरो सहयोग र समर्थन रहनेछ ।'

## जाजरकोट-टालेगाउँ ....

हजार प्रतिकिलोग्रामका दरले देशमै र विदेशमा लाखौँ रूपैयाँ पर्ने निलम खानीका कारण पनि टालेगाउँ चर्चित छ। पहिला बितु सिंहले पनि यसको काम गर्नुभयो। पछि व्यापारीहरूले नै खानी कब्जा गरेपछि भने स्थानीयको पहुँच छैन यसमा।

जाजरकोटमा पानी पर्याप्त छ। खलङ्गादेखि नै पानी नै पानी भेटिरहेका छौँ हामी बाटाभरि। सडक नै हिलाम्मे पार्ने गरी बगेको छ पानी। नदी, गाड अर्थात् खोला, खहरे, झरना, तलाउ यत्रतत्र सर्वत्र देखिन्छन्। सबैतिर पानी नै पानी छ। खानी-ढुङ्गाहरू पनि त्यस्तै चिटिक्क परेका, चौडा, फराकिला। घरको गारोदेखि छानोसम्म ढुङ्गैढुङ्गा। सडक सञ्जालले जोडिएको हुन्थ्यो भने यो पानीदेखि ढुङ्गा, जङ्गल, खनिज, जडीबुटीसम्मका प्राकृतिक सम्पदाले नै जाजरकोटलाई सम्पन्न बनाइदिने थियो। प्रकृतिले साथ दिएर पनि व्यवस्थाले साथ नदिँदा ती प्राकृतिक सम्पदा 'भिल्लको देशको मणि' जस्तै हुन पुगेको टिप्पणी स्थानीय बुद्धिजीवीकै छ।

उत्तरतिर कुशे हिमाल टल्किरहेको छ र त्यसैको न्यानो काखमा छ हिउँ पर्नासाथ टल्किन ठिक्क परेर बसेको पाथीभरा पहाड। पाथीभराको न्यानो काखमा छ कुशे २ टालेगाउँ र हामी टालेगाउँको काखमा प्रियजनको ममतामा लुटुपुटिएका छौँ। पूर्वउत्तरमा बडालेक त्यसैगरी ठिङ्ग उभिएको छ जसरी बाटोमा आउँदा सल्यानको कुमाख वैरीलाई चुनौती दिँदै उभिएको थियो। हुनत सभ्यतालाई नै चुनौती दिँदै मानव जातिको कलङ्क र धब्बाका रूपमा उभिएका भेटिएका थिए नवराज विकलगायत ६ जना सांस्कृतिक विद्रोहीहरूको हत्या गर्ने सोती र भेरीका अवशेषहरू पनि तर जर्ज फ्लोइड र नवराजहरूको बलिदानसँगै नयाँ सभ्यता अर्थात् वैज्ञानिक समाजवादको महान् अभियानमा लागेको हाम्रो गौरवशाली पार्टीको टुकडी पनि तिनै असभ्यताहरूलाई चुनौती दिँदै विद्रोही चेतना बनेर चम्किरहेथ्यो।

चिया बनाएर खुवाउँदै हुनुहुन्छ कमरेड उषा। उहाँलाई कहिले मुकुन्दले त कहिले उषाकिरण आजादले साथ दिइरहनुभएको छ। परमेश्वर र केबीजीको खटाइ देखेर हामी हेर्ने रमितेहरू नै हैरान हुन्छौँ। हेर्दाहेर्दै खसी तयार हुन्छ। रेडियम र फुपूहरूको घरका लागि भाग लगाएर पठाइन्छ। खाना तयार नहुँदै रक्ती-भित्राँस तयार हुन्छ। दाजुभाउजू पाहुनाहरूको सत्कार गरिरहनुभएको छ । उहाँहरूलाई भ्याइनभ्याइ छ रेडियमहरूले सघाउँदा पनि । भाउजूले ओखलमा कुटेको धानको चामलले मलाई आफ्नै नयाँ घर र सिर्जनानगरको इतिहास सम्झाइदिन्छ। हामी खाना खान्छौँ, सामान्य भलाकुसारी गर्छौँ र बिस्तरालाई साथी बनाउँदै निदाउँछौँ।

आज यात्राको पाँचौँ दिन हो । यो यात्राको आज मुख्य दिन पनि हो । आज बिहानैदेखि जनकल्याण आधारभूत विद्यालय गुमथले झकिझकाउ बनेको छ । बिहानैदेखि जनताका गीतहरू गुन्जिरहेका छन् गुमथलेमा। हामी बसेको घरसम्मै सुनिन्छ विद्यालयमा गुन्जिएको जनवादी गीतसङ्गीत । आज गुमथलेमा ठूलो महोत्सव आयोजना हुँदैछ। जनयुद्धकालीन र एकीकृत जनक्रान्तिका सिलसिलामा लेखिएका/गाइएका क्रान्तिकारी गीतहरूले मानिसको मनदेखि शरीरसम्म सबै जुर्मुराइरहेको अनुभूति हुन्छ। महान् जनयुद्धमा दुनै मोर्चाको तयारी, पिली मोर्चाको समीक्षा र पत्रकार सम्मेलन गरिएको स्थान हुनाले पनि वरिपरि घना जङ्गलले ढाकेको हिमालको काख टालेगाउँ जिल्लाभरिमै चर्चित र ऐतिहासिक स्थान हो। हुनत यस जिल्लामा जनयुद्धको समयमा ठूल्ठूला लडाइँहरू भएका हुन् । पाँचकटिया, लहँ, पिपेलगायत मोर्चा त जनयुद्धकै चर्चित मोर्चाहरूमा पर्छन्।

बिहान दाजु गोरखबहादुर सिंहसँग बाबा बितु सिंह र आमा बिन्दासरा सिंहका बारेमा कुरा गर्छु। बाबाआमाको सामाजिक उच्च चेतना र दायित्वबोधले भरिएको विचार र कर्मको बखान सुन्दा महान् वर्गसङ्घर्षले जन्माएका महान् बाबाआमाको विशाल हृदय र क्रान्तिकारी विचार सम्झिएर गर्वले छाती ढक्क फुल्छ। जनताका यस्तै महान् आमाबाबा थिए र त त्यो वर्गसङ्घर्ष इतिहासमै गर्व गर्नलायक महान् जनयुद्ध बनेको थियो भन्ने ठानेर मन प्रफुल्ल र गौरवान्वित हुन्छ। सशरीर बाबाआमासँग भेट हुन नसकेको भए पनि मनमनैले बाबाआमालाई सलाम गर्छु र ममतामयी आमा जूनमाया सुवेदीको स्मृतिमा आफैँले लेखेको गीतका लहर गुनगुनाउँछु :

टहटह जूनजस्तै शीतल हाम्री आमा
मन्दमन्द पवनजस्तै शान्त हाम्री आमा
सागरजस्तै विशाल, निश्छल, स्वच्छ हाम्री आमा
चोमोलुङ्मा हिमालजस्तै उच्च हाम्री आमा।
नीलनील गगनजस्तै व्यापक हाम्री आमा
चमचम गर्ने ताराजस्तै उज्ज्वल हाम्री आमा
हराभरा सृष्टि पार्ने धर्ती हाम्री आमा
सुन्दर संसार देखाउने प्यारी-प्यारी आमा।
तराईको तातो बाफ हिमालको हुरी
पहाडको दुःखकष्ट सबै एकैसरि
विभेदको अन्त्य खोज्ने न्यामूर्ति आमा
शान्त लाग्ने समुद्रकी ज्वारभाटा आमा।
दृढताकी प्रतीक आमा ममताकी खानी
दुःखकष्ट पचाएर हाँसखेल गर्ने बानी
छङछङ गर्ने झरनाजस्तै स्वच्छ हाम्री आमा
संसारमै सबैभन्दा असल हाम्री आमा।

हेर्दाहेर्दै पार्टीको जिल्लाको अभियानटोली आइपुगेको छ टालेगाउँ । जनसेवक, जनकलाकारसहितको टोलीको क्रियाशीलताले मन ढक्क फुल्छ । टालेगाउँ पार्टीका राता मान्छेमय बनेको छ।

म महान् सहिद तुफानकी आमा, कमरेड रेडियमकी आमा अर्थात् क्रान्तिकारी आमा तुलसा सिंहसँग भेट गर्न हतारिन्छु। तीन तलामाथि बुइँगलमा भान्छामा बसेर आफ्नो छोरा सहिद तुफानका सपना साकार पार्न क्रान्तिमा हिँडेका योद्धाहरूका लागि तरकारी बनाउँदै गरेकी आमासँग कमरेड तुफानको जीवनी खेतल्न थाल्छु जिल्लका पार्टी इन्चार्ज, पार्टी सीसीएम कमरेड सङ्गम आरसीलाई साक्षी राखेर । क्रान्तिमा समर्पित आमाको हृदय न हो, विचारमा करुणा, प्रतिबद्धता र आक्रोश व्यक्त गर्दै भन्नुहुन्छ- मेरो एउटा छोरो जनयुद्धमा बलिदान भयो। मेरो छोरो देश र जनतालाई मुक्त पार्न सहिद बनेको थियो, प्रचण्ड वा बाबुरामलाई प्रधानमन्त्री बनाइदिन वा कुर्सीमा पुऱ्याइदिन मरेको थिएन । मेरो छोराजस्तै हजारौँ छोराछोरीको रगतको अपमान भयो। मेरो अर्को छोरो पनि क्रान्तिमा छ। यो छोराको रगतलाई अरू कसैले सत्तामा जाने भऱ्याङ नबनाइदिऊन्। सत्ताका लागि दुरूपयोग नगरिदिऊन्....।'

ओहो ! जनयुद्धले महान् बनाएका आमाहरूका महान् कुरा। महान् विचार र महान् छातीबाट निस्किएका महान् वाणीहरू। त्यसैले आमाहरू महान् छन्। महान् आमाबाबाले आँसु र रगतको भेलले जन्माएका परिवर्तनकामी विद्रोह, क्रान्ति र युद्धहरू महान् छन्।

आँखैमा राख्छु मेरो देश, मुटुमा राख्छु मेरो देश...

हिजो डोग्रीमा सुखद मिलनपछि रसाएका थिए आँखा सबैका। कसैले नभने पनि अर्थात् भन्ने साहस नगरे पनि हिजोका हर्षाश्रु आज १२ घन्टा पनि नबित्दै पीडामा रूपान्तरित हुँदैछन् भन्ने सबैलाई थाहा छ। त्यसैले कोही पनि कसैसँग त्यस विषयमा कुरा गरिरहेको छैन। दाजुभाउजूको मुहार बिहानैदेखि बेग्लैबेग्लै देखिरहेको छु। आफन्तजनहरू मिलनको खुसीका लहर-तरङ्ग लहरिइरहेको समयमा भावनाहरू साटिसक्न नपाउँदै बिछोडका लागि तयार बन्दै गएको भाव पढ्न पनि सकिने अवस्था छ।

एक अभियात्री मुकुन्दजी पूर्णजीको तल्लो घर फन्को मारिमारी तस्बिर खिचिरहनुभएको छ । पूर्णजी र उषा घरलाई पृष्ठभाग पारेर बिदाइ तस्बिर खिच्दै गरेको जस्तो लाग्छ। हिजो बोलाउँदा पनि नजिक आउन नमान्ने छोरी सिर्जना-पूर्णिमा-सपना आज अलि नजिकनजिक आइरहेका छन्। त्यस्तै सपना र पूर्णिमामा पनि लज्जाभाव मेटिँदै र दायित्वबोध बढ्दै गएको अनुभूत भइरहेछ। सहिद आमालाई आज दिउँसोको मूल कार्यक्रममा पनि हाम्रो भेट हुन्छ भन्ने थाहा भइसकेकाले त्यति हतारिनुभएजस्तो लागेको छैन तर जोसँग आज दिउँसो भेट हुनेवाला छैन नजिकैबाट, उहाँहरू नजिक हुँदै बिदा माग्दै हिँड्न लागेजस्तो लाग्छ। साँच्चै भनूँ भने राम्ररी, गहिरोसँग परिचय नसाटिँदै विछोडको भयले सताउन लागिसकेको छ बिहानैदेखि।

आज यात्राको पाँचौँ र मुख्य दिन हो । चार दिन लगाएर जाजरकोट टालेगाउँ आइपुगेका छौँ हामी आजैको खास कार्यक्रमका लागि । आज हामी कुशे गाउँपालिका २ टालेगाउँका बासिन्दाका बीच यही समाजका दुई महान् आमा र बाबाका नाउँमा केही सामाजिक-सांस्कृतिक पर्वहरू घोषणा गर्दैछौँ। संस्थापक पूर्णबहादुर सिंहले आफू र सहिद भाइ तुफानले अध्ययन गरेको र आफ्ना बाबा बितु सिंह र स्थानीय मानबहादुर शाहीले २०४५ सालमा स्थापना गरेको श्री जनकल्याण आधारभूत विद्यालयमा अध्ययनरतमध्ये विद्यालय प्रथम र जेहेनदार (यस वर्ष कक्षा ७ मा अध्ययनरत करिष्मा सिंहलाई विद्यालय प्रथम र कक्षा ३ मा अध्ययनरत अम्बिका सिंहलाई जेहेनदार) गरी दुई विद्यार्थीलाई वार्षिक पाँचपाँच हजार रूपैयाँ छात्रवृत्ति घोषणा र हस्तान्तरण गर्ने, टालेगाउँका पाँचैजना सहिद तेज, तुफान, अपार, सङ्ग्राम र मण्डलका परिवारका सदस्यलाई अभिनन्दन गर्ने, सम्पूर्ण विद्यार्थीलाई कापी, सिसाकलम, डट्पेन प्रदान गर्ने र हामीले सामूहिक रूपमा विद्यालयलाई पाठ्यपुस्तक, पत्रिका र ऐतिहासिक सन्दर्भ समेटिएका अध्ययनसामग्री हस्तान्तरण गर्ने कार्यक्रम छ । आज सिङ्गो टालेटाउँ गुमथलेस्थित जनकल्याण आधारभूत विद्यालयमा केन्द्रीकृत हुँदैछ । स्थानीय जनसमुदाय, विद्यार्थी-अभिभावक, विद्यालयका शिक्षक-शिक्षिका, कर्मचारी, कार्यक्रम संस्थापक, पाहुना, आफन्तजन सबै विद्यालयमा भेला हुने कार्यक्रम छ। नेकपा जाजरकोटको सिङ्गो अभियान टोली टालेगाउँ आइपुगेको छ। अभियानमै लामबद्ध एकीकृत जनसांस्कृतिक परिवार जाजरकोट पनि सहभागी छ।

बिहान ९ बजेदेखि नै विद्यालयमा विद्यार्थी, अभिभावक र शिक्षक सहभागी हुन थालिसकेको खबर आइसकेको छ। दाजुभाउजू पनि कार्यक्रम स्थलमै सहभागी हुने हुनाले घरबाटै बिदा हुनु नपरे पनि कार्यक्रम सकिनासाथ हिँडिहाल्ने कुरा छ। परमेश्वर शाह र केबीजीसहित हाम्रो नौजनाको सिङ्गो टोली घर पनि नफर्कीकन विद्यालयबाटै बाटुले झर्ने तय भइसकेको छ।

हामी खाना खाएर अलि गतिमै कार्यक्रम स्थलमा जानका लागि तयार भयौँ। झन्डै १५ मिनेट हिँडेपछि मात्र पुगिन्छ जनकल्याण आधारभूत विद्यालय जहाँबाट हामी हिजो अपराह्न यता डोग्रीस्थित पूर्णजीको घरतिर अघि बढेका थियौँ । फेरि हिजो आएकै दिशातिर फर्किनुपर्छ हामी कार्यक्रमका लागि । पूर्णजीको घर र विद्यालय रहेको ठाउँलाई बीचमा एउटा खोल्साले छुट्ट्याएको छ । खोल्सावारिपारि भएकाले अर्थात् आम्नेसाम्ने परेकाले मात्र गीतसङ्गीतको धुन बिहानैदेखि सुनिएको हो।

हामी आआफ्ना झोला, सामान र पोकापुन्तुराहरू बोकेर कार्यक्रमस्थलनिर पुगिसकेका छौँ। अलि भिरालो बाटो हिँड्नुपर्ने भएकाले उषाकिरणले मेरो गह्रौँ झोला पनि समाइदिनुभएको छ हिजोजस्तै। बेलाबेला स्यारीसिर्र गरेर पानीले हामीलाई तर्साउने छाँट बिहानैदेखि देखाइरहेको छ। त्यसैले हामी ढिला नगरी कार्यक्रम सुरु गर्ने तयारीमा छौँ।

विद्यालयमा पुगेर कार्यक्रम तालिका निर्माण गर्दागर्दै सबै सहभागीलाई अत्याउँदै र भिजाउँदै एकसरो पानी ओइरिन्छ। चीसो ह्वात्तै बढाएको छ पानीले। उस्तै परे हिउँ बर्सिन बेर लगाउँदैन यहाँ पनि। ससाना बालबालिका र अभिभावकको चिल्लीबिल्लीजस्तै हुन्छ। कार्यक्रमका लागि बाहिर चौरमा निर्माण गरिएको मञ्च पनि निकालिन्छ। अब यो पानीलाई छल्दै कहाँ कार्यक्रम गर्ने होला भन्ने विकल्पबारे सल्लाह हुँदाहुँदै पानी रोकिन्छ। हामी बालबालिकाकै शैलीमा खुसी हुँदै फेरि चौरमा केन्द्रीकृत हुन्छौँ। एकैछिनमा मञ्च तयार हुन्छ । सबै केन्द्रीकृत हुन्छौँ । हामीलाई ठूलो तामझाम र औपचारिकताभन्दा कार्यक्रम सक्ने र हिँड्ने हतारो छ। स्थानीय बासिन्दाबीच नयाँ संस्कार, संस्कृति आरम्भ भएको घोषणा गर्नुछ। सबैको जिज्ञासा छ आज पक्कै पनि गुमथलेमा केही नयाँ र दीर्घकालीन महत्वको काम हुँदैछ।

मध्याह्न १२ बजिसकेको छ। पानीले अत्याएकाले सबैको मनस्थिति हतासहतास बन्दै गएको छ । पानी परेमा फेरि कार्यक्रम बिथोलिने खतरा छ। पानी परिरहेमा टालेगाउँबाट बाटुलेसम्म झर्ने ओरालो भिरालो बाटो पनि चिप्लो भएर प्रभावित हुनेछ । शिरैमा पाथीभरामा हिउँ पर्नेछ र चिसोको मात्रा एक्कासि बढेर थेग्न गाह्रो हुनेछ । कार्यक्रममा आइसकेका मानिस फर्कन सुरु गर्नेछन् भने आउन बाँकी अरू विद्यालय र गाउँका मानिस कार्यक्रममा थपिनेछैनन्...। यस्ता धेरै आशङ्का र समस्याहरूका बारेमा छलफल हुँदाहुँदै पानी रोकिन्छ र तीव्रतामा कार्यक्रम सुरु हुन्छ । प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य एवम् जाजरकोट जिल्ला इन्चार्ज कमरेड पहलबहादुर रावल 'सङ्गम आरसी', संस्थाका संस्थापक, नेकपाका केन्द्रीय सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक इन्चार्ज कमरेड पूर्णबहादुर सिंह, वक्ता अतिथिका रूपमा म आफैँ र अन्य स्रष्टाहरू अराप, दीपक, मुकुन्द, उषाकिरण, अनिल... सबैसबै मञ्चासीन हुन्छौँ । सहिद परिवारका सदस्यहरू मञ्चासीन हुनुहुन्छ । परमेश्वर शाह कार्यक्रम सञ्चालन गरिरहनुभएको छ। आयोजकमध्येको एक संस्था जनकल्याण आधारभूत विद्यालयले माला पहिऱ्याएको छ संस्थापक र अतिथिहरूलाई । हामी हेर्दाहेर्दै मालाभित्र पुरिन थाल्छौँ । यो बिनास्वार्थ गरिएको सम्मान हो । त्यसैले जनकल्याणलगायत विद्यालयहरूले गरेको स्वागत र सम्मानलाई हामीले अन्यथा मानेका छैनौँ।

कार्यक्रम भव्य रूपमा सुरु भइसकेको छ। एकीकृत जनसांस्कृतिक परिवार जाजरकोटका कलाकार कमरेडहरू जनयुद्धकी महान् सांस्कृतिक सहिद चुनु गुरुङको यो कालजयी गीतमा नृत्य गरिरहनुभएको छ :

आँखैमा राख्छु मेरो देश
मुटुमा राख्छु मेरो देश
परेलीमा सजाउँछु मेरो देश...

हो, यो देश र श्रमिक वर्गलाई आँखैमा र हृदयमा सजाउनेहरूको बस्ती हो। यो मातृभूमिको रक्षा र सर्वहारा वर्गको मुक्तिका लागि, वैज्ञानिक समाजवाद स्थापनाका लागि दलाल पुँजीवादसँग लड्न, जित्न र त्यसका लागि बलिदानसम्म हुन तयार क्रान्तिकारीहरूको सभा हो । यहाँ सिङ्गो कर्णाली र जाजरकोट बोलेको छ। यहाँका बालबालिका, अभिभावक, शिक्षक सबैसबैमा कर्णाली र जाजरकोटको चित्र छर्लङ्ग देखिन्छ अर्थात् अभाव, पीडा, राज्यको दोहन, अविकास, दुःख, कष्ट, हैरानी सबै अभिव्यक्त भएको छ। हिजोको राजनीतिक नेतृत्वबाट सबै हुर्मत लुटिए पनि मान्छेभित्रको मान्छेत्व बाँकी छ यहाँ। जनयुद्धले निर्माण गरेको मानवीय भावना, संस्कार र संस्कृति त्यतिबेलाका आधारइलाकाहरूमा हिङ नभए पनि हिङ बाँधेको टालो नै सही, बाँचेको छ। अन्य स्थानमा अर्थात् खास सहरबजारमा दलाल पुँजीवादले खाइसकेको छ। जुनी कम्युनलाई अवसरवादीहरूले आफ्नो दुनो सोझ्याउने ठाउँ बनाएर कब्जा गरिसकेको दुःखद् सूचना छ तर त्यही अवशेष हेर्न जानका लागि पनि हामीसँग पर्याप्त समय पुगेको छैन। हामी यही बस्तीलाई हेरेर यो ...डाँडैपल्तिरको जुनी कम्युनमा पुगेको अनुभूति गरिरहेका छौँ । कमरेड परमेश्पवर शाहको घर त्यहीँनेर हो।

कार्यक्रममा महान् सहिदहरू र अग्रजहरूको सम्मानमा श्रद्धाञ्जली हुँदैछ। अतिथिहरूलाई स्वागत हुँदैछ। कमरेड उषा आयोजकका तर्फबाट महान् जनयुद्धमामा बलिदान गर्ने सहिदहरूका परिवारका सदस्यहरू तुलसा सिंह, कुमार सिंहलाई दोसल्लासहित सम्मान गरिरहनुभएको छ। सहिद परिवारले जयुद्धकालीन गर्विलो इतिहास बोकेको र सहिदको रगतसँग नाता गाँसेको नौलो बिहानीको सहिद र बलिदान विशेषाङ्क लोकार्पण गरिसक्नुभएको छ। सहिद परिवारका सदस्यहरू आफ्ना प्रियजनले समाजमा विद्यमान असमानता, विभेद र अन्याय समाप्तिका लागि जारी वर्गसङ्घर्षमा बलिदान गरेको विषयलाई गर्व र इतिहासको अनिवार्य कोटाका रूपमा संश्लेषण गरिरहनुभएको छ । खलनायकहरूले महान् जनयुद्धको गौरवशाली इतिहासलाई सस्तो र सत्ताका लागि बिकाउ माल बनाइरहेको समयमा पनि यो गौरवशाली धरतीका महान् आमाबाबा र दाजुभाइ-दिदीबहिनीहरू भने वर्गसङ्घर्ष विजयमा पुऱ्याएरै छोड्ने र त्यसका लागि अरू बलिदान गर्न तयार रहेको उद्घोष गरिरहनुभएको छ। आहा ! कति महान् हृदय । इतिहासले एकाध खलनायक बेहोर्नुपरे पनि एकभन्दा एक नायक जन्माइरहेको छ समय। मान्छे अझै थाकेको, गलेको, हारेको वा पराजित बनेको छैन। मानिस अझै लड्न र सहिद बन्न तयार छ आफ्नो वर्गका लागि। यो हो नि महानता! यो हो नि महान् जनयुद्धले निर्माण गरेको नयाँ संस्कृति ! यो यात्राको उच्च शिखर चुमेजस्तो लाग्यो मलाई यतिबेला। काठमाडौँमा सरकार ढाल्ने, बनाउने, खाने, हसुर्ने षड्यन्त्रमा तल्लीन छन् हिजो जनयुद्धका नायकत्व समालेका केही थान पात्रहरू तर वास्तविक ग्रामीण भूभागमा सत्ता होइन, सङ्घर्ष प्रमुख छ। क्रान्ति प्रमुख छ। समालिने, उठ्ने, लड्ने र जित्ने कुरा प्रधान छ। एकीकृत जनक्रान्तिले फेरि जनतालाई हिजोभन्दा गहिराइ, उचाइ र व्यापकतामा उठाइरहेको छ वैज्ञानिक समाजवाद निर्माणका लागि। ससाना नानीबाबुको मुहारमा हामी पढिरहेका छौँ- एकीकृत जनक्रान्तिबाट स्थापना हुने वैज्ञानिक समाजवाद तिनका लागि चाहिएको छ। हिजो जनयुद्धले तिनलाई सुन्दर सपनाहरू देखाएको थियो तर ती सपना दुःस्वप्नमा परिणत भए। अब सपनाको अपहरण गर्न दिनेछैनन् जाजरकोटहरूले, आधारइलाकाहरूले अर्थात् श्रमिक जनताका आधारभूत बस्तीहरूले। त्यसैले उनीहरू भनिरहेका छन्- अब क्रान्ति कसैले खोस्न सक्तैन। हामी खोस्न दिँदैनौँ यसलाई हिजोजस्तो...।

प्रमुख अतिथि, संस्थापक, अतिथिहरू र मेरो पालोमा म पनि अग्रजहरूको स्मृतिमा सहिदहरू र बालबालिकालाई नगद छात्रवृत्तिसहित सम्मान गर्ने कार्यक्रमको चर्चा गर्छौं। मैले पनि १५ वर्षअघि रामेछापबाट अग्रजहरूको सम्मान गर्ने कार्यक्रम आरम्भ गरेको थिएँ यसैगरी मुक्ति सेनाका योद्धा, रक्षा दलका लडाकु एवम् कवि हितप्रसाद उपाध्याय र ममतामयी आमा जूनमाया सुवेदीको सम्मानमा। पुष्पलाल-गङ्गालाल-कृष्णलालदेखि शिवलाल-चन्द्रलाल-हितप्रसाद-जूनमायासम्मका विद्रोही र अग्रजहरू सम्मानित भइसक्नुभएको छ अर्थात् उहाँहरूको विद्रोह, बलिदान र त्यागका सुन्दर इतिहासहरू सम्मानित भइरहेका छन्। आज कमरेड पूर्णबहादुर सिंहले त्यही कार्यक्रम र अभियानबाट प्रभावित भएर यो कार्यक्रम आरम्भ गरेको हुँ भनेर सगर्व घोषणा गर्दा मेरो छाती अत्यन्त गौरवान्वित, पुलकित र चौडा भएको छ।

कार्यक्रममा प्रमुख अतिथि पार्टी नेता संगम आरसीले मुलुकको समसामयिक राजनीति पनि अघि सार्नुभएको छ र पार्टीले लिएको वैज्ञानिक समाजवाद स्थापना गर्न जनमतसङ्ग्रहबाट छिनोफानो लगाउने कुरा पनि गर्नुभएको छ। जिल्ला समितिका सेक्रेटरी अनन्तले पनि टाउकोले टेकेको दुनियाँलाई खुट्टाले टेकाउन प्रयत्नरत रहेको उद्घोष गर्दै राजनीतिक अवस्था बदल्ने विषयलाई जोड दिनुभएको छ। संस्थापक व्यक्तित्व पूर्णजीले आफूले थालेको नयाँ संस्कृति आरम्भ गर्ने कार्यक्रमसँग राजनीतिक विषयलाई जोडेर बोल्नुभएको छ। बाबाआमाको देवत्वकरण गरेको नभई उहाँहरूका योगदानलाई स्थापित गरेको र पुरानो संस्कार-संस्कृति उल्ट्याउँदै नयाँ संस्कृति स्थापना गरेको बताउनुभएको छ। पूर्णजीले विद्यालय प्रथम र जेहेनदार दुई छात्रा करिष्मा र अम्बिकालाई पाँचपाँच हजार र स्थानीय लोकबाजा समूहलाई पनि पाँच हजार रूपैयाँ प्रदान गर्नुभएको छ। अग्नि दाइ र उषाकिरणले कविता वाचन गर्नुभएको छ। मुकुन्दजीलाई थरीथरीका तस्बिर खिच्ने जिम्मा छ। अग्रजहरूको सम्मानमा यति महत्वपूर्ण कार्यक्रम आयोजना गरेर अतिथिका रूपमा आमन्त्रित भएर आमा शीर्षकको कवितासहित केही विचार राख्न पाउँदा म पनि गौरवान्वित भएको छु। तीनवटा विद्यालय- लाइफ फ्युचरका प्रअ र विद्यार्थी, मान्नेढुङ्गाका शिक्षक र विद्यार्थी पढाइ नै रोकी, विद्यालय नै बन्द गरेर जनकल्याण आधारभूत विद्यालयमा आयोजित कार्यक्रम सफल पार्न भेला भएका छन्। कार्यक्रम र विचार जनअनुमोदित भएको छ। सबै वक्ता अतिथि र स्थानीयको एउटै भाव छ- अग्रजहरूको स्मृतिमा विद्यार्थी र सहिद परिवारको सम्मान गर्ने कार्यक्रम सुरु हुँदा अब नयाँ संस्कार र संस्कृतिलाई प्रोत्साहन भएको छ। यसका लागि संस्थापकलाई हृदयैदेखि बधाई तथा शुभकामना छ।

हामी सबै अध्ययनमा अब्बल छात्रा, सम्पूर्ण विद्यार्थीलाई बधाई दिँदै कापीकलम, पुस्तक वितरण गरिरहेका छौँ। स्थानीय लोकबाजालाई आफ्नो कला प्रस्तुत गर्न भ्याइनभ्याइ छ।

धमाधम कार्यक्रम सकेर हामीलाई फर्किन हतार भइसकेको छ किनकि पानी पर्न सुरु गरिसकेको छ फेरि। हेर्दाहेर्दै पाथीभराको नाङ्गो थाप्लो सेताम्मे भइसकेको छ हिउँले। अब हिउँ तलतलसम्म पनि झर्छ। हिउँ धेरै पऱ्यो भने बाटुलेसम्म झर्न डबल क्यापलाई पनि गाह्रो हुन्छ। हामी त हिँडेर भए पनि रातीसम्म बाटुले पुग्दा हौँ, पूर्णजी र उषालाई दाजुभाउजूले पाकेको फर्सीदेखि विभिन्न किसिमका कोसेली हालिदिनुभएको छ । त्यो बोकेर बेसीसम्म पुऱ्याउन गाह्रो हुनेछ।

विद्यालयबाट हिँड्नै लाग्दा एकातिर बालबालिकाको विनम्र मुहारले हृदय रेटिरहेछ भने अर्कातिर पन्चेबाजा समूह संस्थापकलाई कला र गला प्रस्तुत गरेर थप पुरस्कारको अपेक्षासहित बाटो छेकीछेकी बाजा बजाइरहेछ। नजिकनजिक हुँदै गएकी कान्छी छोरी सिर्जना विद्यालयको प्राङ्गणमै थालीभरि रातो रङ र अछेता लिएर आइपुग्छिन् बिदा गर्न। काकाकाकीलाई पहिला टीका लगाइदिन्छिन् उनी र म भएको ठाउँमा आइपुग्छिन्। उनको विद्यालयको एकजना गुजस्तै लाग्छेँ रे म। उनी र पूर्णिमाले हिजो भनेका सिथए । उनको भावले भनिरहेछ- तपाईंहरूसँग भेट र भलाकुसारीको तिर्खा मेट्नै नपाई छुट्टिनुपऱ्यो ठूलोबुबा, छिट्टै आउनू है ...! उनी निधारभरि रातो टीका लगाइदिएर बिदा गर्छिन्। यो क्रम दाजुभाउजू र अरूहरूसँग पनि चलिरहन्छ।

भाउजू वर, गाडी भएको ठाउँसम्म आउनुहुन्छ र बलिन्द्र धारा आँसु बगाउनुहुन्छ छुट्टिनु परेकोमा। एक दिन पनि राम्ररी कुरा गर्न पाइएन। देवर, देउरानी र पाहुनाहरूसँग एक छिन फुर्सदले कुरा गर्न पनि पाइएन... भाउजू यसरी भक्कानिँदा ग्रामीण प्रेम र मायाको लदाबदी पोखिन्छ। हामी सबै भावुक हुन्छौँ र भाउजू, सिङ्गो गाउँबासीसँग हात हल्लाउँदै बिदा हुन्छौँ।

अब भने हाम्रो डबल क्याप चिप्लो, ओरालो बाटोमा हुइँकिएको छ टालेगाउँ, गुमथले, मान्नेढुङ्गा....सबैलाई बाइबाई गर्दै। हामीलाई ऊः परबाट हिजो आउँदा भेटिएका डोग्री, गुमथले, बाह्रसाइले, मान्नेढुङ्गा, तिमिलधारा, बरखाले, कुखेखोला, बिलकोट, नौमुले, कालिकाडाँडा, गैरीखेत गोबिन्दे, टापुचौर, डेब्रा, रोलखोलाले बाइबाई गर्दै हात हल्लाएको भान परिरहेको थियो। परमेश्वर कमरेड पारिपट्टि मावली गाउँ... र त्यसको पुछारबाट छङ्छङाउँदै .........गाडमा झरिरहेको ...झरना देखाउँदै आफूले त्यसमा पौडी खेलेको कथा सुनाइरहनुभएको छ। झमझम पानी परिरहेको छ। डबल क्यापको पछाडि बस्ने मुकुन्द, उषाकिरणलगायत सहयात्रीहरू भिजिरहेका छन् । हामी कहिले झर्दै र कहिले चढ्दै गरिरहेका छौँ गाडीमा । हेदाहेर्दै साँझ झमक्क परिसकेको छ। बाटुले नजिकैनजिकै आउँदैछ भन्ने अनुभूति भइरहेको छ हामीलाई । हामी आज पनि सहिद मण्डलकै घरमा बस्नेछौँ र सानी नानी, सहिद मण्डलकी भान्जी सुजाताको न्यानो आतिथ्यसँगै सानीगाडको सुसाहटमा आफूलाई भुलिदिनेछौँ ...।

## नियमित

### नेकपा (बहुमत) द्वारा जारी ऐतिहासिक अपिल

# वैज्ञानिक समाजवाद स्थापनाका लागि सङ्घर्ष गरौँ !

# दलाल संसदीय व्यवस्थाको भण्डाफोर गरौँ !

**आदरणीय आमा–बुबा, दिदी–बहिनी तथा दाजु–भाइहरू !**

लोकतान्त्रिक गणतन्त्रका नाममा स्थापित दलाल संसदीय व्यवस्थाको स्थानीय तहको दोस्रो आवधिक निर्वाचन यही वैशाख ३० गते हुँदैछ। देशभक्त, श्रमजीवी तथा उत्पीडित जनसमुदायको अपेक्षाविपरीत बितेको पाँच वर्षका समग्र घटनाक्रमहरूले संसदीय व्यवस्थाको जनविरोधी र राष्ट्रघाती अनुहार जनसमक्ष उदाङ्गो भैसकेको छ। बेरोजगारी, महँगी, भ्रष्टाचार, शिक्षा-स्वास्थ्यको चरम व्यापारीकरण, प्राकृतिक सम्पदामाथि मुठीभर तप्काको नाङ्गो लुटपाट इत्यादिले जनताको दैनिक जीवन निकै कष्टकर बन्नुका साथै राज्य सञ्चालनको सर्वोच्च निकाय भनिने संसद्‌बाटै राष्ट्रघाती सम्झौताहरूको लज्जास्पद अनुमोदनले देशको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि समेत गम्भीर सङ्कट थोपरिदिएको छ।

वास्तवमा चुनाव भनेको जनतालाई सुशासन प्रदान गर्न नेतृत्वलाई अद्यावधिक गर्ने साधन हुनुपर्ने हो। त्यसको उल्टो चुनाव भनेको जनता र राष्ट्रलाई दोहन गर्न भ्रष्ट र जनघाती तत्वहरूलाई अवसर प्रदान गर्ने एउटा सजिलो माध्यम बनेको छ। इमानदार र त्यागी नेता-कार्यकर्ताहरू हरेक पार्टीबाट अपमानित र बहिष्कृत भैरहेका छन्। गुण्डा नाइके र पैसावालहरूले मात्र चुनाव जित्ने स्थिति व्यापक बनिरहेको छ। यसले एकातिर राजनीतिको व्यापारीकरण र अपराधीकरण भैरहेको छ भने अर्कोतिर व्यापार र अपराधको राजनीतीकरण भैरहेको छ। देश र जनताको भविष्यमाथि यो निकै डरलाग्दो सङ्कटको पूर्वसङ्केत हो।

सबैभन्दा चासो र चिन्ताको विषय के हो भने पटक-पटकको आन्दोलन, सङ्घर्ष र युद्धबाटै स्थापित शासनप्रणालीहरूसमेत यसरी किन जनविरोधी र राष्ट्रघाती हुन पुग्छन् ? यसको वास्तविकता थाहा पाउन जरुरी छ। सत्य कुरा यो हो कि- पटकपटकका सङ्घर्ष, आन्दोलन र युद्धहरूले देशको शासन प्रणाली अवश्य बदले। त्यसकै परिणाम जहानियाँ राणा शासनको ठाउँमा २००७ सालमा बहुदलीय प्रजातान्त्रिक प्रणाली स्थापित भयो। निरङ्कुश-निर्दलीय पञ्चायती व्यवस्थाको ठाउँमा २०४६ सालमा संवैधानिक राजतन्त्रात्मक संसदीय बहुदलीय शासन प्रणाली स्थापना भयो। २०६३ मा निरङ्कुश शाही शासनको ठाउँमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो। तर वास्तविक सत्ता भने फेरिएन। शासन प्रणालीमा भएको फेरबदललाई सत्ताकै परिवर्तन भन्ने भ्रम फैलाएर जनविरोधी एवम् राष्ट्रघाती तत्वहरूले जनतालाई झूटो बोल्दै आइरहेका छन् र आफ्नो लूटको स्वर्ग जोगाइरहेका छन्। बुझ्नैपर्ने कुरा के हो भिने वास्तविक सत्ता भनेको सेना, अदालत र प्रशासन हो।

हो, नेपाली जनताले पटकपटक सङ्घर्ष, आन्दोलन र युद्धहरू गरेर शासन प्रणाली त फेरे तर सेना, अदालत र प्रशासन पुरानै रहिरह्यो जसको परिणाम सत्ताको शोषणकारी चरित्र बिल्कुल फेरिएन। त्यसैले नै सुकुमबासी र गरिब किसानहरूले जमिन पाएनन्। श्रमिक जनतालाई रोजगारीको सुनिश्चितता भएन। आवासविहीन नागरिकले घर पाएनन्। शिक्षा र स्वास्थ्यमा चरम व्यापारीकरण गरियो। कथित प्रजातन्त्र र गणतन्त्रको स्थापनापछि अदालत, अस्पताल र स्कुल पुँजीवालहरूका पैसा कमाउने उद्योगमा फेरिए। यो तथ्यले वास्तविक सत्ताको परिवर्तनबिना सरकार अर्थात् शासन प्रणालीमा भएको परिवर्तनले मात्र जनता अधिकारसम्पन्न हुनु असम्भव छ भन्ने वास्तविकतालाई पुष्टि गर्दछ। आज नेपाली जनताले जे सङ्कट भोगिरहेका छन् यो त्यसकै स्वाभाविक परिणति मात्र हो।

पुँजीवादी व्यवस्थाभित्र हुने कथित निर्वाचन जनतालाई मूर्ख बनाउने एउटा सुनियोजित षड्यन्त्र मात्र हो। यो नेपाली जनताले विगत ४ दशकभन्दा बढए अनुभव गरिसकेको र विश्व-जनसमुदायले सयौँ वर्षदेखि भोगिरहेको तितो वास्तविकता हो। हरकुनै देशमा जबसम्म पुँजीवादी एवम् शोषणकारी व्यवस्था रहिरहन्छ त्यहाँका जनताले जतिपटक निर्वाचनमा भाग लिए पनि त्यसले उनीहरूको जीवनमा वास्तविक फेरबदल ल्याउन असम्भव हुन्छ। त्यो अमेरिका होओस् वा बेलायत, भारत होओस् वा नेपाल ! सर्वत्र उदाङ्गो भैसकेको सच्चाइ हो। अतः जनताको वास्तविक सत्ता निर्माण गर्न पुँजीवादी व्यवस्थाको अन्त्य एवम् वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना वर्तमान नेपाली समाजको जल्दो-बल्दो आवश्यकता हो। नेपाली जनताका लागि समाजवादको न्यूनतम् शर्त हो- निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था, आवासविहीन जनतालाई निःशुल्क घर, हरेक नागरिकलाई जमिनमाथिको जन्मसिद्ध अधिकार र रोजगारीको सुनिश्चितता।

आदरणीय जनसमुदाय !

नेपाली जनताले आफ्नो अधिकार र स्वतन्त्रताका लागि लडेका सम्पूर्ण लडाइँहरू हाम्रा प्रेरणा हुन्। हाम्रो पार्टी जनताको वास्तविक सत्ता निर्माण गर्न विगत दसबर्से जनयुद्धको बलिदानपूर्ण यात्रामा सहभागी भयो। महान् दसबर्से जनयुद्धको जग अर्थात् जनताको शक्तिबाट स्थापित प्रथम संविधानसभाको जब षड्यन्त्रपूर्ण विघटन भयो, जनमुक्ति सेनाको अपमानपूर्ण विघटन भयो, त्यहाँदेखि हामी एकाधिकार पुँजीवादी सत्ताको संसदीय दलदलबाट अलग भएर निरन्तर जनताको बीचबाट खबरदारी गरिरहेका छौँ। पछिल्लो अवधिमा दलाल पुँजीवादी सत्तासँग सङ्घर्षको प्रक्रियामै हाम्रो पार्टीले २ बर्से प्रतिबन्धित अवस्था झेल्नुपर्‍यो। हजारौँ कमरेडले जेल र हिरासतको कष्ट सहन गर्नुपर्‍यो। ३० जनाभन्दा बढी कमरेड अझैँ जेलमा हुनुहुन्छ। आजको दिनसम्म आइपुग्दा १२ जना होनहार योद्धाहरूको बलिदान भैसकेको छ। दर्जनौँ कमरेड घाइते हुनुहुन्छ। २०७७ साल फागुन २१ गते सम्पन्न तत्कालीन सरकारसँगको तीनबुँदे सहमतिपछि हाम्रो पार्टीमाथिको प्रतिबन्ध फुकुवा भयो र परिस्थितिले नयाँ मोड लियो। राज्यद्वारा तीनबुँदे सहमतिको पूर्ण कार्यान्वयन नगरिए पनि तत्पश्चात् उत्पन्न नयाँ परिस्थितिलाई जनअधिकार स्थापनाको बाटोमा अग्रसर गर्न पार्टीले गत बाह्रौँ केन्द्रीय समितिको बैठकबाट स्थानीय चुनावमा भाग नलिने सर्वसम्मत निर्णय गर्‍यो। तर चुनावलाई भ्रष्टाचार र राष्ट्रघातविरोधी सङ्घर्षको मोर्चामा रूपान्तरण गर्न भने स्वतन्त्र उम्मेदवारहरूलाई समर्थन र सहयोगको नीति लियो। केन्द्रीय समितिको यो निर्णयका विपरीत पार्टीलाई जबर्जस्ती संसदीय भासमा धकेल्ने पार्टीभित्रको संसद्‌वादी प्रवृत्तिका विरुद्ध निर्मम सङ्घर्ष गर्दै पुनर्सङ्गठित गर्नुपरेको छ। यो अवस्थामा पार्टीभित्रको चुनावपरस्त, संसद्‌वादी एवम् अवसरवादी प्रवृत्तिको भ्रममा नपर्न तथा दलाल पुँजवादी संसदीय व्यवस्थाको चुनावी नौटङ्कीको भण्डाफोर गर्न सम्पूर्ण देशभक्त, जनपक्षीय, क्रान्तिकारी जनसमुदायलाई अनुरोध गर्दछौँ। स्वाधीनताको रक्षा एवम् जनअधिकार प्राप्तिको सर्वोत्तम विकल्प वैज्ञानिक समाजवाद स्थापना गर्न सङ्घर्षपूर्ण निर्विकल्प बाटोमा अग्रसर हुन हाम्रो पार्टी सम्पूर्ण जनसमुदायमा हार्दिक अपिल गर्दछ।

२६ वैशाख, २०७९
नेपाल कम्युनिस्ट पार्टी (बहुमत)
नवौँ महाधिवेशन आयोजक समिति

## विप्लवको वितण्डा ....

कुरा गरे तर सङ्घर्षलाई कहाँ लैजाने भनेर प्रस्ट पारेनन्। सङ्घर्षले त जनताको जीवन परिवर्तन गर्न मद्दत गर्नुपर्दछ तर उनले सङ्घर्ष कस्तो हुने, त्यसपछिको कार्यक्रम कस्तो हुने भन्नेबारेमा सोचेका रहेनछन्। त्यो भनेको वितण्डतावाद हो। उनीहरू चुनावपछि फेरि फर्किएलान् तर उनीहरू संसद्‌वादी भैसकेका छन्।

केन्द्रीय समितिमा अधिकतम साथीहरूले बहस गर्नुभयो। त्यसपछि चुनावको उपयोग गर्ने विप्लवको प्रस्ताव खारेज भयो। चुनावमा भाग लिनु र खारेज गर्नु एक सिक्काका दुई पाटाजस्तै थिए। तुलनात्मक हिसाबले बहिष्कार गर्नु नै सही हुन्छ भन्ने थियो तर हामीले बीचको बाटो अपनाएका थियौँ। चुनावमा जानु र बहिष्कारमा जानु दुवै गलत हुन्छ भन्ने निष्कर्षसहित हामीले चुनावमा पार्टी नजाने, निर्वाचन आयोगमा दल दर्ता नगर्ने तर खासखास ठाउँमा स्वतन्त्र उम्मेदवारहरूलाई सहयोग गर्न सकिने, देशभक्तहरूलाई सहयोग गर्न सकिने निर्णय गरेका थियौँ। चैत १८ गते चितवनको एक प्रशिक्षणमा विप्लवले नै पार्टी निर्णयविपरीत अभिव्यक्ति दिए र निर्णयको उल्लङ्घन गरे। मेरो निर्णय त ६ हजार ठाउँमै उम्मेदवार उठाउने र चुनावमा जाने योजना थियो तर केन्द्रीय समितिले मानेन भने। पार्टी निर्णयविरुद्ध केन्द्रीय समिति सदस्यहरूलाई उम्मेदवार बनाए। तत्कालीन प्रवक्ता स्वयम् निर्वाचन आयोगमा गएर पार्टी दर्ताप्रक्रियाको सुरुआत गरे। कहाँसम्म भने हामी जाँदैनौँ भन्दाभन्दै पनि केन्द्रीय सदस्यहरूलाई उम्मेदवार बनाउनतिर लागे।

पार्टीभित्र छलफल र बहस गर्ने वातावरण नै समाप्त भएपछि हामीले राष्ट्रिय भेला गर्‍यौँ। क्रान्तिकारी धारालाई बचाउनका लागि हामी राष्ट्रिय भेला गर्नुपर्ने अवस्थामा आइपुग्यौँ। हामीले विचारको बहस चलाउँदा हामीमाथि जुन आरोपहरू लगाइएको छ, ती कुनै पनि कुरा हामीसँग सम्बन्धित छैनन्। उनीहरुले यो विषयतिर धेरै जाने र हामीलाई आरोप लगाउने कोसिस गरिरहे भने नेपाली उखान 'गोबरमा हान्दा खप्परमा छिटा' भनेजस्तै हुनेछ।

हामीले शान्ति, समृद्धि, वैज्ञानिक समाजवाद, स्वाधीन संयुक्त सरकार, राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, समृद्धि र स्वाधीनताको कार्यक्रम बनाएका छौँ। यो कार्यक्रम हामी देशभरि लिएर जानेछौँ। यसको थप व्याख्या हामी लेखहरू र विभिन्न कार्यक्रमहरूमार्फत गर्नेछौँ। हामीले राजनीतिक स्थिरता किन भनेका हौँ भने जहिलेसम्म संसदीय व्यवस्था रहन्छ, त्यतिबेलासम्म देशमा राजनीतिक स्थिरता रहँदैन किनकि संसदीय व्यवस्थाको आन्तरिक चरित्र भनेको अस्थिरता हो। त्यसकारण हामीले समाजवादी व्यवस्थाको न्यायपालिका, कार्यपालिका सबै निर्वाचित हुनुपर्छ भनेका छौँ। देशमा राजनीतिक स्थिरता भएको खण्डमा सबै प्रकारका चोरी, डकैती, भ्रष्टाचार, अन्याय-अत्याचारको अन्त्य हुन्छ। न्यायपालिका सस्तो र सुलभ बन्छ। निर्वाचित न्यायपालिकामा पैसाको चलखेल हुनेछैन। अर्को कुरा नेपालमा जन्मने हरेक नागरिक देशको ऋण बोक्न बाध्य छ। तर हरेक नागरिक जन्मनेबित्तिकै जमिनको मालिक बन्नुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ।

अर्को कुरा एमसीसी देशबाट खारेज गर्नुपर्दछ भन्ने हाम्रो कार्यक्रम रहेको छ। नेपालको रूपान्तरण गर्ने क्रान्तिकारी अग्रदस्ता निर्माण गर्ने हाम्रो उद्देश्य रहेको छ। तत्कालीन रूपमा हामी एमसीसीविरुद्धको आन्दोलन र सामाजिक रूपान्तरणको आन्दोलन अघि बढाउनेछौँ। क्रान्ति गर्नु भनेको कुनै युद्ध होइन, परिवर्तन हो। हामीले हाम्रो कार्यक्रममा तत्कालिक विषयहरू समावेश गरेका छौँ। क्रान्तिकारीहरूको एकताको शृङ्खला सुरु गर्ने अभियानमा पनि लाग्नेछौँ। क्रान्तिकारी बृहत् एकतामार्फत क्रान्तिकारी आन्दोलन अघि बढाउनेछौँ। तीनबुँदे सहमति लागू गर्नका लागि हामी वार्तामार्फत सरकारसँग छलफल अघि बढाउनेछौँ किनकि वार्ता टोलीकै सदस्य हामीसँग भएको अवस्थामा बन्दीहरूको रिहाइ र तीनबुँदे सहमति लागू गर्नका लागि हामी सरकारसँगको संवाद अघि बढाउनेछौँ र यसको अपनत्व पनि हामी लिनेछौँ।

*(नेकपा (बहुमतका संयोजक धर्मेन्द्र बास्तोला 'कञ्चन' ले वैशाख २६ गते सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) मा आयोजित पत्रकार सम्मेलनमा व्यक्त गरेको विचारमा आधारित।)*

## संसदवादी ....

कञ्चन' ले नेत्रविक्रम चन्द, खड्गबहादुर विश्वकर्मालगायत एउटा सानो समूहले पार्टीलाई संसद्‌वादी बनाउँदै प्रतिक्रियावादी सत्ताको चुनावमा सामेल गराएर दलाल पुँजीवादमा पतन गराउने षड्यन्त्र गरेकाले उनीहरूलाई कारबाही गरी पार्टी पुनर्गठन गरिएको बताए। पत्रकारहरूको प्रश्नको जबाफ दिँदै नेकपा (बहुमत) का संयोजक कञ्चनले आफूले नेतृत्व गरेको पार्टीमा विचार र सिद्धान्तको समेत बहुमत रहेको प्रस्ट पारे। कथित स्थानीय तहको चुनावपछि चन्दहरूले पश्चातापबोध गरे भने पनि उनीहरू संसद्‌वादी बनिसकेको तथ्य इतिहासमा दर्ता भइसकेको उनको भनाइ थियो।

पत्रकार सम्मेलनमा नवौँ महाधिवेशन आयोजक समितिका ८१ मध्ये अधिकांश सदस्य, सल्लाहकार समितिका अध्यक्ष ईश्वरीप्रसाद दाहाल 'असारे', नेता हेमन्तप्रकाश ओली 'सुदर्शन' लगायत पार्टी नेता, कार्यकर्ता, शुभचिन्तक र समर्थकहरू सहभागी थिए। कार्यक्रमको सञ्चालन नेकपा (बहुमत) का नेता सुदर्शनले गरेका थिए। उनले चन्द नेतृत्वको पार्टी पुनर्गठन गरेर क्रान्तिकारी पार्टी निर्माण गर्नुपर्नाका कारणहरू प्रस्तुत गरेका थिए।

नेकपा (बहुमत) ले पत्रकार सम्मेलनमा वितरण गरेको प्रेस विज्ञप्तिमा संसदीय व्यवस्थाको स्थानीय चुनाव प्रयोग गर्ने प्रस्ताव तत्कालीन महासचिव विप्लवको नाङ्गिने बिन्दु भए पनि उनको वैचारिक तथा राजनीतिक विचलनका सङ्केतहरू आठौँ महाधिवेशनदेखि नै देखिन थालेको उल्लेख छ। विज्ञप्तिमा विप्लवले कणिकाहरूदेखि ब्रह्माण्डसम्म लागू हुने भौतिकवादी द्वन्द्ववादको नियम 'विपरीतहरूको एकत्व' लाई पार्टीभित्र लागू गर्न नचाहेको, पार्टीभित्र विकास हुने दुई लाइन सङ्घर्षलाई हटाएर अन्तरसङ्घर्ष मात्र भनेको, पार्टीभित्र आलोचना तथा आत्मालोचनाको पद्धतिलाई हटाएको, समाजवादीहरू संसद्‌मा पुगेर संसदीय व्यवस्थालाई निलेपछि वैज्ञानिक समाजवाद शान्तिपूर्ण तरिकाले ल्याउन सकिन्छ भनी दस्ताबेजीकरण गरेको, एकीकृत जनक्रान्तिलाई मनचिन्ते झोली बनाउँदै यसको ठोस विश्लेषण नगरेको, निजी स्वामित्व र सामूहिक स्वामित्वको आर्थिक समायोजन गर्ने समन्वयवादी नीति लिएकोलगायत सैद्धान्तिक गल्तीहरू स्पष्ट रूपमा देखिएको उल्लेख छ।

त्यसैगरी विज्ञप्तिमा पार्टीभित्र निरन्तर चल्ने मात्रात्मक सङ्घर्ष संसदीय चुनाव उपयोगको नीतिमा आएर गुणात्मक विस्फोट भएको र यहाँ आइपुग्दा विप्लव प्रवृत्ति दार्शनिक रूपले सारसङ्ग्रहवाद, राजनीतिक रूपले संसदीय संशोधनवाद, सङ्गठनात्मक रूपले निषेधात्मक अधिभूतवाद तथा विसर्जनवाद, सङ्घर्षका दृष्टिले आत्मसुरक्षावाद र आर्थिक दृष्टिले जुझारु अर्थवादका रूपमा देखापरेको उल्लेख छ। विज्ञप्तिमा उग्रवामपन्थी अवसरवादले उग्र दक्षिणपन्थी अवसरवादमा छलाङ मारको कारणले गर्दा आफूहरूका अगाडि क्रान्तिकारी सिद्धान्तमा आधारित क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्नुको विकल्प नरहेपछि चन्दहरूलाई कारबाही गरीस् पार्टी पुनर्गठन गरिएको उल्लेख छ।

नेकपा (बहुमत) का संयोजक कञ्चनद्वारा जारी विज्ञप्तिमा भनिएको छ :

पार्टीका पत्रकार मित्रहरूमार्फत आमजनसमुदाय !

न्यानो अभिवादन !

हामी सबै भुक्तभोगी छौँ- नेपाली कम्युनिस्ट आन्दोलनमा संसदीय संशोधनवादी रोगले वैज्ञानिक समाजवादी क्रान्तिमा भयङ्कर क्षति पुर्‍याएको छ। पछिल्लो जनआशाको बत्ती बनेको नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन महासचिवमा पनि त्यही रोग सङ्क्रमण भयो। आठौँ केन्द्रीय समितिको १२ औँ कपिलवस्तु बैठकमा उनले दलाल संसदीय व्यवस्थाअन्तर्गत 'स्थानीय चुनावलाई प्रयोग गर्ने' राजनीतिक प्रस्ताव पेस गरे। त्यसका विरुद्ध उक्त बैठकमा अत्यधिक केन्द्रीय सदस्यहरूले प्रस्तावको विपक्षमा आफ्नो मत प्रकट गरे। उक्त मतमा उनीहरूले तत्कालीन नेकपाका नेता विप्लव संसदीय संशोधनवादी दलदलमा धस्सिने सम्भावना बढेकाले त्यसबाट उद्धार गर्न पार्टीलाई 'दलाल संसदीय राज्यसत्ताको निर्वाचन आयोगमा दर्ता गरी चुनावमा भाग नलिने, यस व्यवस्थाको भण्डाफोर गर्ने र देशभक्त तथा जनपक्षीय उम्मेदवार पहिचान भएमा तिनलाई समर्थन गर्न सकिने' विचार प्रकट गरे। त्यसमा उनी मञ्जुर भएपछि विचारहरूले निर्णयात्मक रूप लिए। त्यो निर्णय भएको चार दिनपछि नै १८ चैत, २०७८ को प्रशिक्षणमा नेता विप्लवबाटै निर्णय उल्लङ्घन गरियो। केही दिनपछि उनकै निर्देशनमा तत्कालीन प्रवक्ता प्रकाण्ड निर्वाचन सार्नका लागि हारगुहार गर्दै निर्वाचन आयोग पुगे र चुनावमा भाग लिने मात्र होइन, बरु मोर्चा कसेर भाग लिने हो भनी कुर्लिए। १२ औँ बैठकपूर्व नै षड्यन्त्रअनुसार निर्वाचन आयोगबाट स्वतन्त्र उम्मेदवारहरूका लागि देशैभरि एउटै चिह्न लिने व्यवस्था भएबमोजिम उनीहरूले केन्द्रीय सदस्यहरूसहित स्थानीय चुनावमा भाग लिएका छन्। संसदीय व्यवस्थाअन्तर्गत हुने कुनै पनि तहको निर्वाचन आज संसदीय व्यवस्थाकै सेवा गर्ने साधन बनिसकेकाले साम्यवादी पार्टीको वैज्ञानिक समाजवाद प्राप्तिका लागि उपयोगी बन्न सक्ने दिन गइसकेका छन्। संसारभरि र नेपालमा साम्यवादी दलहरू संसदीय व्यवस्थामा पुगिसकेपछि बत्तीका पुतली साबित भएका छन्। त्यसकारण संसद्‌वादी चुनाव कार्यनीति मात्र होइन, बरु रणनीतिक महत्वको कार्यनीति बनेको छ। स्टालिनले भनेझैँ 'यसमा भाग लिनु भनेको नजानिँदो ढङ्गले प्रतिक्रियावादी संसद्‌लाई सेवा गर्नु, जनसमुदायको क्रान्तिकारी भावनालाई कमजोर पार्नु, जनताको क्रान्तिकारी चेतनालाई धमिलो बनाउनु, कुनै पनि क्रान्तिकारी सङ्गठन निर्माण गर्न असमर्थ हुनु र सामाजिक जीवनको विकासका विरुद्ध जानु हो।'

संसदीयव्यवस्थाकोस्थानीयचुनावप्रयोग गर्ने प्रस्ताव तत्कालीन महासचिव विप्लवको नाङ्गिने बिन्दु भए पनि उनको वैचारिक तथा राजनीतिक विचलनका सङ्केतहरू आठौँ महाधिवेशनदेखि नै देखिन थालेका थिए। मूलतः कणिकाहरूदेखि ब्रह्माण्डसम्म लागू हुने भौतिकवादी द्वन्द्ववादको नियम 'विपरीतहरूको एकत्व' लाई पार्टीभित्र लागू गर्न नचाहनु, पार्टीभित्र विकास हुने दुई लाइन सङ्घर्षलाई हटाएर अन्तरसङ्घर्ष मात्र भन्नु, पार्टीभित्र आलोचना तथा आत्मालोचनाको पद्धतिलाई हटाउनु, समाजवादीहरू संसद्‌मा पुगेर संसदीय व्यवस्थालाई निलेपछि वैज्ञानिक समाजवाद शान्तिपूर्ण तरिकाले ल्याउन सकिन्छ भनी दस्ताबेजीकरण गर्नु, एकीकृत जनक्रान्तिलाई मनचिन्ते झोली बनाउनु र यसको ठोस विश्लेषण नगर्नु, निजी स्वामित्व र सामूहिक स्वामित्वको आर्थिक समायोजन गर्ने समन्वयवादी नीति लिनुजस्ता सैद्धान्तिक गल्तीहरू स्पष्ट रूपमा देखिँदै आएका थिए। पार्टीभित्र निरन्तर चल्ने मात्रात्मक सङ्घर्ष संसदीय चुनाव उपयोगको नीतिमा आएर गुणात्मक विस्फोट भयो। यहाँ आइपुग्दा विप्लव प्रवृत्ति दार्शनिक रूपले सारसङ्ग्रहवाद, राजनीतिक रूपले संसदीय संशोधनवाद, सङ्गठनात्मक रूपले निषेधात्मक अधिभूतवाद तथा विसर्जनवाद, सङ्घर्षका दृष्टिले आत्मसुरक्षावाद र आर्थिक दृष्टिले जुझारु अर्थवादका रूपमा देखापर्‍यो। आखिर उग्रवामपन्थी अवसरवादले उग्र दक्षिणपन्थी अवसरवादमा छलाङ मार्‍यो। यही कारणले गर्दा हाम्रो अगाडि क्रान्तिकारी सिद्धान्तमा आधारित क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्ने चुनौती खडा भयो। हामीले यी चुनौतीको सामना गर्‍यौँ।

उपर्युक्त कार्यभार पूरा गर्ने प्रक्रियामा यही वैशाख २१ देखि २३ सम्म नेपाल कम्युनिस्ट पार्टीको विशेष राष्ट्रिय भेला सम्पन्न भएको छ। केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष कमरेड असारेको अध्यक्षता र उक्त सल्लाहकार समितिका सचिव कमरेड पवनको उद्घोषणमा विशेष राष्ट्रिय भेला अन्तर्राष्ट्रिय गीतबाट उद्घाटन भयो। सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनीहरूका परिवारसँग काँधमा काँध मिलाएर सहिदहरूका सपना पूरा गर्ने, बेपत्ता योद्धाहरूप्रति सम्मान प्रकट गर्दै उनीहरूका परिवारहरूसँग हातमा हात मिलाएर बेपत्ताहरूको अवस्था प्रकाशमा ल्याउने र उनीहरूका सपना पूरा गर्ने, घाइते, अपाङ्ग योद्धाहरूलाई सम्मान गर्दै उनीहरूका परिवारसँग सहानुभूतिका साथ घाइते-अपाङ्ग योद्धाहरूको उपचार गर्न राज्यसँग माग गर्ने र उनीहरूका अधुरा सपना पूरा गर्ने, राजबन्दी कमरेडहरूको त्याग-तपस्यालाई सम्मान गर्दै उनीहरूका परिवारसँग सहानुभूतिका साथ राजबन्दीहरूको शीघ्र रिहाइ र झूट्टा मुद्दा खारेजीका लागि सङ्घर्ष गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। तीन सयभन्दा बढी प्रतिनिधि र ५० भन्दा बढी स्वयम्सेवकको उपस्थितिमा उक्त भेलालाई राष्ट्रिय भेला आयोजक समितिका सदस्य सुदर्शनले स्वागत अभिवादन गर्नुभएको थियो। उद्घाटन सत्र सकिएपछि विशेष राष्ट्रिय भेला आयोजक समितिका संयोजक कञ्चनद्वारा 'वैज्ञानिक समाजवादको बाटोमा अघि बढौँ !, संसदीय संशोधनवादका विरुद्ध सङ्घर्ष गरौँ !' शीर्षकको राजनीतिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। त्यसमा प्रतिनिधिहरूलाई १५ समूहमा विभाजन गरी जनवादी वातावरणमा बहस गरिएको थियो। आयोजक समितिका सदस्यहरू र प्रतिनिधिहरूको समूहबाट चुनिएका प्रतिनिधिहरूको बहसपछि राजनीतिक प्रतिवेदन एकमतले पारित गरिएको छ जसअनुसार, नेपाली शोषित-उत्पीडित श्रमजीवी जनताको अग्रदस्ताको नाम नेपाल कम्युनिस्ट पार्टी (बहुमत) रहेको छ। यसको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हुनेछ। यसको कार्यक्रम, कार्यदिशा र कार्यनीति क्रमशः वैज्ञानिक समाजवाद (जनवादी कार्यभारसहितको समाजवादी क्रान्ति), एकीकृत जनयुद्ध र स्वाधीन संयुक्त सरकार हुनेछ। यसको कार्यनीतिक कार्यक्रम-राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, समृद्धि र स्वाधीनता हुनेछ।

विशेष राष्ट्रिय भेलाले क्रान्तिकारी कम्युनिस्टहरूबीच आपसी संवाद, संयुक्त कार्यक्रम, संयुक्त मोर्चा निर्माण, पार्टी एकताका लागि पहलकदमी लिई बृहत् कम्युनिस्ट एकता गर्न निर्देशन गरेको छ। त्यसपछि विशेष राष्ट्रिय भेलाको अध्यक्षमण्डलको निर्देशनबमोजिम आयोजक समितिका सदस्य क. सुदर्शनले राखेको ८१ सदस्यीय नवौँ महाधिवेशन आयोजक समितिको प्रस्ताव एकमतले पारित गरेको छ। तुरुन्तै उक्त समितिको बैठकले क. कञ्चनलाई संयोजक चयन गरेको छ।


## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं सुताएर, घोप्ट्याएर प्रयोग नगरौं
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **वसन्त श्रेष्ठ**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **झनक श्रेष्ठ**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ